# लिगल आइ

## नेबाए निर्वाचन–२०७५
## विशेषाङ्क

प्रकाशक
**नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन**
थापाथली, काठमाडौं, नेपाल

**लिगल आइ**

**नेबाए निर्वाचन–२०७५ विशेषाङ्क**

| | | |
|---|---|---|
| प्रकाशन | : | २०७५ फागुन |
| सर्वाधिकार | : | नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन |
| आवरण डिजाइन | : | देवेन्द्र थुम्केली |
| लेआउट | : | आनन्द शर्मा, एड. चौतारी प्रा. लि., कमलपोखरी, ०१–४४२६१९१ |
| मुद्रण | : | उपलब्धि प्रकाशन सेवा, गैरीधारा, काठमाडौं |
| प्रकाशक | : | नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन, थापाथली, काठमाडौं |
| फोन | : | ०१–४२५१०८४ |

## प्रकाशन समिति

| | | |
|---|---|---|
| संयोजक | : | राजु कटवाल |
| सह संयोजक | : | शर्मिला थापा विष्ट |
| सदस्य | : | शर्मिला गौतम बस्याल |
| सदस्य | : | सन्तोष तिवारी |
| सदस्य | : | आर.सी. बिमल (पौडेल) |
| सदस्य | : | हेमन्तराज दाहाल |
| सदस्य | : | आर.सी. गौतम |
| सदस्य | : | सेमन्त दाहाल |
| सदस्य | : | निर्मला भण्डारी |
| सदस्य | : | दुर्गाप्रसाद पोखरेल |
| सदस्य | : | अशोककुमार मेहता |
| सदस्य | : | अच्युतम आचार्य |
| सदस्य | : | सरोज अधिकारी |
| सदस्य | : | विनोद कार्की |
| सदस्य | : | ध्रुवराज शर्मा पराजुली |
| सदस्य | : | विश्वजित तिवारी |
| सदस्य | : | रेशमराज गिरी |
| सदस्य | : | सन्तोष पाण्डे |
| सदस्य | : | अन्जना अर्याल |
| सदस्य | : | माया घिमिरे |
| सदस्य | : | विवस बस्नेत |
| सदस्य | : | विनोद कर्ण |
| सदस्य | : | गोकुल भण्डारी |
| सदस्य सचिव | : | दिब्यराज घिमिरे |

## सम्पादक मण्डल

संयोजक : अधिवक्ता विकास भट्टराई
सदस्य : अधिवक्ता ऋषिराम घिमिरे
सदस्य : अधिवक्ता कमलप्रसाद इटनी
सदस्य : अधिवक्ता प्रताप पौडेल
सदस्य : अधिवक्ता सरिता खनाल

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

फाल्गुण २८, २०७५

**शुभकामना !**

नेपाल बार एशोसिएसनको निर्वाचनको अवसर पारेर नेपाल डेमोक्रेटिक लयर्स एशोसिएसनले “लिगल आई” को निर्वाचन विशेषांक प्रकाशन गर्न लागेको थाहा पाउदा अत्यन्त खुशी लागेको छ ।

यतिखेर मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयनको चरणमा छ । संविधान कार्यान्वयनको यो चरणमा संविधानको मर्म र भावना अनुरुपको कानूनी तथा संस्थागत प्रवन्ध गर्दै लोकतन्त्रका उपलव्धीहरुको रक्षा, कानूनी शासन र संवैधानिक सर्वोच्चता कायम गर्ने चुनौतीपूर्ण दायित्व हाम्रो काँधमा छ । संसदले यतिवेला संविधान अनुकुल थुप्रै कानूनहरु निर्माण र संशोधन गरिरहेको छ । संविधान र संघीयता विरोधी सरकारका गतिविधिहरुका विरुद्ध नेपाली कांग्रेसले संसद र संसद वाहिर सशक्त ढंगले प्रतिवाद गर्दै आएको छ । यस अवस्थामा लोकतन्त्र, स्वतन्त्र न्यायपालिका र कानूनी शासनको रक्षा गर्न निर्भिक र सशक्त कानून व्यवसायीहरुको साझा संस्था नेपाल बार एशोसिएसन आवश्यक छ । नेपाल बार एशोसिएसनको यस पटकको निर्वाचन नियन्त्रीत र निर्देशीत व्यवस्थाका विरुद्ध लोकतन्त्र, स्वतन्त्र र निर्भिक न्यायपालिकाका पक्षमा विवेकपूर्ण अभिमत प्रकट गर्ने अवसर हो ।

निर्वाचनको सम्मुखमा प्रकाशित हुन लागेको यस “लिगल आई” ले कानून तथा न्यायको क्षेत्रमा सम्बद्ध सबैलाई बौद्धिक खुराक उपलब्ध गराउन सकोस् । हिजोका दिनमा जस्तै आगामी दिनमा पनि नेपाल डेमोक्रेटिक लयर्स एशोसिएसन जनताको अधिकार रक्षा गर्न, न्यायपालिकाको स्वतन्त्रता अक्षुण राख्न र कानून व्यवसायीहरुको हित र क्षमता अभिवृद्धि गर्न थप कटिवद्धताका साथ अग्रसर हुन सकोस् । “लिगल आई” को निरन्तरता र पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

**जय नेपाल !**

शेरवहादुर देउवा
**सभापति**

टेलिफोन : (००९७७–१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
**e-mail:** ncparty@wlink.com.np /info@nepalicongress.org / **Internet Access: http://www.nepalicongress.org**

# शुभकामना



**योगेन्द्र बहादुर अधिकारी**
**अध्यक्ष**
डीएलए नेपाल

२०७५ साल चैत्र १६ गते सम्पन्न हुन गइरहेको नेपाल बार एशोसिएशनको निर्वाचनको सुखद् उपलक्ष्यमा नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनअन्तर्गतको प्रकाशन समितिले लिगल आइ निर्वाचन विशेषाङ्क प्रकाशन गर्न लागेको थाहा पाउँदा अत्यन्त खुशी लागेको छ । लिगल आइको प्रकाशनबाट कानून तथा न्यायको क्षेत्रमा सम्बद्ध सबैलाई बौद्धिक खुराक उपलब्ध हुनेछ भन्ने विश्वास लिएका छौं ।

न्यायप्रणालीमाथि प्रत्यक्ष/परोक्ष रूपमा कार्यपालिकीय/व्यवस्थापकीय हस्तक्षेप त भएकै छन्, स्वयम् न्यायपालिका माथिको विश्वसनीयतामा प्रश्न उठाउने प्रयास पनि विभिन्न क्षेत्रबाट समेत भएका छन् । यस्तो विषम परिस्थितिमा संविधान र कानूनको पालना गराउन तथा लोकतन्त्रको संरक्षणका लागि अग्रसरता लिने गुरूत्तर जिम्मेवारी नेपाल बार एशोसिएशनको हो । यसका लागि बारको यो निर्वाचन आफैंमा महत्वपूर्ण छ । नेबाएको यस निर्वाचनमा **'नियन्त्रित र निर्देशित शासन व्यवस्थाविरूद्ध हाम्रो प्रतिवद्धता, स्वतन्त्र, निर्भिक तथा भ्रष्टाचारमुक्त न्यायपालिका आजको आवश्यकता'** भन्ने मूल नाराका साथ बृहत लोकतान्त्रिक समावेशी तथा पेशागत समूह निर्वाचनमा होमिएको छ । यो स्वतन्त्र, भ्रष्टाचार मुक्त र निर्भिक न्यायपालिकाको पक्षमा उभिने वा नियन्त्रित र निर्देशित न्यायप्रणालीको पक्षमा उभिने भन्ने निर्णय गर्ने बेला पनि हो ।

यस प्रकाशनले संविधान कार्यान्वयन, स्वतन्त्र न्यायपालिकाको संरक्षण तथा कानून व्यवसायीहरूको हक हितका लागि क्रियाशिल रहन थप उर्जा दिनेछ भन्ने विश्वास लिएका छौं । लिगल आइ कानूनमा रूचि राख्ने सबैका लागि संग्रहणीय हुन सकोस् । प्रकाशनको सफल निरन्तरताको कामना ।

# शुभकामना



**लक्ष्मीदेवी दाहाल (रावल)**
**महासचिव**
डीएलए नेपाल

डिएलए नेपालअन्तर्गतको प्रकाशन समितिले नेपाल बारको निर्वाचनलाई लिएर लिगल आइको प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । यस प्रकाशनमा वरिष्ठ अधिवक्ताज्यू लगायत अधिवक्ताहरूले लोकतन्त्र, कानूनी शासन, स्वतन्त्र न्यायपालिका, मानवअधिकार, प्रेस स्वतन्त्रता जोगाउनको लागि नेपाल बारमा लोकतन्त्रवादी कानून व्यवसायीहरूको जीत सुनिश्चित रहेको छ । निश्चय पनि हालको अवस्थामा नेपाल बारका तीन निकाय कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको एक–अर्काको स्वतन्त्रता स्वीकार्ने खालका कानून व्यावसायीहरूको जीत हुन आवश्यक छ । तसर्थ नेबाएको आसन्न निर्वाचन **'नियन्त्रित र निर्देशित शासन व्यवस्थाविरूद्ध हाम्रो प्रतिवद्धता, स्वतन्त्र, निर्भिक तथा भ्रष्टाचारमुक्त न्यायपालिका आजको आवश्यकता'** मूल नारासहित अगाडि बढेको छ ।

२०४७ साल मंसिर ५ गते स्थापना भएको नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनले नेपाल बार एशोसिएशनसँगको सहकार्य गर्दै सदैव लोकतन्त्रको आन्दोलनमा होमिदै आएको छ । स्वतन्त्र, निर्भिक तथा सक्षम न्यायप्रणालीको विकास, संरक्षण र सम्बर्द्धन, कानून व्यवसायीहरूको हक–हित एवम् पेसागत सुरक्षा लगायतका विषयमा नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन थप क्रियाशिल हुनेनै छ । संविधानको मर्म र भावना अनुरूपका कानून निर्माण र कार्यान्वयनमा अग्रसरता, अभिव्यक्ति स्वतन्त्रतालाई निरूत्साहित गर्ने कार्यविरूद्ध खबरदारी र न्यायालयको गरिमा बढाउनको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न डीएलए सदैव दृढ सङ्कल्पित छ । तसर्थ यस विशेषाङ्कमा समावेश भएका लेख, रचना तथा अन्तर्वार्ताहरूले बौद्धिक जगतमा सकारात्मक सन्देश जानेमा विश्वस्त छु । साथै यस लिगल आइ प्रकाशनको सफलताको लागि शुभकामना ।

# नेपाल डेमोक्र्याटिक लयर्स एशोशिएन
# केन्द्रीय कार्यसमिति (२०७५-२०७८)



**योगेन्द्र बहादुर अधिकारी**
अध्यक्ष



**सुरेश कुमार पौडेल**
वरिष्ठ उपाध्यक्ष



**डा. सुषमा बराल (बास्कोटा)**
महिला उपाध्यक्ष



**मुरारी खड्का**
उपाध्यक्ष



**राजन प्रसाद दाहाल**
उपाध्यक्ष



**राजु कटुवाल**
उपाध्यक्ष



**फणिन्द्र राज कोईराला**
उपाध्यक्ष



**गोकर्ण सिंह थापा**
उपाध्यक्ष



**खड्ग बहादुर सिजापती**
उपाध्यक्ष



**बीर बहादुर जेठरा**
उपाध्यक्ष



**लक्ष्मीदेवी दाहाल (रावल)**
महासचिव



**सुधा खतिवडा**
कोषाध्यक्ष



**खड्ग बहादुर बुढाथोकी (सुवास)**
सचिव



**विष्णु बस्याल**
महिला सचिव

# नेपाल डेमोक्र्याटिक लयर्स एशोशिएन
## केन्द्रीय कार्यसमिति (२०७५–२०७८)


भरत प्रसाद खरेल (पदेन)
सदस्य


निर्मल गौतम
सदस्य


अश्वीनी कुमार भट्टराई
सदस्य


राम बन्धु शर्मा
सदस्य


किर्तिनाथ शर्मा
सदस्य


लोक बहादुर शाह
सदस्य


शर्मिला थापा बिष्ट
सदस्य


दमन राज बम
सदस्य


अब्दुल अजीज आलम
सदस्य


यज्ञ लक्ष्मी चौलागाई
सदस्य


उद्धब राज भट्ट
सदस्य


नागेन्द्र प्रसाद यादव
सदस्य


शर्मिला गौतम बस्याल
सदस्य


अर्जुन कुमार बास्कोटा
सदस्य


मनोजकुमार चौधरी
सदस्य


सन्तोष कुमार पाण्डे
सदस्य


रन बहादुर थेबे
सदस्य


शारदा कुमारी पौडेल
सदस्य


अमृत बहादुर नेपाली
सदस्य


सरोज अधिकारी
सदस्य


रुपेश लामा
सदस्य


जगदिश बम
सदस्य


सन्तोष तिवारी
सदस्य


कुमार मगर
सदस्य


दिव्य राज घिमिरे
सदस्य

# प्रकाशकीय



**अधिवक्ता राजु कटुवाल**
**संयोजक, प्रकाशन समिति**

लोकतन्त्रमा शक्ति पृथकीकरण र सन्तुलन महत्वपूर्ण पक्ष हुन् । स्वतन्त्र न्यायपालिका लोकतन्त्रको आत्मा हो । कुनै पनि वहानामा स्वतन्त्र न्यायलय माथिको हस्तक्षेप लोकतन्त्र माथिकै प्रहार हो । न्यायलय कार्यपालिकाको छायाँबाट मुक्त हुनै पर्दछ अन्यथा न्यायिक निर्णय स्वच्छ र पारदर्शी बन्न सक्दैन । जव स्वतन्त्र न्यायपालिका माथि प्रहार हुन्छ, लोकतान्त्रिक अधिकारहरू कुन्ठित हुन्छन अनि मानवअधिकारको प्रत्याभुति हुदैन । नेपाल बार त्यसको रक्षा कवचको रूपमा निरन्तर उभिनुपर्दछ ।

वि.सं २०१३ साल पुस ७ गते नेपाल बार एशोसिएशन स्थापना भएपश्चात कानून व्यवसायीहरूलाई यस संस्थाले संगठित गर्दै लोकतन्त्र, मानवअधिकार र न्यायपूर्ण समाजको निर्माणका लागि दृढ सङ्कल्पका साथ क्रियाशिल छ । लोकतन्त्र, विधिको शासन, मानवअधिकार, स्वतन्त्र न्यायपालिका र संवैधानिक सर्वोच्चतालाई मूल मन्त्र मान्दै नेपाल बारले २०३६ सालको जनमत संग्रह होस वा २०४२ सालको सत्याग्रह वा २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलन, आम कानून व्यवसायीहरूलाई मात्र होइन नागरिक समाजकालाई समेत गोलवद्ध गर्दै आन्दोलनको अग्रणी नेतृत्व गरेको इतिहास छ । नेपालको संविधानिक र राजनीतिक यात्रामा नेपाल बारले गरेको योगदान अतुलनीय छ ।

२०४७ साल मंसिर ५ गते स्थापना भएको नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनले नेपाल बार एशोसिएशनसँग सहकार्य गर्दै लोकतन्त्रको आन्दोलनमा होमिदै आएको छ ।

स्वतन्त्र, निर्भिक तथा सक्षम न्यायप्रणालीको विकास, संरक्षण र सम्बर्द्धनका साथै कानून व्यवसायीहरूको हक हित एवं पेसागत सुरक्षा लगायतका विषयमा नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन क्रियाशिल रहँदै आएको छ । संविधानको मर्म र भावना अनुरूपका कानून निर्माण र कार्यान्वयनमा अग्रसरता, अभिव्यक्ति स्वतन्त्रतालाई निरूत्साहित गर्ने तथा सुशासनका लागि अत्यावश्यक स्वतन्त्र नियामक निकायको सञ्चालनमा कानूनी मर्म विपरितको हस्तक्षेपविरूद्ध खबरदारी गर्दै शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम न्यायपालिकाको स्वतन्त्रतामा कुनैपनि प्रकारको कार्यपालिकीय तथा व्यवस्थापिकाको हस्तक्षेप, नियन्त्रण र प्रभावको विरूद्ध डिएलए दृढ सङ्कल्पित छ ।

आगामी चैत्र १६ गते सम्पन्न हुन गइरहेको नेपाल बार एशोसिएशनको निर्वाचनको सुखद उपलक्ष्यमा लिगल आइको यस अंकलाई निर्वाचन विशेषांकको रूपमा प्रकाशन गर्ने जमर्को गरेका छौं । लिगल आइको प्रकाशनवाट कानून तथा न्यायको क्षेत्रमा सम्बद्ध सबैलाई बौद्धिक खुराक उपलब्ध हुने विश्वास लिएका छौं ।

यतिवेला नेपाल संविधान कार्यान्वयनको चरणमा छ । नेपाली जनताको लामो संघर्षपश्चात संविधानसभावाट संविधान जारी भै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयनको यो चरणमा संविधानको मर्म र भावना अनुरूपको कानूनी तथा संस्थागत प्रवन्ध गर्न, लोकतन्त्रका उपलव्धीहरूको रक्षा गर्न, कानूनी शासन र संवैधानिक सर्वोच्चता कायम गर्न सशक्त निर्भिक बार आवश्यक छ । नेबाएको यस निर्वाचनमा **'नियन्त्रित र निर्देशित शासन व्यवस्थाविरूद्ध हाम्रो प्रतिवद्धता, स्वतन्त्र, निर्भिक तथा भ्रष्टाचारमुक्त न्यायपालिका आजको आवश्यकता'** भन्ने मूल नाराका साथ बृहत लोकतान्त्रिक समावेशी तथा पेशागत समूह निर्वाचनमा होमिएको छ । यस निर्वाचन आफैंमा नियन्त्रित र निर्देशित व्यवस्थाका विरूद्ध लोकतन्त्र, स्वतन्त्र र निर्भिक न्यायपालिकाका पक्षमा विवेकपूर्ण अभिमत प्रकट गर्ने समयसमेत हो । संविधानका उपलव्धीहरूलाई कार्यान्वयन गर्न, जनताको अधिकार रक्षा गर्न, न्यायपालिकाको स्वतन्त्रता अक्षुण राख्न र कानून व्यवसायीहरूको हित र क्षमता अभिवृद्धि गर्न हिजो जस्तै आज पनि नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन पूर्ण प्रतिवद्ध छ ।

अन्त्यमा, यस निर्वाचन विशेषाङ्कका लागि लेखरचना र अन्य सामाग्री उपलब्ध गराउनुहुने र विचार प्रदान गर्नुहुने सबैप्रति हार्दिक आभार प्रकट गर्दछौं । अहोरात्र खटेर यो लिगल आइलाई यो स्वरूप प्रदान गर्ने सम्पादन मण्डललगायत प्रकाशन कार्यमा सक्रिय सबैप्रति ऋणी छौं । धन्यवाद ।

# सम्पादकीय



**अधिवक्ता विकास भट्टराई**
**संयोजक, सम्पादक मण्डल**

यही वर्ष अर्थात २०७५ साल चैत १६ गते हुने नेपाल बार एशोसिएशनको निर्वाचनमा देशभर सर्वसाधारणसमेतले चासो लिएका छन् । कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकामा रहेका तथा आम बुद्धिजीवीहरूको चासो हुनु त स्वभाविकै हो, त्यसमा पनि सर्वसाधारणले समेत चासो लिंदा नेपाल बारको निर्वाचन साँच्चिकै व्यवस्थापिकालाई हुने निर्वाचनभन्दा कम महत्वको छैन भन्ने पुष्टि हुन्छ । संविधान तथा कानूनको व्याख्याका लागि अदालतलाई सघाउ पुऱ्याउने कानून व्यवसायीहरूको छाता संगठन नेपाल बारमा अवको नेतृत्व कसको हुन्छ भन्नेमा आम चासो पनि देखिएको छ ।

व्यवस्थापिकामा कुनै पनि राजनीतिक पार्टीले बहुमत ल्यायो भने सो पार्टीमा केही न केही घमण्ड अवस्य हुन्छ । त्यसमा पनि दुई तीहाई भयो भने उन्मात पनि थपिन्छ । २०४८ सालको आम निर्वाचनमा नेपाली काँग्रेसले स्पष्ट बहुमत ल्याएको थियो । उसलाई केही न केही घमण्ड चलेका कारण बीचैमा संसद विघटन हुन पुग्यो । त्यतिबेला भरखर भरखर बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएका कारण नेपाल बार पनि अलमलमा परेकाले खवरदारी गर्न सकेन वा भ्याएन । त्यस्तै अन्य बुद्धिजीवीहरू पनि सरकारको संसद विघटन गर्ने कार्यको विरोधमा खासै अगाडि आउन सकेनन् । त्यसले गर्दा सम्बन्धित पार्टीमा केही न केही धक्का महसुस भएको थियो ।

हाल संघीय, प्रदेश तथा स्थानीय तहमा कम्युनिस्टहरूको सरकार रहेका छन् । संघीय सरकारमा समेत दुई तीहाईको सरकार रहेको छ । यसले गर्दा बर्तमान सरकारमा अवस्य पनि घमण्ड चढ्दछ । घमण्ड मात्र होइन उसमा उन्मात पनि थपिन्छ । उदाहरणको रूपमा विगतमा वर्तमान सरकारले गरेका केही कार्यहरूलाई लिन सकिन्छ । २०७५ साल असार २० गते सरकारी मातहतमा रहेका प्राय सबै संस्थान, बोर्ड, समितिलगायतका निकायका

पदाधिकारीहरूलाई एकसाथ हटाउने निर्णय, शान्तिपूर्ण रूपमा भेला हुन पाउन अधिकार खोसिनु आदि कार्यलाई जायज मान्न सकिन्न । हुनतः यस्ता विषयहरू सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा छन् । अन्तिम सुनुवाई हुँदा संविधान र कानून बमोजिम उसले निर्णय त गर्ने नै छ, तर पनि प्रारम्भिक रूपमा सर्वोच्च अदालतसमेत अन्तरिम आदेश दिएर त्यस्ता निर्णयहरूलाई रोक लगाएको अवस्थालाई झल्काउन मात्र खोजिएको हो ।

कुनै पनि निकायका पदाधिकारीलाई हटाउने विधि छन्, प्रकृया छन । यस्ता विधि तथा प्रकयालाई वास्तै नगरी हचुवाको भरमा कुनै पनि पदाधिकारीलाई हटाउँने कार्य दुई तीहाईको मात हो कि भन्ने आशंका सर्वत्र थियो । बहुमत हुँदा वा दुई तीहाई हुँदा कहिले काँही स्वच्छ मनले अर्थात कुनै पनि छलकपट नभई संविधान वा कानूनको परिधिभन्दा बाहिर गएर काम गर्न मन लाग्न सक्छ । 'मसँग बहुमत वा दुई तीहाईको सरकार छ, यसो गर्दा पछि विवाद भए पनि मेरो नै जित हुन्छ, अदालतले पनि मेरो कार्यलाई नै सहयोग गरिहाल्छ नी' भनेर सोच विचार गरेर संविधान वा कानूनको सीमा रेखाभन्दा बाहिर गएर कार्य गर्न खोजिन्छ वा मन लाग्छ । हुन त जुनसुकै पार्टीको बहुमत वा दुई तीहाईको सरकार भए पनि कहिले काँही पेलेरै लान पनि खोजिन्छ । यस्तो अवस्थामा प्रतिपक्षी पार्टीको भनाई पनि खासै सुनिने गरिदैन । कपटपूर्ण तवरबाट वा स्वच्छ मन लिई जुनसुकै किसिमबाट संविधान तथा कानून विपरित कार्य गर्न कसैलाई पनि छुट छैन । संवैधानिक सर्वोच्चता र कानूनको शासन भएको देशमा यस्ता सबै कार्य मान्य हुन सक्दैन ।

कानून व्यवसायीहरूलाई संविधान तथा कानून प्रति चासो हुन्छ । उनीहरू प्राय हरेक समय त्यही विषयमा मात्र आफ्नो कार्य गर्ने भएकाले सरकारले संविधान र कानूनी विषयमा गरेका निर्णयको बारेमा चासो राख्नु स्वभाविकै हुन्छ । सरकारले हरेक कार्य संविधान र कानून अनुसार गरोस् भन्ने सोचाई कानून व्यवसायीमा हुन्छ । यदि सरकार त्यसमा विचलित भयो भने कानून व्यवसायीले खवरदारी गर्नुपर्छ । सरकारले गरेका त्यस्ता कार्यविरूद्ध कानून व्यवसायीले गरेका खवरदारीलाई अन्यथा भन्न मिल्दैन । गलत कार्यविरूद्ध कानून व्यवसायीहरू सडकमा पनि ओर्लन सक्नुपर्छ ।

अव प्रश्न उठ्छ, संविधान र कानूनविरूद्ध भएका कार्यलाई कुन कानून व्यवसायीले जोडदार रूपमा विरोध गर्छ ? निश्चय पनि कम्युनिस्टहरूको दुई तीहाईको सरकार भएको अवस्थामा सोसँग सम्बन्धित कानून व्यवसायीहरूको आवाज कम हुन्छ । नेपाल बार एशोसिएशन नागरिक समाजको अगुवा संस्था भएका कारण हालको अवस्थामा बृहत लोकतान्त्रिक पक्षधर कानून व्यवसायी अगाडि आउन जरूरी छ । सरकारले संविधान र कानूनी प्रावधान अनुसार कार्य गऱ्यो भने मात्र समाजमा सकारात्मक असर पर्दै जान्छ । सकारात्मक संकेत देखियो भने कानून व्यवसायीहरूलाई पनि आफ्नो पेशागत हक हितका लागि अन्य कार्यक्रम गर्न बाटो सहज हुन्छ । त्यसैले कानून व्यवसायीहरूको पेशालाई सहज बनाउनको लागि संविधान, कानून, मान्य सिद्धान्त, अन्तर्राष्ट्रिय परम्परालाई कायम राख्न लड्ने भिड्ने भनेको बर्तमान अवस्थामा लोकतान्त्रिक कानून व्यवसायीहरू नै हुन् । उनीहरूलाई नेपाल बारको नेतृत्वमा पुऱ्याई लोकतन्त्रको सम्बर्द्धन गर्न जरूरी छ ।

# विषय सूची


नेबाए निर्वाचन–२०७५ का आयामहरू १
**वरिष्ठ अधिवक्ता दामोदर खड्का**

निर्देशित शासन व्यवस्थाको सट्टा कानूनी शासनका लागि हाम्रो उम्मेदवारी ५
**अधिवक्ता सुनिल कुमार पोखरेल**

लोकतान्त्रिक पक्षधरले जित्नुपर्ने आधार र कारण १४
**वरिष्ठ अधिवक्ता बसन्तराम भण्डारी**

बार सधैं आलोचक बन्न सक्नुपर्दछ १८
**वरिष्ठ अधिवक्ता हरिहर दाहाल**

स्वतन्त्र न्यायपालिकाका लागि लोकतान्त्रिक कानून व्यवसायी २२
**वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्का**

नेपाल बार एशोसिएशनमा बृहत लोकतान्त्रिक समूह किन ? २५
**अधिवक्ता भरत प्रसाद खरेल**

स्वतन्त्र न्यायपालिका साम्यवादको दर्शन होइन २८
**वरिष्ठ अधिवक्ता यज्ञमूर्ति बन्जाडे**

संवैधानिक तथा कानूनी विकासमा नेपाल बार ३०
**वरिष्ठ अधिवक्ता शेर बहादुर के.सी.**

लोकतान्त्रिक अवयवको रक्षाका लागि कानून व्यवसायी ३४
**वरिष्ठ अधिवक्ता नरहरि आचार्य**

सर्वोच्च अदालतको न्यायिक पुनरावलोकनको अधिकार ३८
**वरिष्ठ अधिवक्ता गुणनिधि न्यौपाने**

सत्तालाई सहयोग गर्नेबाट बारको उद्देश्य पूरा हुन सक्दैन ४५
**अधिवक्ता लक्ष्मीदेवी दाहाल (रावल)**

संघीय संरचनामा सिंहदरबारको आर्थिक अधिकार बाँडफाँड ४९
**अधिवक्ता अवतार न्यौपाने**

डीएलएको भूमिकाः सन्दर्भ नेपाल बार एशोसिएशनको निर्वाचन ५६
**शुभन राज आचार्य**

FOUNDATIONAL BACKGROUND OF NBA ६३
**Advocate Saroj K Ghimire**

न्यायपालिकाको स्वतन्त्रतामा कानून व्यवसायीको भूमिका ७३
**अधिवक्ता कमल प्रसाद इटनी**

चुनावी सन्दर्भ ८०
**अधिवक्ता शर्मिला बस्याल गौतम**

घोषणा-पत्र २०७५ ८१

नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको विधान २०४७ ९४

नेपाल बार एशोसिएशनको स्थापनादेखि हालसम्मको कार्यसमिति १३७

नेपाल बार एशोसिएशनको निर्वाचनमा डीएलए नेपालको तर्फबाट उम्मेदवार हुनु हुने कानून व्यवसायीको बैयक्तिक विवरण १४७

# नेबाए निर्वाचन–२०७५ का आयामहरू




**वरिष्ठ अधिवक्ता दामोदर खड्का**
**प्रमुख निर्वाचन अधिकृत**
निर्वाचन समिति, नेबाए


नेपाल बार एशोसिएशन (नेबाए) को निर्वाचन आगामी चैत्र १६ गते शनिबारका दिन हुन गइरहेको छ । नेबाएको निर्वाचन प्रत्येक ३ वर्षमा हुन्छ भने इकाईबाट (सर्वोच्च अदालत बार, उच्च अदालत बार र जिल्ला अदालत बार) को निर्वाचन प्रत्येक २ वर्षमा हुने बैधानिक व्यवस्था रही आएको छ । इकाई बारको सदस्यता ग्रहण गरेको कानून व्यवसायी नै नेपाल बारको निर्वाचनमा मतदाता हुन पाउँछन् अर्थात नेपाल बारको सदस्यता प्राप्त गर्दछन् । ७७ जिल्ला मध्ये ७० जिल्ला बार, उच्च अदालत बार १७ र सर्वोच्च अदालत बार गरी ८८ इकाई नेपाल बारको सदस्य बार रही आएका छन् । नेपाल बारको मतदाता नामावलीमा १० हजार ३ सय २२ सङ्ख्या रहेको छ । अन्तिम मतदाता नामावली प्रकाशित हुँदा १० हजार ३ सय १३ संख्या भएको छ । हुम्ला, बाजुरामा मतदाता नामावलीमा कानून व्यवसायी नभएको पाइएको छ भने डोल्पा र रूकुमकोट जिल्लामा क्रमशः एक र दुई जना मात्र मतदाता कानून व्यवसायी रहेका छन् । काठमाडौं जिल्ला अदालत बारमा २ हजार ५ सय ९३ मतदाता सङ्ख्या रहेका छन् । यस अर्थमा काठमाडौं जिल्ला बार देशकै ठूलो संख्यामा

सदस्य रहेको नेपाल बारको इकाई देखियो । उच्च अदालत बार, पाटनमा २ हजार ३ सय ४ सदस्य रही दोस्रो ठूलो बार देखिएको छ । अन्तिम मतदाता नामावली प्रकाशन हुँदा त्यसमा थपघट हुन सक्छ ।

यसभन्दा अघिका निर्वाचन प्रत्येक तेस्रो वर्षको पुष अन्तिम शनिबार हुने चलन थियो । तर, त्यस्तो प्रचलन वर्तमान कार्यसमितिका लागि पुष २५ शनिबार हुनु पर्ने निर्वाचन मधेश आन्दोलनले गर्दा पछाडि धकेलिन गयो । मधेशका कानून व्यवसायीलाई समेत सहभागी गराई निर्वाचन गर्नका लागि २०७२ पुष २५ को निर्वाचन स्थगित गरी २०७२ चैत्र ६ गते निर्वाचन मिति तोकियो । यसबाट मधेशबादी कानून व्यवसायीको चाहाना पूरा भयो भने अर्को तर्फ जाडो महिनामा हुने नेबाएको निर्वाचन सार्नु पर्दछ भनी भन्नेलाई सजिलो भयो । यो माग पनि पूरा भएको जस्तो भयो । 'पुष फासफुस' भन्ने त उखान नै छ । बिहान सवेरै भेटघाट गर्न पनि गह्रो हुने, वेलुका अलिक ढिलोसम्म प्रचार प्रसार पनि नभ्याउेन । अझ त्यहाँ माथि जाडो महिनाको तराईमा शीतलहर हुँदाका बखत अति नै कष्टकर हुन्छ । त्यो त त्यस बखतका उम्मेदवारले भोगि सकेको विषय हो । अघिल्लो पटक नेबाएको निर्वाचन पुसमा रोकिनु नै जाडो महिनाबाट गर्मी महिनामा निर्वाचन हुने परम्परा बस्न पुगेको छ । यो एउटा सुखद् पक्ष रहन गएको छ ।

नेबाएको निर्वाचन पहिलो पटक संघीयता अनुरूप हुन गई रहेको छ । नेबाएको साधारणसभा यही वर्ष भक्तपुरमा भएकोमा सो साधारणसभाले विधान संशोधन गरी प्रत्येक प्रदेशबाट एक एक जना उपाध्यक्ष केन्द्रीय समितिमा रहने व्यवस्था गर्‍यो । यसै वर्ष हुन गइरहेको निर्वाचन संघीयताको मान्यता अनुसार प्रकृया अगाडि बढीरहेको छ । योभन्दा अघिल्लो संशोधन (पाँचौ संशोधन) बाट दलित, मधेशी/मुस्लीम, आदिबासी/जनजाती र महिलासमेत पदाधिकारी तथा सदस्यमा रहने केन्द्रीय कार्य समिति भएबाट समावेशी सिद्धान्तसमेतलाई नेबाएले अंगीकार गरेको छ । नेबाएको निर्वाचनका लागि अन्तिम मतदाता नामावली प्रकाशन भई सकेपछि पनि मतदाताले आफूले मतदान गर्ने केन्द्र निर्वाचन समितिले तोकिएको मिति सम्ममा परिवर्तन गर्न पाउने अवसर दिएको छ । यसबाट कानून व्यवसायीको कार्य व्यस्ततामा पनि आफ्नो नजिकको मतदान केन्द्रमा गई मत खसाल्ने पाउने सुनिश्चित भएको देखिएको छ ।

निर्वाचनमा काठमाडौं उपत्यका बाहिर र खुलाक्षेत्रबाट निर्वाचन हुने पदका लागि उपत्यका भन्नाले काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रे जिल्लालाई समेत जनाएको

छ । यसबाट काभ्रे जिल्लालाई पनि काठमाडौं उपत्यकाभित्र पारिएको छ । मतदान केन्द्र सञ्चालनको लागि केन्द्रबाट मतदान अधिकृत बाहिर जाने प्रचलन छैन । यसको सट्टा जुन बारमा निर्वाचन हुन्छ त्यही जिल्ला अथवा उच्च अदालत बारको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षको समितिले निर्वाचन गराउने चलनसमेत रही आएको छ । अर्थात, मोफसलका पदाधिकारीले स्थानीय निर्वाचन समितिको हैसियतमा निर्वाचन गराउदै आएका छन् । यसबाट स्थानीय बारलाई समेत अपनत्व महसुस हुने नै देखिन्छ ।

नेबाए व्यवसायिक संस्था रहेता पनि यसले संविधानले तोकेको समेत काम गर्न पाउने गर्वको कुरा हो । संविधानमा रहेको न्याय परिषद् जसले न्यायाधीशको नियुक्ति, सरूवा, अनुशासन सम्बन्धी कारवाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिने गर्छ, त्यस्तो संस्थाको सदस्यको रूपमा एक जना नेपाल बार एशोसिएशनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कानून व्यवसायी रहने छन् । यस संवैधानिक व्यवस्थाबाट नेबाएको उचाई आँकलन गर्न सकिन्छ । यो व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ देखि प्रयोगमा ल्याइएको थियो । अन्तरिम संविधानभन्दा अगाडि अर्थात नेपाल अधिराज्यको संविधान, २०४७ मा नेबाएबाट न्याय परिषदमा जाने व्यवस्था थिएन ।

नेबाएको निर्वाचन र महाधिवेशन अलग अलग वर्षमा गर्ने गरिन्छ । निर्वाचन गर्दाका बखत नै महाधिवेशन गर्ने हो भने कानून व्यवसायीहरू छलफलमा भाग लिने संभावना कम हुन्छ । त्यसैले निर्वाचन र महाधिवेशनको फरक फरक राखिएको हो । उदाहरणको रूपमा अघिल्लो वर्ष नेपालगंञ्जमा महाधिवेशन भयो भने तेस्रो कार्यकालमा चाहि निर्वाचन मिति तोकि सोही बमोजिम प्रकृया अगाडि बढीरहेको छ । कतिपय संस्थाको निर्वाचन र महाधिवेशन एकै पटक हुँदा छलफल हुनुपर्ने विषय पाखा लाग्ने तथा सहभागीको ध्यान निर्वाचनमा मात्र केन्द्रीत हुने देखिदै आएको छ ।

अघिल्ला निर्वाचनमा आफू र आफ्नो समूहको नाम अगाडि पार्नको लागि उम्मेदवारहरू तँछाड मछाड गरी कार्यालय खुल्ने धेरै समय अगाडि देखि नै नेबाएको मूल ढोकामा बसेको दृष्य पनि देखिएको थियो । तर, हाल नयाँ सोच पैदा भई मनोनयन दर्ता गर्नु भन्दा अगाडि नै उम्मेदवारसँग छलफल गरी गोला हाली सि.नं. दिने लिने चलनसमेत चलेको देखिएको छ ।

नेबाएको निर्वाचनमा देश भरीका कानून व्यवसायीले मतदान गर्ने हुँदा प्रचार प्रसार पनि नेपाल राज्य भर नै गर्ने गरिन्छ । जसबाट देश नै एक निर्वाचन क्षेत्र हुँदा उम्मेदवारको सम्पर्क, पहूँच, परीश्रम, खर्च पनि ज्यादै ठूलो हुन पुग्दछ । अहिलेको निर्वाचनसम्म आइपुग्दा दश हजारभन्दा बढी कानून व्यवसायी मतदाता रहेका छन् । त्यस्तै महिनौं दिन प्रचार प्रसार गरिने कार्यसमेत हुँदै आएको छ । कतिपय भुक्तभोगीले अब अप्रत्यक्ष निर्वाचन पद्धती अपनाउनु पर्ने सुझाबसमेत दिदै आएका छन् ।

नेबाएको हरेक निर्वाचनमा आचार संहिता पनि जारी हूदै आएको छ । जसमा उम्मेदवारले पालन गर्नु पर्ने तथा मतदाता सबैले पालन गर्नु पर्ने आचरण पनि देखिएको छ । निर्वाचनको दिन मतदान केन्द्रमा मतदान गर्ने मतदाताले आफ्नो साथमा क्यामेरा, मोबाइल फोन सेट, आदि राख्न वा प्रयोग गर्न पाउने छैन । मतदान केन्द्र र त्यसको वरिपरि निर्वाचनको प्रचार प्रसारसँग सम्बन्धी कुनै कुरा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउनसमेत हुदैन भनी अघिल्लो निर्वाचनमा उल्लेख भएका आचार संहिता हन् । आचार संहिताको प्रयोगले नेबाएको निर्वाचनमा भद्रता देखिन्छ । कम खर्च हुन सघाउ पुऱ्याउँछ र नचाहिदो होड बाजीमा उम्मेदवारले समय खर्च गर्नु पर्दैन ।

नेबाए विधान, २०४८ सालमा तयार भई सोबमोजिम धेरै केन्द्रीय निर्वाचनसमेत हुदै आएका छन् । प्रत्येक वर्ष नेबाएको सदस्य बढ्दै गएका छन् । देशको बौद्धिक संगठनको लागि हुन लागेको निर्वाचन–२०७५ का लागि निर्वाचन मतदाता नामावलीमा समावेश भएका सम्पूर्ण मतदाता यही २०७५ साल चैत्र १६ गते शनिबार हुन गई रहेको निर्वाचनमा सहभागी होऔं ।

# निर्देशित शासन व्यवस्थाको सट्टा कानूनी शासनका लागि हाम्रो उम्मेदवारी



नेपाल बार एशोसिएशनको कार्यसमितिका लागि २०७५ साल चैत १६ गते शनिबारका दिन निर्वाचन हुँदैछ । सो निर्वाचनमा १० हजारभन्दा बढी कानून व्यवसायीहरूले आफ्नो मत हाल्नको लागि अवसर पाउने भएका छन् । लोकतान्त्रिक व्यवस्थामा नभई नहुने स्वतन्त्र न्यायपालिकाको मान्यतालाई सुरक्षित राख्न आम कानून व्यवसायीहरूको काँधमा जिम्मेवारी थपिएको छ । स्वतन्त्र न्यायपालिका, विधिको शासनलगायतका लोकतान्त्रिक अवयवहरूमा अडिग रहने नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनले यस निर्वाचनमा विगतमा नेपाल बारको महासचिव पदमा कुशलतापूर्वक आफ्नो जिम्मेवारी सम्हालिसकेका शालिन तथा भद्र व्यक्तित्व **श्री सुनिल कुमार पोखरेल**लाई अध्यक्ष पदमा उठाएको छ । प्रस्तुत छ, युवा कानून व्यवसायी **श्री पोखरेल**सँग विकास भट्टराईले लिइएको अन्तर्वार्ता ।

- **२०७५ साल चैत्र १६ गते नेपाल बार एशोसिएशनको लागि हुन लागेको निर्वाचनमा तपाई नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको तर्फबाट अध्यक्ष पदमा प्रत्यासी हुनुहुन्छ । सो निर्वाचनमा तपाईको उमेदवारी किन र केका लागि हो ?**

  निर्देशित शासन व्यवस्थाको सट्टा कानूनको शासन स्थापना गर्न न्यायपालिकाको स्वतन्त्रतालाई अक्षुण्ण राख्न, कानून व्यवसायीको व्यक्तिगत तथा पेशागत सुरक्षा र समाजमा उनीहरूको सम्मानको अभिवृदि गर्न नवोदित कानून व्यवसायीलाई पेशामा स्थापित गराउन र वरिष्ठ कानून व्यवसायीहरूलाई सम्मानसाथ यो व्यवसायमा निरन्तरता दिइराख्नको लागि सघाउ पुऱ्याउन नेपाल बार एशोसिएशनको यो निर्वाचनमा म तथा मेरो समूहको उम्मेदवारी परेको हो ।

- **अहिलेको समग्र कानूनी क्षेत्र र न्यायालयका बारेमा तपाइको धारणा के छ ?**

  हामी अहिले सबैभन्दा अप्ठ्यारो अवस्थामा छौं । अहिले न्यायालयप्रति जनताको आस्था खस्किदो अवस्थामा छ । कानूनको शासन नभएर व्यक्तिको र बलियाको शासन रहेको छ । खासगरी विधिको शासनको सबैभन्दा कमजोर अवस्था अहिले रहेको छ । त्यसले गर्दा बार एशोसिएशनको यो निर्वाचनको प्रमुख एजेण्डा न्यायपालिकाप्रति जनआस्थाको वृद्धि, न्यायमा जनताको सहि र सहज किसिमले पहुँच  साथै कानूनको शासनलाई हामीले सवलीकरण गर्नको लागि सफल हुनुपर्छ भन्ने हो ।

- **तपाई विजयी हुनुभएमा तपाईले परिकल्पना गरेको बार कस्तो हुन्छ र कस्तो हुने हो ?**

  बार एशोसिएशनलाई हामी नागरिक समाजको एउटा अग्रणी संस्थाको रूपमा स्थापना गर्न सफल हुनेछौं । त्यसको लागि हामीले न्यायपालिकामा रहेको विकृति र विसंगति, भ्रष्टाचार अन्त्यका लागि संस्थागतरूपमा र व्यक्तिगतरूपमा काम गर्नेछौ । साथै, ती कामहरूलाई सम्पन्न गर्नका लागि हामीले दुईखालको कार्ययोजना बनाउने छौं । एउटा, सर्ट टर्म प्रोग्राम, अर्को, लङ्ग टर्म प्रोग्राम । सर्ट टर्म भित्र न्यायपालिका र बार एवम् कानून व्यवसायीको क्षेत्रमा देखिएका तत्कालका समस्या समाधानका लागि तुरून्तै केही आयोजना लागू गर्नेछौ । र, लङ्ग टर्म कार्यक्रमअन्तर्गत हाम्रो तीन वर्षे कार्यकालको लागि बारलाई हामीले एउटा सहि दृष्टिकोण अथवा सहि दिशातर्फ लैजाने छौं । जसले गर्दा, बारको आफ्नो एउटा छुट्टै निजी चरित्र निर्माण हुनेछ । जसरी आज बारलाई राजनीतिक दलबाट बढी प्रभावित भयो अथवा राजनीतिक एजेण्डालाई बारले बढी बोक्यो भन्ने कुरा छ, जसबाट मुक्त राखी बारको आफ्नै एउटा चरित्र निर्माण गर्नेछौं । बारको चरित्र स्थायी प्रतिपक्षको रूपमा रहेको छ । र त्यो स्थायी प्रतिपक्षले जहिले पनि राज्यमा हुने सकारात्मक कार्यहरूको वकालत गर्ने र गलत कार्यहरूको जहिले पनि बिरोध गर्नु पर्ने हुन्छ । चाहे त्यो सत्तापक्षबाट होस् वा प्रतिपक्षबाट होस् या अन्य कुनै समूहबाट होस् । त्यसलाई मनन् गरी हामी स्थायी प्रतिपक्षको रूपमा कार्य गर्ने छौं ।

- **बार र वेन्चको सम्बन्ध सुधारका लागि तपाईको ठोस कार्ययोजना के छ ?**

  बार र वेञ्चको सम्बन्धको कुरा गरिरहँदा यी दुई निकाय बीचको सम्बन्धको उद्देश्य हामीले बुझ्न जरूरी हुन्छ । बार र वेञ्च दुईटैको उद्देश्य भनेको न्याय प्राप्ती हो । जनताको न्यायमा पहुँचको लागि दुईटै पक्षले कार्य गर्ने हो । त्यसका लागि हामी दुई तरिकाले काम गर्ने छौं । एउटा, न्यायमा जनताको पहुँच हुनका लागि र न्यायलाई सर्वसुलभ बनाउनको लागि व्यक्तिगतरूपमा देखिएका समस्या चाहे त्यो न्यायाधीशको तर्फबाट होस्, वा कानून व्यवसायीको तर्फबाट होस् । अथवा, कर्मचारीको तर्फबाट

भएपनि त्यसलाई समाधान गर्ने । अर्को, संरचनागत समस्या– त्यो भनेको केही कार्यविधिगत, केही नियमावलीका विषय, केही कानूनका विषयका कारणले गर्दा पनि न्यायप्राप्ति महङ्गो, कठिन र प्राप्त गरेको न्याय पनि उपभोग गर्नका लागि जुन कठिनाई भैरहेको छ, त्यो विषयलाई हामी बार र वेञ्चको सम्बन्ध तथा समन्वयमार्फत त्यस्ता विषयलाई सुधार गर्नेछौ ।

- **तपाईं आँफै फौजदारी कानूनको एक्सपर्ट हुनुहुन्छ । फौज्दारी कानूनी प्रणालीमा गम्भीर समस्या छ । वर्तमान अवस्थामा फौजदारी कानून प्रणाली मृत अवस्थामा छ पनि भनिन्छ । तपाई विजयी भैसकेपछि फौजदारी कानून प्रणालीमा कसरी सुधार गर्न सक्नु हुन्छ ?**

पछिल्लो समयमा हामीले फौजदारी संहिता प्राप्त गरिसकेपछि नेपालको फौजदारी न्यायप्रणालीमा आमूल परिवर्तन भएको छ । हिजो हामीसँग अभियुक्त केन्द्रित प्रणाली थियो । अब हामीले संहितामार्फत् प्राप्त गरेको कानून चाँही पीडित केन्द्रित अवस्थामा रहेको छ । केही विषयहरू नयाँ छन् र ती विषयहरू कार्यान्वयनको स्तरमा चुनौति छ । तर, पछिल्लो समयमा न्यायपालिकाभित्र देखिएका खासगरी न्यायाधीशहरूको उजुरी, न्यायाधीशहरू विरूद्धको उजुरी, उनीहरूको विरूद्धको कार्य र फौजदारी मुद्दामा न्यायाधीशहरूले गरेका फैसला र आदेशका बारेमा मिडिया, व्यक्तिगत तबरले कानून व्यवसायी वा अन्य नागरिक र आम उपभोक्ताले जुन खालका टिकाटिप्पणी गरेका छन् अर्थात त्यो अनुसार फौजदारी मुद्दामा मिडियाबाट ट्रायल हुनथालेपछि फौजदारी न्यायप्राप्ति अलिकति कठिन हुनगएको छ । न्यायाधीशहरू स्वयं आफ्नो न्याय गर्ने कर्तब्यभन्दा पनि जागिर बचाउनको लागि थुनिनु नपर्ने मान्छेलाई थुनामा राख्ने, तारेखमा राख्नुपर्ने मान्छेसँग अत्यधिक धरौटी माग्ने यी कार्यहरू पनि भाएका छन । फैसला गर्दाको अवस्थामा पनि प्रमाण नपुगेको खण्डमा अथवा प्रमाणबाट नदेखिएको खण्डमा पनि परिस्थितिजन्य प्रमाणलाई समेत आधार मानेर मुद्दा ठहर गर्ने एकखालको प्रक्रिया शुरू भाएको छ । यसले नेपालको फौजदारी न्यायलाई तपाईले भन्याजस्तै मृतप्राय अवस्थामा पुऱ्याएको छ । मलाई लाग्छ अहिले न्यायपालिकाको नेतृत्व परिवर्तन भाएको छ । केही सकारात्मक कार्यहरूको शुरूआत पनि भाएका छन् । ती सकारात्मक कार्यहरूलाई हामीले संस्थागत गर्न सक्यौं र साँच्चिकै न्याय गर्ने न्यायकर्ताहरूको मनोवल नगिर्ने गरी हामीले न्यायपालिकाभित्र संरचनागत सुधार गर्न सक्यौ र त्यसमा खासगरी न्यायपरिषद्को भूमिकालाई अलिकत प्रभावकारी बनाउन सक्यौं भने अहिलेको अवस्थाको फौजदारी न्यायलाई साँच्चिकै हामी दक्षिण एसियाकै एउटा उदाहरणीय फौजदारी न्याय प्रणालीको रूपमा स्थापित गर्न सफल हुन्छौं ।

- **युवा कानून व्यवसायीहरूको बारेमा तपाईको कस्तो परियोजना छ ?**

युवा कानून व्यवसायीहरूको हकमा मेरो दुईओटा भनाई छ । पहिलो, नेपालमा कानूनी

शिक्षा प्रथम श्रेणीको शिक्षाको रूपमा स्थापित हुन सकेको छैन । जस्तै, पहिलो च्वाईस विद्यार्थीहरूको मेडिकल शिक्षा, दोश्रो ईन्जिनियरिङ्, तेस्रो कमर्श हुन्छ र चौथो शिक्षाको रूपमा कानूनी शिक्षालाई लिईदै आएको छ । त्यसले गर्दा पहिलो हामी नेपालको शिक्षा प्रणालीमा परिवर्तन गरेर कानूनी शिक्षालाई वाध्यात्मक शिक्षाको रूपमा नभएर च्वाईसको रूपमा अथवा पहिलो प्राथमिकतामा राख्ने प्रयास गर्नेछौ । दोस्रो अवस्था भनेको कानूनी शिक्षा प्राप्त गरेर बार काउन्सिलको परीक्षा पास गरी जब कानून व्यवसायीको रूपमा एउटा नवोदित कानून व्यवसायी आउँछ उससँग दुईटा खालको चुनौति हुन्छ । एउटा, कुनै कर्पोरेट हाउसमा अथवा वैंक तथा वित्तीय संस्थामा या गैरसरकारी संस्थामा अलिकति आकर्षक तलवभत्ता प्राप्त गरेर जागिर खान जाने या कुनै कानून व्यवसायीको ल फर्ममा बसेर कानूनको अभ्यास गर्ने या केही साथीभाईहरू मिलेर आफै कार्यालय स्थापना गर्ने । यो पछिल्लो कानून व्यवसायको अभ्यास गर्ने कुरा अलिकति कठिन छ । हामी गुरूकुल दर्शनको शिक्षाबाट प्रभावित छौ । अर्थात, गुरू नभई कुनैपनि कामको शुरूआत गर्न हामी सक्दैनौ र कुनैपनि काममा पोख्त हुन सक्दैनौ । यो हिन्दु धर्मबाट प्रभावित हो । त्यो गुरूकुलमा अथवा ल फर्ममा आफूले गुरू स्थापना गरेर सिक्ने जुन अहिलेको अभ्यास छ त्यसमा सिक्न आउने कानून व्यवसायीलाई पनि अलिकति सहज हुने अथवा जसका ल फर्ममा उ प्राक्टिस गर्न जान्छ उसलाई सिक्ने हिसावमा सहज वातावरण पनि र आर्थिक हिसावमा पनि उपलब्ध गराउन पर्ने अवस्था हुन्छ । जसका कारणले गर्दा उ कानून व्यवसायमा स्थापित हुनका लागि सहज वातावरण होस् । बार एशोसिएशनले त्यसका लागि दुई तीन ओटा काम गर्छ । पहिलो, उनीहरूलाई एउटा आधारभूत तालिम उपलब्ध गराउने र बारकै तर्फबाट नवोदित कानून व्यवसायीहरूलाई विभिन्न ल फर्ममा वा अन्य संस्थाहरूमा अभ्यासका लागि पठाउने र बारले नै उहाँहरूको त्यो अभ्यासका लागि लाग्ने खर्च उपलब्ध गराउने खालको हामीले योजना बनाएका छौ । त्यो योजनाअन्तर्गत खासगरी महिला कानून व्यवसायी, मधेशी कानून व्यवसायी, आदिवासी जनजाती कानून व्यवसायी, दलित कम्युनिटिबाट आउनु भएका कानून व्यवसायीलाई पेशामा स्थापित गर्न सक्छौं । अन्य क्षेत्रबाट आउनुभएका कानून व्यवसायीहरू जो पेशामा हुनुहुन्छ उहाँहरूलाई यो पेशा परित्याग नगर्नका लागि अथवा परित्याग गर्ने वातावरण नबन्नका लागि र यही पेशामा रहिरहनका लागि वातावरणसमेत हामी बनाउने छौं । र, त्यसका लागि हामीसँग निश्चित केही ठोस कार्यक्रमहरू छ, जुन हाम्रो घोषणापत्रमा उल्लेख छन् ।

- **नेपाल बार एशोसिएशनलाई नितान्त कानून व्यवसायीको छाता संगठन बनाउनका लागि तपाईसँग के योजना छ ?**

नेपाल बार एशोसिएशन नितान्त रूपमा कानून व्यवसायीकै छाता संगठन हो । यदाकदा

बारका केही निर्णयहरू तथा बारका पदाधिकारीहरूका केही अभिव्यक्तिका कारणले यो व्यवसायिक संगठन नभएर कुनै राजनीतिक दलसँग नजिक वा कुनै राजनीतिक दलसँग पर हुनपुग्यो भन्ने खालेको आरोप छ । यसमा मेरो प्रष्ट धारणा छ कि बार एशोसिएशन भनेको बिचारको ओपिनियन विल्डर्स संस्था हो । यसले ओपिनियन बनाउँछ । यसले बनाएको ओपिनियनको वरिपरि नागरिक समाज र राजनीतिक दलहरू हिड्नुपर्छ । खासगरी संविधान र कानूनको विषयमा बारले बनाएको ओपिनियनको वरिपरि हिड्नुपर्छ नकि हामीले अरूले बनाएको ओपिनियनलाई एड्भोकेसी गर्ने । यसका लागि हामीसँग केही आधारभूत निश्चित सीमाहरू छन । केही गाईडलाईन्सहरू छन् । हामीले सबैभन्दा पहिले नेपालको संविधानलाई एउटा वेसिक डकुमेण्टको रूपमा मान्नुपर्छ, त्यसपछि हामीसँग केही कानूनका विषयहरू छन । ती कानून र संविधानका दायरामा रहेर हामीले काम गर्न सक्यौ भने हामी बढी व्यवसायिक, कम राजनीतिक संस्था हुन्छौ  भन्ने लाग्छ । यद्यपी, बारका केही कार्यक्रमहरू बारका नेचर अनुसार पनि राजनीतिक विषयमा खबरदारी गर्ने भएको हुनाले राजनीति नै गर्नु हुँदैन भन्ने कुरा हुँदेन । यसले  राजनीतिक गर्छ । यसले विग्रेको राजनीतिलाई सहि ट्र्याकमा ल्याउने काम पनि गर्छ । विगतमा प्रधानन्यायाधीशलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाइएको थियो, जुन राजनीतिक निर्णयबाट राष्ट्रपतिको आदेशमार्फत् बाधाअड्काउ फुकाउको आदेश भएको थियो । त्यो राजनीतिक निर्णयलाई पनि यो प्रधानन्यायाधीशसँग जोडिएको विषय भएको हुनाले नेपाल बारले त्यसको निरन्तर विरोध गर्‍यो । एउटा विधिशास्त्र स्थापना गर्न बार यो मानेमा सफल भयो । सिटिङ्ग प्रधानन्यायाधीशलाई मन्त्रिपरिषद्को अध्यक्ष अथवा अन्य कुनै कार्यकारिणी पदमा लानु हुन्न भन्ने संविधानको जुन लिखित प्रतिवद्धता छ त्यसको विरूद्ध भएको निर्णय चाहे त्यो राजनीतिक दलले गरोस् या अरू कसैले गरोस् बारले त्यसको निरन्तर विरोध गर्छ । हामीले नेचर तथा हाम्रो चरित्रको हिसावमा पनि हामी बढी संवैधानिक र कानूनी कुनै न कुनै हदमा राजनीतिक विषयमा पनि जान्छौं भनेका छौं । यसले गर्दा बार राजनीतिक प्रेरित भयो, राजनीतिकबाट प्रभावित भयो भन्ने आरोप मित्थ्या हो ।

- **हरेक प्रधानन्यायाधीशले कार्यभार सम्हाल्ने वित्तिकै न्यायपालिकामा भ्रष्टाचार छ भनेर अभिव्यक्ति दिएको पाईन्छ । यस्तो अवस्थामा सेवाग्राहीले न्याय पाउने कुरा त परिकल्पना गर्न सकिदैन । विचलन नै आउँछ । यस्तो अवस्थामा भ्रष्टाचारबाट उन्मुक्ति न्यायपालिका बनाउन यहाँले के सोच्नु भएको छ ?**

वास्तावमा हामीले न्यायपालिकालाई प्रष्ट रूपमा केही सुझावहरू दिन सक्छौं । मैले देखेको न्यायपालिकामा दुईटा कुराको प्रमुख रूपमा समस्या छ, जो भ्रष्टाचार र विकृतिसँग सीधा जोडिन्छ । न्यायपालिकामा सबैभन्दा ठूलो समस्या भनेको टाईम बाईङग छ । त्यो टाईम बाईङग भनेको तपाईलाई कुनै मुद्दा ढिलो गराउनु छ भने

पैसा दिनुस् ढिलो हुन्छ । त्यही मुद्दा चाडो गराउनु छ भने पैसा दिनुस् चाँडो हुन्छ । यस अर्थमा टाईम बाईङग भनेको समय खरिद गर्ने प्रकृया हो । अदालतमा समय खरिद गरिन्छ । यो न्यायाधीशको लेवलमा हुँदैन । तल कर्मचारीको लेवलमा हुन्छ । जुन सामान्य सेवाग्राहीलाई त्यसले अप्ठ्यारो पारिरहेको अवस्था छ । दोस्रो समस्या भनेको त्यो न्यायपालिकाको नेतृत्वसँग छ । मैले प्रधानन्यायाधीशलाई भन्ने गरेको छु – प्रधानन्यायाधीश न्यायसम्पादक पनि हो र न्यायप्रशासक पनि । उहाँसँग दुईटा भूमिका छन् । न्यायप्रशासकको भूमिकामा प्रधानन्यायाधीशले अथवा मुख्य न्यायाधीशले जुन कजलिष्ट तोक्ने कुरा छ त्यहीं नै डिफिकल्ट छ । त्यसलाई हामीले राफल सिष्टममा लैजानु जरूरी छ । त्यो गर्न सकियो भने प्रधानन्यायाधीशलाई हामीले राजनीतिबाट थोरै डिट्याच गर्न सक्छौ । यसो नगर्ने हो भने राजनीतिज्ञले प्रधानन्यायाधीश वा न्यायाधीशलाई यो मुद्दा मेरो यस्तो हेरिदेउ, यसको वा त्यसको वेञ्चमा पारिदेउ भन्ने अवस्था भैरहन्छ । यदि प्रधानन्यायाधीशले कजलिष्ट नतोक्ने हो र सिधै राफल सिष्टममा जाने हो भने मलाई लाग्छ त्यो खालको एउटा परिस्थिति बन्द हुन्छ । मैले अघि टाईम वाईङ्गको कुरा गरिरहँदा कुनै मुद्दा आजको मितिमा पालो नआएर तारेखमा गयो भने त्यही मितिको एउटा मुद्दा एकमहिना पछि आउँछ । त्यही मितिको अर्को मुद्दा छ महिनापछि पालो आउँछ । जुन इजालासले त्यो मुद्दा हेरिरहेको हुन्छ । त्यस इजलाशले फाँटवालालाई अथवा मुद्दा महाशाखाको अधिकृतलाई यो किन यस्तो भयो भन्ने कुरा सोधिदियो मात्रै भने पनि आधा जति समस्या समाधान हुन्छ । हामीले जुन संरचना वनाएका छौं, त्यसले पनि विकृति विसंगति बढाएको छ । मलाई लाग्छ हामी न्यायपालिकाको नेतृत्वसँग सिधै बसेर तपाई यतिमात्र गर्नुस् न्यायापालिकामा सुधार आउँछ र तपाईलाई बार एशोसिएशनले पूर्णरूपमा सहयोग गर्छ भनेर हामी अनुरोध गर्छौं ।

- **विगतमा तपाई एक कार्यकाल महासचिव हुनु भभो । तपाईसँग नेबाएको अनुभव छ । हिजोको अनुभव र भोलीका चुनौतिका बारेमा थोरै विश्लेषण गरिदिनुस न ।**

  मलाई हिजो महासचिव हुँदा र आज अध्यक्ष भैरहँदा आजको अवस्था सहज लागिरहेको छ । किनभने, आजको मेरो अध्यक्षको कार्यकाल र बर्तमान प्रधानन्यायाधीश हुनुहुन्छ जसले न्यायपालिकाको नेतृत्व लिनुभाएको छ । संभवत हाम्रो कार्यकाल सँगसँगै जानेछ । यसको मतलव बारको तर्फबाट अध्यक्षको हैसियतले मैले बर्तमान प्रधानन्यायाधीशसँग पुरा कार्यकाल काम गर्न पाउँछु । कुनै योजना बनाइयो भने हामीले बनाएको योजना हामी आफै कार्यान्वयन गर्न सक्छौ । हिजो महासचिवको कार्यकालमा चारओटा प्रधानन्यायाधीशसँग काम गर्नु पर्‍यो । त्यतिबेला आठ महिना, नौ महिना कार्यकाल हुने प्रधानन्यायाधीशसँग काम गर्नु पर्‍यो । एउटा प्रधानन्यायाधीशसँग यसो गरौ भनेर एग्रीड भएको चिज अर्को प्रधानन्यायाधीश आइसक्दाखेरी त्यसमा केही फरकपना

आयो । त्यसले गर्दा हामीलाई काम गर्न गाह्रो भयो । हिजो महासचिव हुँदा हाम्रो अवधीभन्दा बढी कार्यकाल प्रधानन्यायाधीशलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाएको भनेर अदालतसँग हाम्रो त्यसमा डिफिरेन्स रह्यो । त्यो कार्यकालमा हामीले देखिने खालका केही ट्याञ्जिवल खालका कामहरू गर्न पाएनौ । हामीले पछिल्लो एक वर्ष डेढ वर्षमा चाँही केही आधारभूत काम गरेका छौं । न्यायापालिकासँग जोडिएका केही कार्यहरू गरेका थियौं । त्यस्तै कानून व्यवसायीहरूको पेशागत श्रीवृद्धिका लागि नवोदित कानून व्यवसायीहरूलाई छ महिने तालिम प्रदान गरेर कानून व्यवसायमा स्थापित गर्न खोजेका छौ । तपाई आजको दिनमा बारमा अथवा कुनैपनि बार युनिटमा जानुभयो भने र कुनै अलिकति स्मार्टखालको योङ्ग कानून व्यवसायीलाई भेट्नुभयो र सोध्नुभयो भने उसले मैले बारबाट चलाएको छ महिनाको तालिम लिएर म पेशामा स्थापित भएको भन्नेकुरा सिधा भन्छन् । हिजोको दिनमा भन्दा आजको दिनमा काम गर्नको लागि सहज छ । न्यायापालिकामा पनि नेतृत्व स्थायी छ । मलाई लाग्छ न्यायपरिषद्मा पनि पूर्णता छ र सर्वोच्च अदालतमा न्यायाधीशको पनि कुनै अभाव छैन । त्यसले गर्दा आजको दिनमा काम गर्नको लागि अलि सहज वातावरण छ भन्ने कुरा म विश्वस्त छु ।

- **तपाई लगभग सत्रहजार कानून व्यवसायीहरूको नेतृत्व लिन जाँदै हुनुहुन्छ । यसको लागि निर्वाचनमा जाँदै हुनुहुन्छ । मतदाताबाट कस्तो रेस्पोन्स पाउनु भएको छ ?**

मतदाताहरूको वेसिकल्ली ३ ओटा खालको रेस्पोन्स मैले देखिराखेको छु । जो सिधै अदालतमा दैनिक प्राक्टिस गर्नुहुन्छ, उहाँहरूको सरोकार र चासोको विषय भनेको अदालतलभित्र भैरहेका विकृति, विसंगती, ढिलासुस्तीमा रहेको छ । सर्वोच्च अदालत केन्द्रित प्राक्टिसमा चाँही संवैधानिक ईजलासले जुन खालको अपेक्षा गरिएको थियो, त्यो खालको अपेक्षाकृत काम सो इजलासले गर्न सकिरहेको छैन । त्यसतर्फको सुधारमा नेपाल बार लाग्नुपर्छ भन्ने एकखालको कानून व्यवसायीहरूको अपेक्षा देखिन्छ । अर्कोखालका कानून व्यवसायी जो अदालत केन्द्रित हुनुहुन्न, जो कर्पोरेट प्राक्टिस गर्नुहुन्छ, उहाँहरूको सीधा सम्बन्ध कम्पनी, विदेशी लगानी शाखा जो उद्योग विभागअन्तर्गत हुन्छ र अन्य क्षेत्रसँग छ । उहाँहरूको अपेक्षा बारले त्यो ठाउँमा पनि ईन्टरभेन्सन गरोस् र कर्पोरेट प्राक्टिसलाई अलिकति स्ट्याविल्स् गर्नको लागि त्यो प्रोसेसलाई प्रमोट गरोस् भन्ने देखिन्छ । तेस्रो खालका कानून व्यवसायी, जो कानून व्यवसायीको रूपमा त हुनुहुन्छ, तर उहाँ लिटिगेशन कम गर्नुहुन्छ, कर्पोरेट प्राक्टिस पनि कम गर्नुहुन्छ तर विकासे परियोजनाहरूमा काम गर्नुहुन्छ । उहाँहरूले के खोजिरहनु भएको छ भने मेरो बार एशोसिएशनको नेतृत्वले अन्तर्राष्ट्रिय मञ्चहरूमा गएर दक्षिण एसियामा कानून व्यवसायीहरूले भोगिरहेका समस्याहरूलाई उठाईदियोस् भन्ने चाहानुहुन्छ । हामी आईबिएका सदस्य छौ । हामी ल एसियाका सदस्य छौ । ती मञ्चमा गएर हाम्रा बिचारहरूलाई खासगरी दक्षिण एसियामा विकसित भएका

जुरिस्प्रुडेन्सहरूलाई नेपाल बारले उजागर गरोस् भन्ने उहाँहरूको चाहना भएको मैले बुझेको छु । त्यस्तो खालको सक्षम नेतृत्व नेपाल बारमा आओस् भन्ने उहाँहरूको अपेक्षा छ । यी तीन खालका चिजलाई हामी च्यानलाईज् गर्न सक्छौ । यी तीन ओटा अपेक्षाको संगम मैले नेतृत्व गरेको समूह हो भन्ने कुरामा म विश्वस्त गराउन चाहन्छु ।

- **तपाई विजयी हुनुभएमा नेबाएलाई ऐतिहासिक बनाउन तपाईका अभियान के हुनेछन् ?**

पहिलो कुरा, सर्वोच्च अदालतले पुरानो भवनको सट्टा नयाँ भवन वनाउने योजना बनाइराखेको छ । सर्वोच्च अदालतको भवन बनाउने क्रममा बार एशोसिएशनको पनि भवन बन्नुपर्छ भन्ने कुरामा मेरो प्रमुख उद्देश्य रहने छ । र, तीन वर्षभित्र भूकम्पले भत्काएको हालको बार एशोसिएशनको भवनको सट्टा नयाँ विल्डिङ्ग बनाउने छौ । दोस्रो कुरा, यो बार एशोसिएशन १७ हजार कानून व्यवसायीहरूको हो । यसको सीधा सम्बन्ध बार काउन्सिलसँग हुन्छ । हामीले बार काउन्सिललाई पनि अलिकति सकृय बनाउनु पर्नेछ । खासगरी सहि काम गर्ने कानून व्यवसायीलाई हामीले पुरस्कृत गर्नुपर्ने हुन्छ । गलत गर्ने कानून व्यवसायीलाई हामीले केही न केही दण्डित गर्नु पर्छ । कानून व्यवसायीलाई अदालतको प्रतिवेदनमा होस् वा स्वयं सर्वोच्च अदालत बार एशोसिएशनले निकालेको विकृतिविहीन न्यायपालिकाको प्रतिवेदनमा होस् एउटा क्याटगोरिमा वकिललाई पनि विचौलियाको रूपमा चित्रित गरेको छ । कानून व्यवसायीलाई लागेको त्यो ट्यागबाट निक्लिनका लागि पनि हामीले केही न केही काम गर्नु पर्नेछ । नवोदित कानून व्यवसायीलाई पेशामा स्थापित गराउनु पर्ने हाम्रो दायित्व हुन्छ । खासगरी मैले शुरूमा भने जस्तै कानूनी शिक्षातर्फ युवाको आकर्षणलाई हामीले देखाउन सक्यौं र त्यसमा हामीले नेतृत्व गर्न सक्यौं भने सायद मलाई लाग्छ बार समग्र ब्यक्तिहरूको आकर्षणको केन्द्र बन्नेछ । नेपाल बार आकर्षणको केन्द्र बनिराख्दा यो संस्था नागरिक समाजको रोलमोडल संस्थाको रूपमा विकास भएर जानेछ, जुन हामी तीन वर्षभित्र गर्न सक्छौ भन्ने कुराको मलाई विश्वास छ, किनभने हामीसँग नीति र कार्यक्रम दुईटै छ ।

- **जाँदाजाँदै मतदाता सदस्यहरूलाई के भन्न चाहनुहुन्छ ?**

मतदाता सदस्यहरूलाई एउटै कुरो भन्न चाहन्छु की तपाईहरू मत दिनुस् हामी तपाईहरूको अपेक्षालाई मुखरित गराउनेछौ । हामी तपाईहरूको अपेक्षालाई स्थापित गराउने छौ र यो समाजमा कानून व्यवसायीहरूको जुन एउटा खस्किदो सम्मान छ त्यो सम्मानलाई स्थापित गर्नेछौ । म सामान्यरूपमा विभिन्न कार्यक्रममा जान्छु त्यतिबेला मलाई बडा अनौठो लाग्छ किनभने ती कार्यक्रममा विभिन्न व्यक्तिहरूको बस्ने ठाउँ एलोकेट गरिएको हुन्छ । जस्तै पत्रकार बस्ने ठाउँ तोकिएको हुन्छ, कर्मचारी

बस्ने ठाउँ राखिएको हुन्छ, मन्त्री तथा सांसद बस्ने ठाउँ तोकिएको हुन्छ । तर हाम्रा वरिष्ठ अधिवक्ता तथा अधिवक्तालगायतका कानून व्यवसायीलाइ बस्ने ठाउँ तोकिएको हुँदैन । अहिले समाजमा कानून व्यवसायीको कुनै स्थान छैन भन्ने गरिएको छ । मर्यादाक्रम सरकारले पटक पटक निकाल्छ । एउटा वरिष्ठ अधिवक्ताको मर्यादाक्रम के हो ? अथवा, एउटा अधिवक्ताको मर्यादा कहाँ छ ? यो कुराहरू चाँही हामीले स्थापित गराउने छौ । साँच्चिकै हामी हाम्रा कामबाट यो मुलुकमा अथवा समाजमा न्यायमा जनताको पहुँचका लागि काम गरिरहेका छौ र बारमा आएपछि झन् यसलाई अगाडि बढाउने छौं । हाम्रो यो लार्जर कन्ट्रिव्युसन छ । म तपाईलाई एउटा उदाहरण दिन चाहान्छु– भारतका एकजना सैनिक पाकिस्तानमा समातिए र पाकिस्तानी अदालतले उसलाई मृत्युदण्ड दियो । पाकिस्तानको त्यो अदालतको निर्णयविरूद्ध ईन्टरनेशनल कोर्टमा भारत मुद्दा गर्न गयो । भारतका एकजना वकिल हरिश साल्भे भन्ने व्यक्ति त्यो मुद्दामा डिफेण्ड गर्न गए । त्यो मुद्दामा पाकिस्तानको अदालतले दिएको मृत्युदण्डलाई स्टे गऱ्यो । त्यहाँको अन्तर्राष्ट्रिय अदालतमा गएर बहस गरेको त्यो मुद्दामा हरिश साल्भेले 'फि' भने जम्मा एक रूपैया भारू लिए । तर, त्यही पाकिस्तानको तर्फबाट गएको एकजना वकिलले पाँच लाख पाउण्ड लिए । मैले भन्न खोजेको विषय के हो भने एउटा राम्रो कानून व्यवसायीमा राज्यले लगानी गऱ्यो भने उ अन्तर्राष्ट्रिय अदालतमा गएर तपाईका मान्छेलाई डिफेण्ड गर्न सक्छ । हिजो हाम्रो कर्णेल कुमार लामालाई ब्रिटिस कोर्टमा मुद्दा चलि राख्दा हामीले नेपालबाट कुनै वकिल लान सकेनौ । त्यहाँ वकिल हायर गर्नुपऱ्यो । त्यो पनि त्यहाँको फ्रि लिगल एड दिलाउनको लागि शुरूशुरूमा नेपाल एम्वेसीले 'फि' तिऱ्यो । पछि पैसा दिन सकेन । त्यसपछि त्यहाँको लिगल एड माग्यो । तर, हामीले साच्चिकै अन्तर्राष्ट्रिय अदालतमा गएर वहस पैरवी गर्ने स्तरको कानून व्यवसायी निकाल्नको लागि राज्यले लगानी गरेको थियो भने सायद मलाई लाग्छ राज्यको त्यहाँनिर एउटा सम्मान हुन्थ्यो । काठमाडौंबाट तपाई हामी कोही गएर डिफेण्ड गर्न सक्थ्यौं, जसरी मैले भारतबाट हरिश साल्भे गएर डिफेण्ड गरे । त्यसले गर्दा कानून व्यवसायीमा राज्यले गरेको लगानी तत्काल प्रतिफल नआउला तर भविष्यमा यसले प्रतिफल दिन्छ । देशको सम्मान बचाउनको लागि, देशको गौरव बचाउनको लागि अन्तर्राष्ट्रिय क्षेत्रमा पनि हामीले कन्ट्रिव्युशन गर्न सक्छौं । कानून व्यवसायीमा लगानी राज्यले गर्नुपर्छ । लगानी कानून व्यवसायीको प्रमोशनका लागि, कानून व्यवसायीको हकहितका लागि । राज्यले त्यसका लागि बजेट पनि एलोकेशन गरोस् । त्यसपछि हामी केही काम गर्नेछौ ।

# लोकतान्त्रिक पक्षधरले जित्नुपर्ने आधार र कारण



**वरिष्ठ अधिवक्ता बसन्तराम भण्डारी**

पञ्चायत कालमा बढी जनअधिकार हनन् भएका कारण लोकतन्त्रमा विश्वास गर्नेहरूले त्यसको चर्को विरोध गरिरहेका थिए । लोकतन्त्रका लागि लड्नेहरूले शुरू देखि नै पञ्चायको विरोध गरी आन्दोलन गर्ने तयारीमा थिए । कम्युनिस्टहरूले पञ्चायतको समर्थन गर्न पछि परेका थिएनन्, किनभने उनीहरूले त्यसबेला अवसर पाएका थिए । त्यसैले लोकतन्त्र पक्षधरहरूले नै शुरूशुरूमा पञ्चायतविरूद्ध एक्लै लडेका थिए । निरङ्कुशताविरूद्ध लड्ने लोकतन्त्र पक्षधर नै हो । लोकतन्त्र पक्षधरको तुलनामा अन्यको भूमिका नगन्य रहेको छ लोकतन्त्र स्थापना गर्नको लागि । लोकतन्त्र ल्याउन कम्युनिस्टहरूको भूमिका नगन्य छ भन्ने कुरा हालको परिस्थिति हेरे पछि छर्लङ्ग हुन्छ । हालको कम्युनिस्ट सरकार एकदलीय शासन ल्याउन उद्दत भएको आभाष भएको छ । एकदलीय निरङ्कुश आउन सक्ने संभावनालाई ख्याल गर्दै लोकतान्त्रिक कानून व्यवसायीहरू सतर्क भएर बस्नु परेको छ । यसकारण पनि नेपाल बार एशोसिएशनमा लोकतन्त्र पक्षधरको विजय हुनु आवश्यक छ । हरेक तरहको गलत कार्यको सन्तुलन गर्नको लागि प्रजातान्त्रिक शक्ति आउन जरूरी छ । लोकतन्त्रको पक्षमा जिताउन हर

तरहले लाग्नु जरूरी छ । देशमा शान्ति, स्थिरता कायम गर्न आवश्यक भएका छ भन्ने कुरा हालका केही गतिविधिले देखाएको छ । यसका लागि सजग गराउने शक्ति भनेको लोकतन्त्रबादी नै हुन् ।

पञ्चायत कालदेखि नै लोकतन्त्रवादी कानून व्यवसायीहरू एक ढिक्का भएका थिए । नेपालमा बहुदलको पुनर्स्थापना भएपछि उनीहरू औपचारिक रूपमा संगठित भएका हुन् । नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएन नाम दिएर दर्ता भएपछि यसले खेलेको भूमिका सकारात्मक छ । नेपाल बारमा प्रजातान्त्रिक शक्तिको बाहुल्यता हुनु पर्छ भन्ने यसको मूल उद्देश्य हो । हालको अवस्थामा यो उद्देश्य प्राप्तिमा झन् भरमजदूर रूपमा लाग्नु पर्छ । यसका लागि समस्त कानून व्यवसायीहरूले साथ दिन्छन् जस्तो मलाई लागेको छ, किनभने स्वतन्त्र न्यायपालिका, विधिको शासन भएन भने कानून व्यवसायीहरूको पनि औचित्य रहदैन भन्ने आम कानून व्यवसायीहरू थाहा नै छ ।

स्वतन्त्र न्यायपालिका, कानूनी राजको सम्बर्द्धन, निष्पक्ष न्यायलाई बढावा दिनको लागि अग्रजहरूले २०१२ साल कानून व्यवसायीहरूको संगठन स्थापना गरेका हुन् । त्यही विजारोपणबाट हालसम्म नेपाल बार एशोसिएन खडा भइरहेको हो । हाल आएर कानून व्यवसायीको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ । प्रगतिशील पक्ष र लोकतन्त्र पक्षधरले लोकतन्त्र प्राप्तिको लागि केही समयसँगै आन्दोलन गरेको भने हो । विशेष गरि २०४६ सालको आन्दोलनमा यसको प्रतिबिम्ब देखिन्छ । त्यतिबेला जुलुस, धर्ना, कालोपट्टी बाँध्ने कार्य सँगै गर्‍यौं । प्रजातान्त्रिक मूल्य र मान्यताका लागि त्यसबेला सबै कानून ब्यवसायी लागेका हौं । दुवै पक्ष मिल्दा अत्यन्त सकारात्मक परिस्थिति सिर्जना भएको थियो ।

हालको परिस्थिति भने फरक भएको छ । अहिले कता कता सौहार्दता कम हुँदै गएको अनुभव भएको छ । तथापी हामी प्रजातान्त्रिक शक्ति स्वतन्त्र न्यायपालिका, संविधानवाद, कानूनी शासन, मानवअधिकार, मौलिक हकको रक्षालगायतका विषयमा निरन्तर लागिरहेका छौं । हाल बदलिएको परिस्थिति र लोकतान्त्रिक शक्ति शुरूदेखिको प्रजातान्त्रिक अवयवमा अडिग रहेका कारण नेपाल बारमा यस पटकको निर्वाचनबाट प्रजातान्त्रिक शक्तिलाई जिताउनै पर्ने भएको छ । यदि यसो भएन भने प्रजातान्त्रिक अवयवहरू गुम्ने संभावना धेरै रहेको छ । यसकारण आम कानून व्यवसायीहरू प्रजातान्त्रिक अभ्यासमा नै रमाउने हुनाले यसमा सबैको साथ हुनेमा विश्वास राख्न सकिन्छ । कार्यपालिकाको हालको कार्य गराईबाट सरकार, अदालत तथा अन्य निकायलाई खवरदारी गर्नुपर्ने जिम्मेवारी लोकतान्त्रिक पक्षधर कानून व्यवसायीको

काँधमा आएको छ । यसको लागि नेपाल बारको माध्यमबाट प्रकृया अगाडि बढाउन आवश्यक हुन्छ । त्यसकारण पनि यस संस्थामा प्रजातान्त्रिक पक्षधरको जित हुनु नितान्त जरूरी छ ।

प्रजातान्त्रिक पक्षधर र प्रगतिशील पक्षधर कानून व्यवसायीहरूको आफ्नो आफ्नो स्वार्थ बाझिएको हुँदा डीएलए समर्थित कानून व्यवसायीहरू फरक रूपमा प्रस्तुत हुनु परेको छ । तर पनि कानून व्यवसायीका लागि शक्ति सन्तुलन, स्वतन्त्र न्यायपालिका, कानूनी राज, मानवअधिकार, संवैधानिक सर्वोच्चता अनिवार्य शर्त हुनु पर्छ । यस्ता विषयहरूलाई सबै कानून व्यवसायीहरूले स्वीकार्नु पर्छ । प्रगतिशील पक्षधर कानून व्यवसायीहरूले यसलाई मान्यता दिने भनेता पनि व्यवहारमा सकारात्मक रूप देख्न सकिदैन ।

बार र बेन्चको सम्बन्ध पनि यस्ता विषयलाई रक्षा गर्नको लागि सुमधुर हुनु पर्छ । अदालतको अभावमा बारको अस्तित्व रहन सक्दैन र बारको अभावमा अदालतको कल्पना पनि गर्न सकिदैन । यस अर्थमा दुवै एक अर्काका परिपुरक संस्थाहरू हुन् । बेन्च एक्लैले आफ्नो अस्तित्वलाई स्वतन्त्र राख्न कठिन पर्छ । यसको अस्तित्व स्वतन्त्र हुनु पर्छ भनेर आवाज उठाउने संस्था नै बार हो । यस कारण अहिलेको परिस्थितिमा अवको नेपाल बारमा डेमोक्र्याटिकहरूको बाहुल्य हुनु अति आवश्यक छ । यसो हुन सकेमा मात्र स्वतन्त्र न्यायपालिकाको अस्तित्वको लागि बार डटेर अगाडि बढ्न सक्छ ।

डेमोक्र्याटिकमा अडिग रहेन कानून व्यवसायीहरूकै कारण २०४७ सालको संविधानमा सर्वोच्च अदालतको भूमिका स्वतन्त्र रहने गरी राखियो । २०६३ सालको अन्तरिम संविधान र हालको संविधानमा पनि स्वतन्त्र न्यायपालिका रहने गरी व्यवस्था गरियो । केही प्रावधानलाई विर्सने गर्ने हो भने अदालतहरूले हाल स्वतन्त्र रूपमा कार्य गर्न सक्ने भएका छन् । यी सबै संविधान निर्माणमा बारको भूमिका उल्लेख्य रहेका कारण नै यस्तो सफलता हुन गएको हो । बारको प्रत्यक्ष निगरानी, खवरदारी र क्रियाशीलताले न्यायपालिका स्वतन्त्र हुने मौका पाएको हो । २०४७ साल अघि न्यायपालिका कार्यपालिकाको छायाँमा थियो । तथापी, त्यतिबेला पनि न्यायाधीशहरूले केही विषयमा बाहेक जनताको पक्षमा आदेश तथा फैसला गर्ने गरेका थिए । तर पनि न्याय क्षेत्र राजसँस्था प्रति उत्तरदायित्व हुनु पर्ने अवस्था थियो । यसले गर्दा न्यायाधीशहरूले न्याय दिनको लागि सधैं राजसंस्थाको डर भइरहने हुन्थ्यो । तर, अव न्याय क्षेत्र संविधान प्रति उत्तरदायित्व हुनु पर्छ । यो ठूलो उपलब्धी हो ।

यसो हुँदा हुँदै पनि हाल राज्यको नियन्त्रण एकदलीय व्यवस्थामा गएको छ । यो अवस्थामा लोकतान्त्रिक कानून व्यवसायीहरू गम्भीर बन्नुपर्ने भएको छ । राज्यले गरेका गैरसंवैधानिक र गैरकानूनी कार्यको जनतामा बोध गराउन पनि नेपाल बारमा लोकतान्त्रिक पक्षधरको जित सुनिश्चित गराउनु आवश्यक छ । यसमा सबै कानून व्यवसायीहरूको साथ आवश्यक छ । प्रतिशील कानून व्यवसायीहरूले लोकतान्त्रिक पक्षधरको कुरा नसुन्ने बानी छ । तर, लोकतान्त्रिक पक्षधरले भने सबै कानून व्यवसायीहरूको भनाई सुन्ने प्रजातान्त्रिक अभ्यास गर्ने गर्दछ । त्यसैले लोकतान्त्रिक पक्षधरले बारमा जितेपछि पनि उसले सबै कानून व्यवसायीलाई साथमा लिएर आफ्ना कार्यक्रमहरू अगाडि बढाउँछ । कानून ब्यवसायीहरूको यो सबैभन्दा सुखद पक्ष हो ।

यति हुँदा हुँदै पनि नेपाल बारको निर्वाचन अति नै स्वच्छ तवरले हुने गरेको विगतका निर्वाचनले देखाएको छ । नेपाल बारको चुनाव प्राय दुई धार बीच हुने गरेको भएता पनि यी दुई धारलाई प्रतिनिधित्व गर्ने कानून ब्यवसायीहरू बीच स्वच्छ प्रतिस्पर्धा हुने गरेको छ । राजनीतिक पार्टी बीच हुने निर्वाचनमा एक अर्कामा बढी कटाक्ष गर्ने र मारकाट हुने परम्परा नै बसेको भएपनि बारको निर्वाचनमा यस्तो परम्परा कहिल्यै भएन र हुँदैन पनि । यो नेपाल बारको रोचक पक्ष हो ।

# बार सधैं आलोचक बन्न सक्नुपर्दछ



**वरिष्ठ अधिवक्ता हरिहर दाहाल**

विक्रम संवत २०१३ साल पुस ७ गते स्थापना भएको नेपाल बार एशोसिएशन अहिले ६२ वर्ष पूरा भएको छ । त्यतिबेलाको विधान फेला पार्न सकिएको छैन । २०१९ सालमा राष्ट्रिय निर्देशन ऐन, २०१८ अन्तर्गत विधिवत दर्ता भई स्वीकृत भएको विधान पनि पाउन सकिएको छैन । नेपाल बार एशोसिएशनको महासचिव हुँदा सो विधान मैले धेरै खोजेको थिएँ । खोज्दै जाँदा त्यतिबेला २०१९ सालको गोरखापत्रमा 'नेपाल बार एशोसिएशनको विधान स्वीकृत भयो र दर्ता पनि भयो' भनेर लेखिएको समाचार 'कटिङ्ग' सम्म फेला पर्‍यो । २०१९ सालको विधान संशोधन भएर २०३० सालमा संशोधित विधान पनि लागू भएको रहेछ । तत्पश्चात् नेपाल बार एशोसिएशनलाई राष्ट्रव्यापी बनाउने उदेश्यबाट अर्को नयाँ विधान बनाउनको लागि २०३६ सालमा कुसुम श्रेष्ठको संयोजकत्वमा एक समिति बनेको थियो । २०३६ साल कार्तिकमा बसेको साधारण सभाले त्यसलाई स्वीकृत गरेको थियो । त्यतिबेला पाँच विकास क्षेत्र भइसकेको अवस्था थियो । सोही बमोजिम प्रत्येक विकास क्षेत्रमा एक जना उपाध्यक्षको परिकल्पना गरिएको थियो । तर,प्रशासनले स्वीकृत नगरेको कारण सो विधान लागू हुन सकेन ।

२०४८ सालमा आएर मात्र २०३६ सालमा साधारण सभाले स्वीकृत गरेको विधान जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट स्वीकृत भई नेपाल बार एशोसिएशनको विधान २०४८ लागू भयो । सो विधान स्वीकृत गर्ने बेलामा २०१९ सालको गोरखापत्रमा 'नेपाल बार एशोसिएशनको विधान स्वीकृत भयो र दर्ता पनि भयो' भनेर लेखिएको समाचार 'कटिङ्ग' लाई आधार बनाई स्वीकृत गर्न प्रयत्न गरेकोमा सोही बमोजिम जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत गरी बर्तमान विधान लागू हुन सकेको हो । २०४८ सालको विधानदेखि ११ जनाको कार्यसमितिबाट १७ जनाको बनाइयो । स्वतन्त्र न्यायपालिका, कानूनी शासन, लोकतान्त्रिक व्यवस्था, कानून व्यवसायीहरूको वृत्ति विकास र उत्थान गर्ने जस्ता विषयलाई उक्त विधानमा समेटिएको थियो । यी कुराहरूलाई कायम राखी अन्य केही विषयमा विधान संशोधन गरी अहिले संघीयताको अवधारणा अनुरूप कार्यसमितिको सङ्ख्या पनि २५ बनाइएको छ । प्रत्येक प्रदेशबाट एक/एक जना उपाध्यक्ष बनाइएको छ । एक जना महिला उपाध्यक्ष गरी उपाध्यक्षको संख्या ८ बनाइएको छ भने समावेशी सिद्धान्तलाई पनि आत्मसात गरिएको छ ।

२०४५ सालमा भएको नेपाल बार एशोसिएशनको निर्वाचनमा बासुदेब ढुंगाना अध्यक्ष र म महासचिवमा निर्वाचित भएका थियौं । त्यस समयमा नेपाल बार एशोसिएशनलाई राष्ट्रव्यापी वनाउनको निमित्त काठमाडौं मात्र होइन, काठमाडौं बाहिर पनि पोखरा, बिराटनगर र नेपालगञ्ज गरी ४ ठाउँमा मतदान केन्द्र हुनु पर्ने आवाज उठेकोले २०४५ साल असोजमा सम्पन्न भएको चौथौ राष्ट्रिय कानून व्यवसायी सम्मेलनबाट उक्त ४ वटा मतदान केन्द्रहरू तोकने सर्वसम्मत निर्णय गऱ्यो । फलतः पूर्वाञ्चलको निमित्त बिराटनगर, पश्चिमाञ्चलका निमित्त पोखरा, मध्यपश्चिमाञ्चल, सुदुरपश्चिमाञ्चलसहितका निमित्त नेपालगञ्ज र मध्यमांचल क्षेत्रलगायत काठमाडौं वरपरका कानून व्यवसायीहरूले काठमाडौंमा मतदान गर्ने व्यवस्था भयो । सोही बेलादेखि चुनाव प्रचार प्रसारका लागि काठमाडौं बाहिर जाने परम्परा शुरू भएको हो । २०४५ सालको निर्वाचन पुसको अन्तिम हप्ताको शनिबार गर्ने परम्परा शुरू भएको थियो । चुनाव प्रचार प्रसारको लागि निस्कन पनि जाडोले गर्दा साऱ्है गाऱ्हो हुन्थ्यो । हुस्सु लागेर हिड्न पनि कठिन हुने गर्दथ्यो । जाडोको बेला हुने गरेको निर्वाचनलाई सार्न धेरै कानून व्यवसायीहरूको आग्रह भएको थियो । २०७२ सालको निर्वाचन पनि पुसमा हुने तय भएको थियो, तर २०७२ सालको मधेस आन्दोलनले

गर्दा पुसको सट्टा चैतमा निर्वाचन हुन पुग्यो । अब यस पटक पनि चैत १६ गते हुने भएको छ । अबदेखि नेपाल बारका आउने निर्वाचन पनि अब पुसको सट्टा चैत्रमा नै हुने देखिएको छ ।

समयको क्रमसँगै विधानमा भएका उद्देश्य पूरा गर्न नेपाल बार कहिले ज्यादै सक्रिय भएर लागेको छ भने कहिले ज्यादै सुस्त देखिएको छ । २०४६ सालको जनआन्दोलन र २०६२/६३ सालको जन आन्दोलनमा नेपाल बार एशोसिएशनले निर्वाह गरेको भूमिकाबाट मानवअधिकार र लोकतन्त्रप्रति बारको प्रतिष्ठालाई अन्य पेशागत संगठनभन्दा माथि स्थापित गरेको छ । २०४५ सालमा कानून व्यवसायी सम्मेलनले राजनीतिक दल खोल्न पाउने संगठित हुन पाउनु पर्ने भनी निरंकुश शासनको समयमा पनि बहुदलीयताको निमित्त प्रस्ताव पारित गरी शंखनाथ गरेको आवाजले हामी सबै कानून व्यवसायीको शिरलाई उच्च बनायो । यसका अतिरिक्त २०३५ सालमा राष्ट्रिय पञ्चायतसँगको विवाद न्याय क्षेत्रको विकृति र विसंगतिको बिरूद्ध २०५६ साल र २०६५ सालमा नेपाल बारले चालेको कदमबाट न्यायको शुद्धता र निष्पक्षताको निमित्त नेपाल बार सदैव दृढ रहेको सन्देश दिएको छ तर यदाकदा नेपाल बारलाई आफ्नो स्वार्थ सिद्ध गर्ने संस्थाको रूपमा प्रयोग गरिएको अवस्था पनि छ । किनकि न्यायाधीश बन्नको निमित्त बारका पदाधिकारी र सदस्यहरूको अभिष्ट रहेको पाइन्छ । यसैगरी वरिष्ठ अधिवक्ता पाउन पनि न्यायाधिशहरू सँग आत्मिय सम्बन्ध स्थापना गर्ने प्रबृत्ति बढेको पाईन्छ । यो पंक्तिकार बारको अध्यक्ष हुँदा र पछिसम्म पनि वरिष्ठ अधिबक्ताको निमित्त बारले प्रयत्न गर्ने होईन भन्ने धारणा थियो । सर्वोच्च अदालतले निर्णय गर्ने अधिकार भएकोले हामीले बोल्नु वा प्रयत्न गर्नु उचित हुँदैन भन्ने थियो । तर, अहिले परिस्थिति फरक छ । चाहे प्रगतिशील पक्षमा होस् वा चाहे लोकतान्त्रिक पक्षमा होस्, बार पदाधिकारी भएपछि कहिले वरिष्ठ बन्न पाइने, कसलाई न्यायपरिषद्मा पठाउने, को को न्यायाधीश बन्ने भनेर सोचविचार गरेर अगाडि बढ्ने प्रवृत्ति पाइन्छ । यसरी आफ्नो स्वार्थसिद्धी गर्ने गरी मात्र सोचविचार गर्ने हो भने बारको उद्देश्य पूरा गर्न सकिदैन । जबसम्म हामी स्वार्थमा निरपेक्ष हुँदैनौ, तबसम्म बारले केही पनि ठोस काम गर्न सक्दैन । बार कमजोर बन्दैछ । चुनावमा प्रतिष्पर्धा गर्ने समूह वा व्यक्तिले पनि उम्मेदवार छनौट गर्दा नै बारको अभिभारा बहन गर्न सक्ने सक्षम व्यक्ति देखिनु पर्दछ ।

नेपाल बारको भूमिका अत्यन्तै धेरै छ । यसले चाहेमा धेरै कार्यहरू गर्न सक्छ ।

अझ भन्ने हो भने यसको भूमिका न्याय क्षेत्रमा वाचडगको रूपमा रहेको छ । लोकतन्त्रको निमित्त सदैव प्रतिरक्षक भएर उभिने बारको अभिष्ट हो । नेपालको संविधान पूर्ण कार्यान्वयन गर्ने क्रममा बारको कार्यशैलीमा अझ प्रभावकारीता ल्याउन जरूरी छ । बार सरकारको मुखापेक्षी हुनु हुँदैन । यसको मतलव सरकारले गरेका राम्रा कार्यलाई पनि समर्थन गर्न हुँदैन भन्ने होइन । सही कुरालाई ठीक र गलतलाई खबरदारी गर्न बार सधैं अग्रसर हुनु पर्छ । सरकारप्रति जहिले पनि आलोचक बन्न सक्नुपर्छ ।

नेपाल बारलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन पनि धेरै कार्य भएका छन । दृष्टान्तको रूपमा ईन्टरनेशनल बार एशोसिएशन र ल एशियासँग नेपाल बार एशोसिएशनको सम्बन्ध विस्तार भयो । यही सम्बन्ध र विशेष गरी वरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठको सक्रियताबाट सन् १९८८ देखि नर्वेजियन बार एशोसिएशन र नेपाल बार एशोसिएशनको सहकार्य प्रारम्भ भयो । सो सहकार्य २५ बर्षभन्दा बढी समयसम्म रह्यो । फलतः दुई देशको बारको सहकार्यबाट हामी नेपाली कानून व्यवसायीका क्षितिज मात्र फराकिलो पारेन अपितु नेपाल बारको भौतिक विकास, कानूनी सहायताको क्षेत्रमा युगान्तकारी फडको मार्न सक्यो तर नेपाल बारको तुलना अन्य देशका बारले धेरै फड्को मारिसकेका छन् । ती मुलुकका बारहरूको तुलनामा नेपाल बारले धेरै काम गर्न पर्ने देखिन्छ । तथापि केही कार्य भने भएका छन् । तर पूर्ण सन्तोष गर्ने ठाउँ छैन । बारलाई अझ सुदृढ संगठन बनाउँदै नेपालका कानून व्यवसायीहरू निष्ठावान, सामाजिक अभियन्ता र मानवअधिकार प्रतिरक्षक हुन भन्ने आम धारणालाई उजागर गर्दै लैजानु पर्दछ । नेपाल बार सबैको साझा हो । नेपाल बार हामी कानून व्यवसायीको आस्थाको धरोहर हो । तसर्थ यही आदर्शबाट प्रेरित भएर अगाडि बढौं ।

मिति २०७५/१०/०१

*(कुराकानीमा आधारित)*

# स्वतन्त्र न्यायपालिकाका लागि लोकतान्त्रिक कानून व्यवसायी



**वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्का**

नेपाल बार एशोसिएशनको स्वतन्त्र अदालत हुनु पर्छ भन्ने अडानका कारण नै स्वतन्त्र न्यायपालिकाको अस्तित्व हालसम्म रहँदै आएको छ । यसै कारण स्वतन्त्र अदालत बाँचिरहेको छ । हाल मुलुकमा संघीयता लागू भइसकेको अवस्थामा पनि न्यायपालिकामा संघीयता बमोजिम संरचना भएको छैन । यो नेपाल बारको अडानका कारण भएको हो । न्यायपालिकामा संघीय बमोजिमको संरचना हुनु हुँदैन । एकीकृत न्यायपालिका धेरै उपयुक्त हुन्छ । हाल संघीयतामा कर्मचारी अटाउन सकेका छैनन् । कर्मचारी व्यवस्थापन गर्न नसकेर भद्रगोल भइरहेको छ । कमसेकम न्याय क्षेत्रमा त यस्तो अवस्था छैन । संसदअन्तर्गत रहेको संसदीय सुनुवाई समिति बाहेक हाल न्याय क्षेत्र सैद्धान्तिक रूपमा स्वतन्त्र रहेको छ । सुनुवाई समितिलाई पनि हटाउनु पर्छ भनेर धेरै पहिले देखि नेपाल बारले अडान लिंदै आएको छ । आम कानून व्यवसायीहरूको धारणा यही नै हो । सुनुवाई समितिले न्यायपालिकाको हुर्मत लिने गरेको छ । न्यायाधीशहरूलाई अनावश्यक रूपमा गाली गलौज गर्ने थलो बनाइएको छ संसदीय सुनुवाई समितिलाई । यो समिति स्वतन्त्र न्यायपालिकाको सिद्धान्त विपरित रहेको छ । स्वतन्त्र न्यायपालिकाको अस्तित्वका पक्षधर कानून व्यवसायीहरूले यसलाई कत्ति पनि रूचाएका छैनन् । नेपालको संविधानको धारा २९२ मा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी

र राजदूतको पदमा नियुक्त हुनु अघि संघीय कानून बमोजिम संसदीय सुनुवाई हुने पर्ने व्यवस्था राखिएको छ । अन्यको हकमा छलफलको विषय भएपनि प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश र न्यायपरिषद्का सदस्यलाई संसदीय सुनुवाई गर्नुपर्ने प्रावधान एकदम गलत छ । यसलाई हटाउन अझै पनि पहल गर्नुपर्छ । यो कानून व्यवसायीहरूको धर्म हो ।

सुनुवाई समिति हटाउनु पर्छ भनेर नेपाल बारलगायतका निकायहरूले बेला बेलामा सेमिनार, गोष्ठी गरेर दवाव दिंदै आएको छन् । यो कार्य अझै पनि जारी राख्नु पर्छ । यसलाई मूर्त रूप दिने कार्य अव लोकतान्त्रिक पक्षधर कानून व्यवसायीहरूको काँधमा आएको छ, किनभने प्रगतिशील कानून व्यवसायीलाई स्वतन्त्र न्यायपालिकामा विश्वास छैन । उनीहरूलाई स्वतन्त्र न्यायपालिका भए पनि नभए पनि मतलव छैन । यस्तो अवस्थामा अवको बारको नेतृत्व कसको हातमा दिने भन्ने बारेमा आम कानून व्यवसायीहरूले सोच्ने बेला आएको छ ।

प्रगतिशील कानून व्यवसायीहरूलाई स्वतन्त्र न्यायपालिका प्रति विश्वास नभएका कारणले नै निर्देशित न्यायपालिका भएपनि उनीहरूलाई मतलव हुँदैन । लोकतान्त्रिक, प्रगतिशील दुवै खेमाका कानून व्यवसायीहरूलाई भेटेर स्वतन्त्र न्यायपालिकालाई अवरोध पुऱ्याउने खालका प्रावधानहरू हटाउन पहल गर्नको लागि आब्हान गर्दा पनि दोस्रो पक्षका कानून व्यवसायीहरूले त्यति मतलव गरेको देखिदैन, तर लोकतान्त्रिक पक्षधरहरू बडो गम्भीर देखिएका छन् ।

हाल भेनेजुएला प्रकरणले पनि आमकानून व्यवसायीहरूलाई गम्भीर बनाएको छ । कम्युनिस्ट भनेका देशहरूले सो प्रकरणको सम्बन्धमा निकालेका विज्ञप्ति एकै प्रकारको छ । नेपालका पुष्पकमल दाहाल प्रचण्डको विज्ञप्ति पनि ती देशका जस्तै हुबहु छ । कम्युनिस्टहरू सबै संस्थाहरू राज्यको नियन्त्रणमा रहोस भन्ने चाहाना राख्छन् । प्रगतिशील कानून व्यवसायी पनि त्यही सिद्धान्तबाट निर्देशित हुन्छन् । भेनेजुएला प्रकरणमा पनि सबै संस्थाहरूको अस्तित्व स्वतन्त्र नहोस् भन्ने कम्युनिस्टहरूको चाहाना हो भन्ने सुस्म रूपमा बुझ्न सकिन्छ । मानवअधिकार, वाक स्वतन्त्रता जस्ता विषय पनि गौण हुने गरी कम्युनिस्टहरूले बोलेका छन् सो प्रकरणमा ।

मानवअधिकार, वाक स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका जस्ता विषयमा बार र बेन्चको भनाई एउटै हुनु पर्छ । यसको प्रतिरक्षा गर्नको लागि यी दुई निकायको कार्य गराई एकै किसिमको हुन जरूरी छ । नेपाल बारमा लोकतान्त्रिक पक्षको आगमनबाट यस्ता कुराको संभव हुन्छ । लोकतान्त्रिक पक्षधर यस्ता विषयको प्रतिरक्षा गर्न जस्तोसुकै मूल्य चुकाउन पनि अग्रसर हुने भएकाले अहिलेको अवस्थामा नेपाल बारमा उनीहरूको आगमन अनिवार्य जस्तै छ । हालको सरकारको कार्य गराईले जनताहरू वाक्क भएका छन् । केपी ओलीलाई

भोट हालेर अहिले जनता पछुताइरहेको अवस्था छ । यो सरकारले जनतालाई दिएको बचन बमोजिम कार्य गर्न सकेको छैन । गैरसंवैधानिक र गैरकानूनी कार्य गरेर यो सरकार बदनाम हुन पुगेको छ । जतिसुकै राम्रो भाषण गरेपनि जनताले फिटिक्कै पत्याउन छोडिसकेका छन् यो सरकारलाई । जतालाई झुक्याउने खेल भइरहेको अव सबैले बुझ्न थालिसकेका छन् । अझै पनि यस्ता कार्य गर्न संभावना धेरै नै देखिएको छ । यस्ता कार्य रोक्नको लागि र जनताको इच्छाबमोजिम कार्य गराउन दवाव दिने कार्य नेपाल बारले गर्नुपर्ने देखिएको छ । प्रगतिशील पक्षधरले यसो गर्न सक्दैन, किनभने एउटै सिद्धान्त बोकेकाहरूले एक अर्काको विरोध गर्न सक्दैनन् । गैरसंवैधानिक र गैरकानूनी कार्य गर्दा पनि चुप लागेर बस्ने गर्दछन् । तर, त्यस्ता कार्य भयो भने लोकतान्त्रिक पक्षधर सहेर बस्न सक्दैन उसले त्यसका विरूद्ध शसक्त संघर्ष गर्न अग्रसर हुने गर्दछ । यसकारण पनि नेपाल बारमा लोकतान्त्रिक पक्षधरलाई जिताउन आवश्यक छ ।

लोकतान्त्रिक मूल्य मान्यतालाई सम्बर्द्धन र संरक्षण गर्नको लागि नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन (डीएलए) नामक संस्था लोकतान्त्रिक पक्षधर कानून व्यवसायी मिलेर गठन भएको हो । २०४२–२०४३ सालमा काठमाडौं मैतिदेवीस्थित कल्याणी शाहको निवासमा लेखक स्वंय र रामकृष्ण निराला, रामकुमार श्रेष्ठ तथा विनोद रोका मिलेर यो संस्था गठन गर्न प्रारम्भिक छलफल भएको थियो । पछि औपचारिक तथा अनौपचारिक छलफल भएपछि यसले सफलता हासिल गऱ्यो र डीएलए हालको अवस्थासम्म आइपुगेको छ । विगतमा यसले कानूनी शासन, मानवअधिकार, स्वतन्त्र न्यायपालिकालगायतका विषयमा उल्लेख्य कार्य गरेको हाम्रो सामू छर्लङ्ग छ । यो संस्था लोकतान्त्रिक कानून व्यवसायीहरूको हक हितका लागि मात्र भएको तर यससँग आवद्ध कानून व्यवसायी नेपाल बारमा गएपछि सम्पूर्ण कानून व्यवसायीको हक हितका लागि कार्य गर्ने भएकाले सबै कानून व्यवसायीले हालको अवस्थामा यसतर्फ सोचाई राख्नु पर्छ ।

नेपाल बारको केन्द्रीय कार्यसमितिको निर्वाचनमा उम्मेदवारहरू मुलुकको हरेक ठाउँमा पुग्नु पर्छ । यसले गर्दा उम्मेदवारहरूलाई मुलुकको भोगोलिक अवस्था, जुनसुकै ठाउँका कानून व्यवसायीहरूको पीरमर्का बुझ्न अवसर मिल्छ । नेपाल बारको निर्वाचनको रमाइलो पक्ष भनेको स्थानीय सरकारहरूले संविधान तथा कानून बमोजिम कार्य गरेका छन् वा छैनन् भन्ने बारेमा प्रत्यक्ष–अप्रत्यक्ष बुझ्न पाउने अवस्था रहन्छ चुनाव प्रचार प्रसारको क्रममा । संघमा कम्युनिस्टहरूको दुई तीहाई सरकार रहेको बर्तमान अवस्थामा र स्थानीय स्तरमा पनि अधिकाँश ठाउँमा उनीहरूको सरकार रहेको बेला यदी गैरसंवैधानिक तथा गैरकानूनी रूपमा कार्य भइरहेमा त्यसलाई खवरदारी गर्ने भनेकै लोकतान्त्रिक पक्षधर कानून व्यवसायीले हो ।

# नेपाल बार एशोसिएशनमा बृहत लोकतान्त्रिक समूह किन ?



**अधिवक्ता भरत प्रसाद खरेल**
**निवर्तमान अध्यक्ष**
डिएलए-नेपाल

लोकतन्त्र पति जतिसुकै उदार धारणा व्यक्त गरिए पनि यदि स्वतन्त्र र सक्षम न्यायपालिका छैन भने त्यो देशमा लोकतन्त्र फस्टाउन सक्दैन । राजनीतिमा कम्युनिस्टहरूको हावी भएको हामो जस्तो देशमा त स्वतन्त्र र सक्षम न्यायपालिका विना लोकतन्त्र र मानव अधिकांर भन्ने कुरा दराजमा सजाएर राख्ने वस्तु वाहेक केही हुन सक्दैन । त्यसैले एउटा कानून व्यवसायीले आफ्नो व्यवसायलाई मर्यादित बनाउन स्वतन्त्र र सक्षम न्यायपालिकाको पक्षमा लाग्नु पर्ने हुन्छ । स्वतन्त्र न्यायपालिकाको अभावमा कानून व्यवसाय स्वाभिमानी पेशा हुन सक्दैन । कम्युनिस्टहरू हावी भएको ठाउँमा न्यायपालिकालाई छायामा पार्ने पयास गरिन्छ । किनकी, स्वतन्त्र र सक्षम अदालतले संविधानको सीमा तोड्न कसैलाई दिंदैन । सबैलाई संविधानको सीमा भित्र राख्छ ।

कानूनले बाँधेर नराख्ने हो भने र न्यायपालिकाले कार्यपालिकालाई कानूनले तोकी

दिएको क्षेत्राधिकार भित्र रहन गरेको निर्देशन नमान्ने हो भने स्वभावैले कार्यपालिका निरङ्कुश हुन्छ । किनकी, कार्यपालिकाको स्वभाव चिलको जस्तो हुन्छ । जनता चल्ला जस्ता हुन्छन्, चिलको नजर सँधै चल्ला तिर हुन्छ र न्यायपालिकाले माउको भूमिका निर्वाह गरी चिलको आक्रमणबाट चल्लालाई बचाएझैं सरकारी दमनबाट सर्वसाधारण र पीडितलाई बचाउनमा विकल्प छैन ।

लोकतन्त्र र सक्षम न्यायपालिकाका पक्षधर त्यसमाथि पनि कानून व्यवसायीहरू आफ्नो पेशालाई स्वाभिमानी बनाउनको लागि स्वतन्त्र र सक्षम न्यायपालिकाको पक्षमा उभिनुको विकल्प छैन । कार्यपालिकाको छाया परेको न्यायपालिकाले निष्पक्ष न्याय दिन सक्दैन ।

नेपाल बार एशोसिएशन भनेको जनताको हकअधिकार र न्यायको लागि लड्ने संस्था हुँदा न्यायपालिका माथि पर्न सक्ने अनुचित दवाव र मानवअधिकारको रक्षाको लागि पतिपक्ष पृष्ठभूमिका भएका सक्षम कानून व्यवसायीहरू नेपाल बार एशोसिएशनमा हुन जरूरी छ ।

**नेपाल बार एशोसिएशनमा डिएलए-नेपाल नै किन ?**

२०४६ सालको जनआन्दोलन सफल हुनु अघि लोकतन्त्रवादी र पगतिशील कानून व्यवसायीहरूका विच खास ठूलो मतभेद थिएन । २०४६ सालको जनआन्दोलन सफल भएपछि पगतिशील पक्षधर कानून व्यवसायीहरू कम्यूनिष्ट कित्तामा उभिन पुगेका कारण उनीहरूबाट जनआन्दोलनको उपलब्धी र स्वतन्त्र न्यायपालिकाको अवधारणामा खतरा महसुस हुन पुगेको थियो । लोकतन्त्रमा विश्वास गर्ने कानून व्यवसायीहरू एउटै छातामुनी बस्नु पर्ने महसुस भई सम्मानित व्यक्तित्व तत्कालीन वरिष्ठ अधिवक्ता लक्ष्मण अर्यालज्यूको नेतृत्वमा २०४७ साल मंसीर ५ गते जिल्ला पशासन कार्यालय, काठमाडौंमा डिएलए-नेपाल नामक संस्था दर्ता गरी देश भरिका लोकतन्त्रवादी कानून व्यवसायीहरूलाई विधिवत रूपमा एकत्रित गर्ने काम शुरू भयो ।

त्यसपछि उल्लेखित पृष्ठभूमिको महसुस गर्दै यो संस्थाले लोकतन्त्र, मानवअधिकार र स्वतन्त्र न्यायपालिकाको पक्षमा उल्लेखनीय काम गर्दै नेपाल बार एशोसिएशनको निर्वाचनमा भाग लिंदा सन्तोषजनक पतिनिधित्व गर्दै आएकोमा विगतको नेपाल बार एशोसिएशनको कार्य समितिमा बृहत लोकतान्त्रिक समूहबाट पतिनिधित्वमा बृद्धि हुँदै आएको छ ।

सरकारद्वारा हुन सक्ने मानवअधिकार र स्वतन्त्र न्यायपालिका माथिको हस्तक्षेप र नियन्त्रणमा पभावकारी भूमिका खेल्नु पर्ने भएको हुँदा कम्यूनिष्टहरूको सरकार भएको यो अवस्थामा बृहत लोकतान्त्रिक शक्ति नेपाल बार एशोसिएशनको कार्य समितिमा नभई नहुने अवस्था छ । वर्तमान सत्ताका वरिपरि भएका व्यक्तिहरूबाट न्यायपालिका माथि कार्यपालिकाबाट हुन सक्ने हस्तक्षेपको बचाउ हुन सक्दैन । त्यसैले सरकारलाई संविधानको सीमा भित्र राख्न नेपाल बार एशोसिएशनमा लोकतन्त्रवादीहरूको उपस्थिति अतिनै आवश्यक छ ।

वर्तमान सरकारले न्यायपालिकालाई विवादित बनाउने पयास गर्दैछ भने अर्को तर्फ हत्या, बलात्कार, भष्टाचारका घटनाहरू बढ्दै जाँदा पनि दोषी पत्ता लगाई सजाय गराउनुको सट्टा दोषीलाई संरक्षण दिएको अनुभूती हुन थालेको छ । अर्को तर्फ २/३ को घमण्ड गर्ने सरकारको गतिविधिबाट जनता दिन पतिदिन उदासीन बन्दै गएको कारणबाट जनआन्दोलन २०६२/०६३ को उपलब्धी नै गुम्ने खतरा बढ्दै गएको छ । त्यसकारण यो सरकारलाई हरेक क्षेत्रमा सचेत गराउनको लागि पनि नेपाल बार एशोसिएशनमा बृहत लोकतान्त्रिक समूहको नेतृत्व आवश्यक देखिएको छ ।

त्यसै गरी नेपाल बार एशोसिएशन कानून व्यवसायीहरूको संस्था भएको हुँदा हालको कार्य समितिले गर्दै आएको दक्षता अभिवृद्धिको तालिम कानून व्यवसायीको व्यवसाय क्षेत्र विस्तार तथा दक्षताका लागि महत्वपूर्ण बनेको छ । यस्तो तालिमको व्यवस्थालाई आगामी कार्य समितिले अझ परिमार्जन गरी कानून व्यवसायलाई अन्तर्राष्ट्रिय स्तरमा लानु परेको छ ।

कम्यूनिष्टहरूको सरकार भएको वर्तमान अवस्थामा स्वतन्त्र न्यायपालिका, लोकतन्त्र, मानवअधिकारलगायत २०६२/०६३ को जनआन्दोलनको उपलब्धीको रक्षा गर्न बृहत लोकतान्त्रिक समूहको नेपाल बार एशोसिएशनमा उपस्थिति अनिवार्य भएको हुँदा युवा, अनुभवी तथा परिपक्क व्यक्तिको नेतृत्वमा सबै क्षेत्र भूगोल, जनजाति, मधेशी महिलाको समावेशी समूह बृहत लोकतान्त्रिक समूहको रूपमा अघि सारिएको छ । नेपाल बार एशोसिएशनको अनुभव पाप्त बृहत लोकतान्त्रिक समूहलाई अत्यधिक बहुमतबाट विजय गराई जनआन्दोलन २०६२/०६३ को उपलब्धीको रक्षा, कानून व्यवसायीको हकहित र क्षमता अभिवृद्धि, कानून व्यवसायीको कार्य क्षेत्र विस्तार गर्नु आजको आवश्यकता हो ।

# स्वतन्त्र न्यायपालिका साम्यवादको दर्शन होइन



वरिष्ठ अधिवक्ता यज्ञमूर्ति बन्जाडे

विधिको शासन, स्वतन्त्र न्यायपालिका लोकतन्त्रका आधारशीला हुन् । यस्ता विषयहरू नरहे लोकतन्त्रको अस्तित्व कल्पना गर्न पनि सकिदैन । लोकतन्त्र विना यस्ता विषय पनि रहन सक्दैनन् । त्यसैले लोकतन्त्र र त्यस्ता विषय एक अर्काका परिपुरक हुन् । कानून व्यवसायीहरू संस्थागत रूपमा नै लोकतन्त्र, विधिको शासन र स्वतन्त्र न्यायपालिकाको लागि संघर्ष गर्दै आएका छन् । यति हुँदा हुँदै पनि लोकतन्त्रका यस्ता आधारभूत तत्वको विषयमा लोकतान्त्रिक कानून व्यवसायीहरूको भूमिका महत्वपूर्ण रूपमा रहँदै आएको छ । लोकतन्त्रमा विश्वास राख्ने कानून व्यवसायीहरूको संस्था डेमोक्र्याटिक लयर्स एशोसिएशन (डीएलए) को मुख्य उद्देश्य नै लोकतन्त्र, विधिको शासन र स्वतन्त्र न्यायपालिकाको सम्बर्द्धन र प्रवर्धन गर्ने हो । यस्ता विषय तथा संवैधानिक सर्वोच्चता माथि आक्रमण भएमा डीएलएले त्यसका विरूद्ध शसक्त रूपमा प्रतिरोध गर्ने गरेको इतिहास छ । अब पनि डीएलए त्यसका लागि तयार छ ।

नेपाल बार एशोसिएशनको गठन पनि लोकतन्त्रका आधारभूत तत्वहरूलाई जगेर्ना गर्नको लागि भएको हो । डीएलए र नेपाल बारको गठनको उद्देश्य सारभूत रूपमा उस्तै उस्तै भएका कारण लोकतन्त्रमा विश्वास राख्ने कानून व्यवसायीहरूले निर्वाचन जितेमा सबै

कानून व्यवसायीहरूको भलाई हुने देखिन्छ । कानून व्यवसायीहरूको हक हित, पेशागत मर्यादालाई जोगाउँदै नेपाल बारले धेरै अन्य विषयमा कार्य गर्नुपर्ने हुन्छ । नेपाल बार केही अपवादको रूपमा यस्ता विषयमा विचलित भएको देखिए पनि समष्टिमा आफ्नो उद्देश्यतिर सकारात्मक रूपमा अगाडि बढेको नै छ । कानून व्यवसायीका अग्रजहरूले नेपाल बार गठन उद्देश्य पेशागत हकहित नै राखेका थिए । इतिहास देखि हालसम्म नेपाल बारले यस्तो उद्देश्य प्राप्तिमा केही न केही गरेकै देखिन्छ । यसमा लोकतान्त्रिक कानून व्यवसायीहरूको भूमिका अझ बढी छ ।

लोकतान्त्रिक कानून व्यवसायीहरू लोकतान्त्रिक पद्धतीमा अटल विश्वास राख्छन् । यस्तो विश्वास तथा प्रतिवद्धताका कारण उनीहरूको अन्य कानून व्यवसायीभन्दा फरक दर्शन छ । प्रगतिशील कानून व्यवसायीहरू साम्यवाद दर्शनबाट दीक्षित हुन्छन् । उनीहरू साम्यवादी पार्टीको सिद्धान्तलाई स्वीकार गर्दछन् । विधिको शासन, स्वतन्त्र न्यायपालिका, संवैधानिक सर्वोच्चता साम्यवादी शासनको दार्शनिक पक्ष होइन । यसको दार्शनिक पक्ष त लोकतन्त्रमा विश्वास राख्नेहरूको हो । हाल मुलुकमा साम्यवादी पार्टीहरूको प्रचण्ड बहुमत छ । यस्ता पार्टीहरूले राज्यका सबै अङ्ग आफ्नो अधिनस्त रहनुपर्छ भन्ने मान्यता राख्दछन् । उनीहरूको यो मान्यताले मूर्त रूप हुन पायो भने कानून व्यवसायीको पेशाको अर्थ रहँदैन । विधिको शासन, स्वतन्त्र न्यायपालिकाको अस्तित्व जोगाउन पनि नेपाल बारले महत्वपूर्ण र सक्रिय भूमिका निभाउन आवश्यक छ । यस्ता मान्यतामा अडिग रहने लोकतान्त्रिक पक्षधर कानून व्यवसायीहरूले नै प्रतिपक्षको भूमिका निभाउनु पर्ने आवश्यक्ता रहेको छ । नेपाल बारको अवको निर्वाचनमा सबै कानून व्यवसायीहरूले लोकतान्त्रिक पक्षधरलाई नै अगाडि ल्याउन अत्यन्त जरूरी छ । उनीहरू नेपाल बारमा आउन सकेमा निश्चय पनि कार्यपालिकालाई विधिको शासन, स्वतन्त्र न्यायपालिकाका लागि सचेत गराउन सक्छन्, खवरदारी गर्न सक्छन् । साम्यवादीहरूले कुनै खरावी गरेमा नेपाल बारले सशक्त प्रतिकार गर्न सक्छ ।

नेपाल बारको निर्वाचन भड्किलो र खर्चिलो हुँदै गएको छ । यो अति नराम्रो पक्ष हो । यस्ता नराम्रा पक्षलाई कसरी हटाउने भन्ने सम्बन्धमा एकपटक बृहत रूपमा छलफल हुन आवश्यक छ । भड्किलो र खर्चिलो निर्वाचन भएकै कारण कतिपय योग्य कानून व्यवसायीहरू निर्वाचनमा भाग लिनबाट बन्चित हुनु परेको छ । नेपाल बारको निर्वाचन पद्दती सुधार्नको लागि अव आउने नेतृत्वले पहल गर्नुपर्ने देखिन्छ । हालको पद्दती अनुसार सबै कानून व्यवसायीहरूले निर्वाचनमा भाग लिन पाउने हुन्छ । यसलाई बदलेर कानून व्यवसायीहरूबाट प्रतिनिधि छानेर मत हाल्ने पद्दती बसाल्न सके आम कानून व्यवसायीको भलाई हुने देखिन्छ ।

# संवैधानिक तथा कानूनी विकासमा नेपाल बार



**वरिष्ठ अधिवक्ता शेर बहादुर के.सी.**
**अध्यक्ष**
नेपाल बार एशोसिएशन

विक्रम संबत २०४६ सालको जनआन्दोलनमा कानून व्यवसायीहरूको उल्लेख्य सहभागी रहेकाले नै नेपालमा लोकतन्त्रको पुनर्स्थापना भएको यथार्थ हो । कानून व्यवसायीहरू लोकतन्त्रका लागि पूर्ण रूपमा नै आन्दोलनमा उत्रिएका थिए । लोकतन्त्रका लागि कानून व्यवसायीहरूको भूमिका नभएको भए त्यतिबेलाको आन्दोलनले कुन मोड लिन्थ्यो भन्नेमा सबैलाई थाहा भएकै कुरा हो । यसरी सम्पूर्ण कानून व्यवसायीहरूको सहभागिबाट नै आन्दोलनले मूर्त रूप लियो र नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएको हो । लोकतन्त्र आएपछि २०४७ सालमा बनेको संविधान जारी गर्न पनि कानून व्यवसायीहरूको उल्लेख्य योगदान रहेको छ । तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको नेतृत्वमा कानूनको मूल दस्तावेजको रूपमा नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । सोही दस्तावेजबाट नै नेपालमा विधिको शासन, स्वतन्त्र न्यायपालिकालगायतका विषयको प्रत्याभूत भएको हो ।

मौलिक अधिकार हनन् भएमा र सार्वजनिक सरोकारको विषयमा सर्वोच्च अदालत जान सक्ने बाटोलाई फराकिलो बनाइयो । लोकतन्त्रमा विश्वास राख्ने कानून व्यवसायीहरू लोकतन्त्रका खम्बा हुन् । यद्यपी आन्दोलनमा सबै कानून व्यवसायीहरूको सहभागी रहेको थियो । मुलुकमा नयाँ बिहानीको रूपमा २०४७ सालको संविधानलाई लिन सकिन्छ । यसमा प्रत्यक्ष निर्वाचन, वालिग मताधिकार, स्वतन्त्र न्यायपालिकाको संरचना, मौलिक अधिकारलगायतका विषयहरूले प्रवेश पाएका थिए । अदालतका माध्यमबाट पनि लोकतन्त्रलाई बल पुग्ने गरी विभिन्न आदेश तथा फैसलाहरू भएका थिए र छन् पनि । अदालतबाट केही साहसिक निर्णयहरू भएबाट पनि लोकतन्त्र बच्न सफल भइरहेको छ ।

लोकतन्त्रलाई नै बलियो बनाउनको लागि नेपाल बार एशोसिएशन खडा भएको हो । यसको उद्देश्य विधिको शासन, स्वतन्त्र न्यायपालिका, मानवअधिकार, कानून व्यवसायीहरूको हकहितलाई सम्बर्द्धन र संरक्षण गर्ने हो । दक्ष कानून व्यवसायीहरू उत्पादन गर्ने यसको अर्को उद्देश्य हो । यसको लागि उनीहरूलाई तालिम दिनेलगायतका कार्य नेपाल बारले गर्दछ । मुलुकभरका कानून व्यवसायीहरूलाई अर्ध न्यायिक निकाय तथा स्थानीय तहसम्म पनि पुऱ्याउने लक्ष्य नेपाल बारको छ । नेपाल बारको बर्तमान कार्य समितिले घोषणापत्रमा लेखिएबमोजिमका सम्पूर्ण कार्यहरू पूरा गरेको छ । २०७५ साललाई तालिम वर्षको रूपमा नेपाल बारले मनायो । मुलुकमा फौजदारी र देवानी संहिता जारी भएपछि वर्षौं देखि लागू भएको मुलुकी ऐन खारेज भएको थियो । संहिताहरूमा रहेका कतिपय प्रावधान नयाँ थिए । यसले अन्यौलता छाएको महसुस भएको थियो । संहितामा रहेका प्रावधानको बारेमा जानकारी दिनको लागि वर्तमान कार्यसमितिले मुलुकभर नै तालिमको कार्यक्रम आयोजना गऱ्यो । यसले धेरै मात्रामा कानून व्यवसायीहरूलाई सहयोग गरेको छ भन्नेमा विश्वास गर्न सकिन्छ । यस्तो तालिमको कार्यक्रम अझै पनि पुगेको छैन ।

यसैगरी यस कार्यसमितिले नवोदित कानून व्यवसायीहरूलाई पनि उल्लेख्य मात्रामा तालिमको कार्यक्रम सञ्चालन गऱ्यो । नेपाल बारका सबैभन्दा ठूलो उद्देश्य भनेको कानून व्यवसायीहरूको हक हित गर्ने हो । वर्तमान कार्यसमितिले यो उद्देश्य पूरा गर्नको लागि कुनै पनि कसर बाँकी राखेको छैन । कानून व्यवसायीहरू सामाजिक अभियन्तासमेत भएका कारण समाजमा पर्न सक्ने विभिन्न खालका असरको बारेमा पनि चासो लिनु पर्छ । यो कार्यमा पनि नेपाल बारको हालको कार्यसमितिले केही न केही गरेकै छ ।

संवैधानिक तथा कानूनी विषयले समाजमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक असरलाई सुक्ष्म रूपमा नियालिरहेको छ । मुलुकमा जारी भएका नयाँ नयाँ सिद्धान्त तथा कानूनलाई के कसरी लागू गर्न सकिन्छ भन्ने बारेमा बारले चासो लिएर कार्यक्रम अगाडि बढाएको पनि छ । संवैधानिक तथा कानूनी विकासमा बर्तमान कार्यसमितिले उल्लेख्य कार्य गरेको छ । मुलुक लोकतान्त्रिक संघीय गणतन्त्रमा भएका बेला नेपाल बारको भूमिका अझ धेरै रहेको छ । संवैधानिक तथा कानूनी विकासका लागि सात प्रदेशलाई शसक्त गर्न बारले कार्यक्रमहरू चलाईरहेको छ ।

अदालत र बार बीचको सम्बन्ध सुमधुर हुनुपर्छ । यसो हुन सक्यो भने मात्र न्यायपालिकाको स्वतन्त्र अस्तित्व कायम रहन सक्छ र संविधान तथा कानूनले सकारात्मक रूपमा गति लिन सक्छ । नेपाल बारको बर्तमान कार्यसमितिले कार्य सम्हालेपछि बार र बेन्च बीचको सम्बन्ध सुमधुर हुन सकेन । यी दुई निकायको सम्बन्धमा उतार चढाव आयो । सम्बन्ध सुमधुर भई विवादित विषयहरूलाई समाधान गर्नुपर्नेमा त्यसो हुन सकेन । संवैधानिक विवादमा बारको कुरा बेन्चले सुनेन । उच्च अदालतमा भएको न्यायाधीशको नियुक्तिलाई बारको सहमति भएन । राजनीतिक रूपमा गरिएको नियुक्तिलाई हामीले मानेनौ । बरिष्ठतम् न्यायाधीशलाई संविधानमा भएको व्यवस्था अनुसार काम गर्न दिनु पर्छ भन्ने मागलाई पनि सुनिएन । हरेक निकायले संविधान र कानून अनुसार कार्य गर्नुपर्छ भन्ने हाम्रो भनाई सदा रहिरहन्छ । सोबमोजिम नभएका कार्यको सधैं विरोध भईरहन्छ । अव आउने कार्यसमितिले पनि यसलाई ख्याल गर्नुपर्छ । बार र बेन्च एकअर्काका परिपुरक हुन् । बारले बेन्चको कुरा सुन्नुपर्छ । त्यस्तै बेन्चले पनि बारको कुरा सुनेर मनन् गर्न सक्नुपर्छ । यसो भएमा मात्र नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुन्छ । गणतन्त्र अझै पनि संस्थागत भइनसकेको महसुस भएको छ । संविधानले गति लिन कठिन भएको अवस्था छ । बार र बेन्च एक भई अगाडि बढेमा यस्ता विषयले सहजै निकास पाउने हुन्छ ।

स्वतन्त्र न्यायपालिकाको अवस्थाको बारेमा वर्तमान सरकारले लिएको रवैयाको प्रगतिशील कानून व्यवसायीहरूले केही पनि बोल्नु भएको छैन । उहाँहरूको कुनै दृष्टिकोण छैन । उहाँहरू नबोल्दा लोकतन्त्रमा विश्वास राख्ने कानून व्यवसायीहरू सशंकित छौं । लोकतान्त्रिक कानून व्यवसायीहरू उदार लोकतन्त्रमा विश्वास राख्छन् । नेपाल बारको बर्तमान कार्यसमितिले पनि यही मूल्य र मान्यता बमोजिम कार्य अगाडि

बढाएको हो । नेपाल बारले राजनीतिक परिस्थितिलाई पनि नजिकबाट नियाल्दै छ । न्यायपालिकालाई दवाव राख्ने कार्यको हामी शसक्त रूपमा प्रतिकार गर्छौं । स्वतन्त्र न्यायपालिकालाई दवाव राख्ने प्रवृत्ति प्रति हामी झुक्नेवाला छैनौ । नेपाल बारमा अव आउने कार्यसमितिले पनि यही मान्यतालाई ध्यान दिई कार्य गर्नेछ भन्नेमा विश्वास छ ।

नेपाल बारको निर्वाचन प्रत्यक्ष हो । यसको योग्यता पुगेका प्रत्येक सदस्यले मत हाल्ने अवसर पाउने छन् । प्रत्यक्ष निर्वाचन सबैभन्दा राम्रो पक्ष हो । एक व्यक्ति एक भोट उचित पक्ष हो । नेपाल बारको निर्वाचनमा मुलुकभर एउटै निर्वाचन क्षेत्र हुन्छ । उम्मेदवारहरू प्राय सबै मुलुकभरका कानून व्यवसायीलाई भेटघाट गर्न जानुपर्ने हुन्छ । उनीहरूले आफ्नो योजनाहरू प्रस्तुत गर्नुपर्ने हुन्छ । यसले कानून व्यवसायीहरूलाई उत्साहित बनाउँछ । यो एउटा रोचक र महत्वपूर्ण पक्ष हो । नेपाल बारको निर्वाचनले मुलुकभरका कानून व्यवसायीलाई एक हुन मौका दिन्छ । स्वतन्त्र न्यायपालिका, मौलिक हक, विधिको शासनलगायतका विषयलाई रक्षा गर्ने उपायको बारेमा उनीहरू बीच अन्तरक्रिया गर्न मौका मिल्छ । यस्ता पक्षको रक्षा गर्नको लागि पनि लोकतान्त्रिक कानून व्यवसायीलाई सबै कानून व्यवसायीले सहयोग गर्नुपर्छ भन्ने मेरो धारणा हो । लोकतन्त्रको हित भयो भने मात्र सबै कानून व्यवसायीहरूको हित हुन्छ भन्नेमा सबै कानून व्यवसायीहरूले बुझ्नु भएकै कुरा हो । यस कारण पनि लोकतन्त्रको पक्षमा मत हाल्न सबै वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा अभिवक्ता ज्यूहरूमा म हार्दिक अपील गर्दछु ।

# लोकतान्त्रिक अवयवको रक्षाका लागि कानून व्यवसायी



**वरिष्ठ अधिवक्ता नरहरि आचार्य**

नेपालको संविधान जारी भएको साढे तीन वर्ष हुने क्रममा छ । संघीय सरकार, प्रदेश तथा स्थानीय तहको सरकार गठन भएको एक वर्ष भन्दा बढी भइसकेको छ । यस बीचमा संघीय, प्रदेश तथा स्थानीय तहका सरकार बीच विभिन्न किसिमका अधिकारलाई लिएर बेला बेलामा विवाद भइरहेको छ । यस अर्थमा नेपालमा संघीयता अझै पनि संस्थागत भइसकेको छैन भन्न सकिन्छ । संघीयतालाई संस्थागत गर्नको लागि हरेक पक्षले स्वतन्त्र न्यायपालिका, विधिको शासन, मानवअधिकारको सैद्धान्तिक पक्षलाई मान्नुपर्छ र सोही अनुसार व्यवहार गर्नुपर्छ । यति गर्न सकेमा संघीयताले संस्थागत रूप लिन धेरै समय कुर्नु पर्दैन । तर, लोकतन्त्रका यस्ता तत्वहरूको वर्तमान अवस्थामा कत्तिको रक्षा हुन सक्छ भन्नेमा ब्यापक प्रश्न उठ्ने गरेको छ । आम जनता सशङ्कित छन् । जसले लोकतन्त्रमा विश्वास राख्छ उसले नै यस्ता विषयमा बढी चासो राख्दछ । उसले नै यस्ता विषयको महत्व बुझ्दछ । यसको महत्व बुझेर नै त्यस्ता विषयलाई जगेर्ना गर्न तर्फ लाग्दछ । नेपालमा कम्युनिस्ट

शासनको बोलवाला भएको बर्तमान अवस्थामा यस्ता विषयलाई रक्षा गर्ने दायित्व निश्चय पनि लोकतान्त्रिक पक्षधरहरूको नै हो । संघ, प्रदेश र स्थानीय तहको धेरै जसो ठाउँमा कम्युनिस्टहरूको नै सरकार रहेको छ । हालको परिस्थिति अनुसार उनीहरूको सिद्धान्तमा स्वतन्त्र न्यायपालिका, विधिको शासन, मानवअधिकारको विषय पर्छ कि पर्दैन भन्ने संका गर्नुपर्ने अवस्था आएको छ । नेपालको संविधानमा यस्ता विषयलाई महत्वको साथ राखिएको भएपनि कम्युनिस्ट सरकारले यसलाई कत्तिको महत्व दिन्छ भन्नेमा चासो अझै पनि रहेकै छ ।

नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न संविधान जारी भएको उल्लेख गरिएको छ । प्रस्तावनामा समेटिएको यस्ता विषयहरूलाई बर्तमान सरकारले कत्तिको महत्व दिएको छ, त्यो हालको परिस्थितिमा गम्भीर प्रश्नको रूपमा रहेको छ । नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, वालिग मताधिकर, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र समक्ष न्यायपालिका तथा कानूनी राजको विषय त प्रस्तावनामा किटानी नै गरिएको छ भने ती बाहेक लोकतान्त्रिक अन्य मूल्य र मान्यता भनी उल्लेख पनि गरिएको छ । यसको मतलव जुनसुकै सरकार भएपनि संविधानमा उल्लेख भएको यस्ता मान्यतालाई अनदेखा गर्न हुँदैन । मुलुकमा चाहे काँग्रेसको सरकार होस वा कम्युनिस्टको, यस्ता विषयलाई हरदम ख्याल गरी राज्य सञ्चालन गर्नुपर्दछ । त्यसमध्ये सवल, स्वतन्त्र तथा निष्पक्ष न्यायपालिका भयो भने लोकतन्त्रमा चाहिने सबै प्रकारका मान्यताहरू अडिग रहन सक्छ । सवल, सक्षम र निष्पक्ष न्यायपालिकालाई कहीं कतैबाट निर्देशित गरियो भने त्यस्ता मान्यताहरू पनि गौण भएर जान्छन् । फलस्वरूप जनताले दुखै दुख मात्र पाउने वातावरण बन्छ ।

लोकतान्त्रिक यस्ता मान्यताहरूलाई बचाई राख्नको लागि लोकतन्त्रमा विश्वास राख्ने कानून व्यवसायीहरू मिलेर नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन (डीएलए) नामक संस्था गठन भएको हो । यसमा स्वतन्त्र न्यायपालिका भयो भने मात्र लोकतन्त्रका अन्य अवयवहरू बाँच्न सक्छ भन्ने मान्यता राख्ने कानून व्यवसायीहरू एकजुट छन् ।

उनीहरूले बेलाबेलामा निर्देशित न्यायपालिका बनाउन खोजिएको बेलामा खवरदारी गरिरहेका छन् । लोकतान्त्रिक मूल्य र मान्यता बचाउनको लागि आन्दोलनसमेत गरेका उदाहरण प्रशस्त छन् । यसकारण लोकतान्त्रिक कानून व्यवसायीहरूले मुलुकमा लोकतान्त्रिक मूल्य र मान्यतालाई बचाई राख्न उल्लेख्य भूमिका खेलेका छन् ।

नेपाल बार आम कानून व्यवसायीहरूको साझा चौतारी हो । यस संस्थाले आम कानून व्यवसायीहरूको दुख, पीर, मर्का तथा गुनासोहरू सुन्ने गर्दछ । तर, पनि लोकतान्त्रिक पक्ष र प्रगतिशील पक्षका कानून व्यवसायीहरूको सिद्धान्त फरक छ । लोकतान्त्रिकहरूको संविधानमा भएका लोकतान्त्रिक मान्यतालाई बचाई राख्ने सोचाई हुन्छ भने प्रगतिशील पक्षका कानून व्यवसायीहरूले त्यस्ता मान्यतालाई त्यति ध्यान दिन चाहँदैनन् । कम्युनिस्ट सरकारले लोकतान्त्रिक मूल्य मान्यतालाई कुल्चिए पनि प्रगतिशील कानून व्यवसायीहरूले कुनै प्रतिक्रिया नदिन सक्छन् । हाल नेपालको तीनै तहको अधिकांश सरकारमा कम्युनिस्ट समर्थितहरूको बोलवाला छ । यस्तो अवस्थामा संविधानको मूल्य र मान्यता बचाउने जिम्मा लोकतान्त्रिक पक्षधर कानून व्यवसायीहरूको हातमा आएको छ । हुन त संविधान कार्यान्वयन गर्ने जिम्मा सरकारी सम्बन्धित निकायहरूको हो । कम्युनिस्टहरूको बोलवाला रहेको हालको अवस्थामा संविधानलाई आफूअनुकुल व्याख्या गरी संविधानको मर्मलाई नै तोडमोड गर्न सक्ने वातावरण पनि बनाइंदैछ भन्ने आरोप पनि बेलाबेलामा बर्तमान सरकार माथि लाग्दैछ । यस्तो अवस्थामा नेपाल बारले खवरदारी गर्नु पर्छ । हुन त नेपाल बार आधिकार निकाय भने होइन, तर पनि अदालतबाट संविधानको व्याख्या गराउन प्रमुख भूमिका खेल्ने कानून व्यवसायीहरूले उठाएका आवाजलाई कुनै पनि निकायले नजरअन्दाज गर्न मिल्दैन ।

जारी भएको साढे तीन वर्षसम्म पनि संविधान कार्यान्वयनको अवस्थामा नै छ भन्ने गरिन्छ । यस्तो अवस्था कहिलेसम्म रहन्छ भन्ने बारेमा अन्यौल नै रहेको छ । यस्तो अवस्था लामो समयसम्म रहनुमा लोकतन्त्रका आधारभूत मान्यतालाई महत्व नदिने तत्वहरूले जिम्मेवारी लिनुपर्छ । ती तत्वहरू सरकारमा रहेका जिम्मेवार पक्षहरू नै हुन् । उनीहरूले संविधानलाई भन्दा पनि आफ्नो स्वार्थलाई बढी महत्व दिएका छन् । मुलुकमा ठूला ठूला काण्ड एकैपटक धेरै देखिएपनि त्यसलाई समाधान गर्न तर्फ सरकारले खासै ध्यान दिएको छैन । यस्ता काण्डहरू लोकतन्त्रलाई कमजोर पार्ने खालका छन् । हत्या, बलात्कार, भ्रष्टाचार, कर छलीलगायतका काण्डहरू एकै पटक देखिएका छन् । यस्ता

काण्डहरू सानातिना होइनन् । हत्या, बलात्कार दर्दनाक छन् । भ्रष्टाचार र कर छली लाख, करोडमा होइनन्, अर्व खर्वमा छन् । यस्ता काण्डहरू उठेका धेरै समय भएपनि त्यतिकै सामसुम गर्न खोजिदैछ ।

गैरसंवैधानिक र गैरकानूनी कार्यहरूको बारेमा शसक्त आवाज उठाउनको लागि अव नेपालमा नेपाल बार नै अग्रसर हुन जरूरी छ । कम्युनिस्ट सरकारको उदासिनताको बारेमा प्रगतिशील कानून व्यवसायीले आवाज उठाउलान् जस्तो लाग्दैन । त्यसैले संविधानलाई ठीकसँग कार्यान्वयनमा ल्याउनको लागि घच्घच्याउने भनेको लोकतान्कि कानून व्यवसायीहरूले नै हो । उनीहरूलाई नेपाल बारको निर्वाचनमा अत्यधिक सिटमा जिताउन सकेमा संविधान, कानून तथा अन्य लोकतान्त्रिक मूल्य मान्यतालाई बचाउन हरदम भूमिका खेल्नेमा निश्चिन्त हुन सकिन्छ ।

लोकतान्त्रिक मूल्य मान्यतालाई बचाउनको लागि औपचारिक भूमिका खेल्ने न्यायालय नै हो । नेपाल बारको भूमिका त केवल अनौपचारिक मात्र हो, तर न्यायालयलाई बाटो देखाउने प्रमुख भूमिका भनेको नेपाल बार नै हो । यस अर्थमा बारको भूमिका औपचारिक भन्नुपर्ने हुन्छ । यस्तो किसिमबाट भूमिका खेल्न सक्ने भनेको लोकतान्त्रिक पक्षधर समूहले नै हो । उनीहरूले नेपाल बारमार्फत लोकतान्त्रिक भूमिका निश्चय पनि खेल्ने छन् ।

# सर्वोच्च अदालतको न्यायिक पुनरावलोकनको अधिकार



**वरिष्ठ अधिवक्ता गुणनिधि न्यौपाने**

मैले धेरै समय भयो लेख्न सकेको थिइन, कहिले मेरा विचारसँग असमहत हुने पत्रिकाले छाप्दैनन् होला भन्ने लाग्थ्यो, कहिले छाप्नेको विस्तार र पहुँच कम छकी भन्ने लाग्थ्यो, अन्वेषणात्मक लेख लेखौं, त्यस्तो लेखका पाठक पाउन पनि सकिदैनकी भन्ने लाग्थ्यो, यस्तै यस्तै संसयका विच मेरो लेखन कार्यले विश्राम लिएको हो । त्यसैपनि २०६८ देखि २०७२ सम्म मेरो प्रशासनिक जिम्मेवारीले गर्दा लेखन कार्यमा अवरोध पुऱ्याएको थियो । यसै विच विकासजीले अनुरोध गर्नुभयो, मेरो लागि अवसर भयो ।

न्यायिक पुनरावलोकनको बारेमा लेख्ने धेरै विषय छन् । यसको ऐतिहासिक रूपमै महत्व भएको र वर्तमानमा झन् आवश्यक र महत्वपुर्ण विषय भएकोले यसबारेमा केही थप विश्लेषण आवश्यक देखें । नेपालको संविधानको धारा १३३ ले[१] सर्वोच्च अदालतको अधिकारक्षेत्र अन्तर्गगत उपधारा (१) मा "यस संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाएको वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानून संघीय वा प्रदेश सभाले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर धोषित गरी पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा

१ नेपालको संविधान, कानून किताब व्यवस्था समिति, २०७२

निवेदन दिन सक्नेछ । सो अनुसार कुनै कानून बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भ देखिनै वा निर्णय भएको मिति देखि अमान्य वा बदर घोषित गर्ने असाधारण अधिकार क्षेत्र सर्वोच्च अदालतलाई हुनेछ" भन्ने उल्लेख भएबाट विधिशास्त्री मन्टेस्क्यूले प्रतिपादन गरेको शक्तिपृथकीकरण र शक्ति सन्तुलनको (Separation of Power and Principles of Check and Balance) सिद्धान्त अंगिकार गरेको पाइन्छ । उक्त धारा १३३ को उपधारा (२) र (३) मा साधारण रिट अधिकार क्षेत्रका बारेमा उल्लेख छ । जस अन्तरगत सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवादको टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ भनिएको छ । तर, अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक संघीय संसद वा प्रदेश सभाको आन्तरिक काम कारवाही र संघीय संसद वा प्रदेश सभाले चलाएको विशेषाधिकारको कारवाही र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधारा अन्तरगत सर्वोच्च अदालतले हस्तक्षेप गर्ने छैन भन्ने उल्लेख छ । यसले संसदको विशेषाधिकारको प्रत्याभुति गरेको पाईन्छ । यस सम्बन्धमा सर्वोच्च अदालतबाट भएका ऐतिहासिक फैसलाहरू उल्लेख गर्न चाहान्छु ।

मैले हेर्दै पढ्दै जाँदा २०१० सालमा हरिप्रसाद प्रधानले विशेश्वर प्रसाद कोइराला वि. नेपाल सरकार भएको मुद्दामा व्याख्या गर्दै न्यायिक पुनरावलोकन गरेको पाएँ । यद्यपी अमेरिकी इतिहास यस सम्बन्धमा धेरै पुरानो छ । कहिले काँही प्रश्न उठ्ने गर्छ न्यायिक पुनरावलोकन के हो ? कसै कसैलाई यसमा पनि द्विविधा भएको पाएको छु । विधायिकी कार्य अथवा विधायिकाले बनाएको कानून संविधानसँग बाझिएको हदसम्म बदर गर्न सक्ने अधिकार संविधानवाद लागु भएको देशमा प्रत्याभुती नै गरिएको हुन्छ । त्यस्तै कार्यकारीले गरेका कार्य कानूनसम्मत हुनुपर्छ । यदि कानूनसम्मत भएको छैन भने कार्यकारी अधिकार प्रयोग गरी भएको निर्णयको पनि कानूनी परीक्षण हुन्छ । यसैलाई प्रशासनिक कार्यको न्यायिक पुनरावलोकन (Judicial Review of Administrative Action) भनिन्छ ।

❖ **विश्वेश्वरप्रसाद कोइराला विरूद्ध नेपाल सरकार काठमाण्डौ मेजिष्ट्रेट**

निवेदक विश्वेश्वरप्रसाद कोइराला वि. नेपाल सरकार काठमाण्डौ मेजिष्ट्रेट भएको मुद्दामा तत्कालीन प्रधानन्यायाधीश हरि प्रसाद प्रधान सहितको फूलबेन्चले २०१०/०७/२४/४[२] मा गरेको फैसला नेपालको न्यायिक इतिहासमा न्यायिक पुनरावलोकनको बारेमा कोशेढुंगा सावित भएको छ । प्रस्तुत मुद्दामा मुलभूत रूपमा निम्न विषय नजिरको रूपमा उल्लेख गरिएको छ ।

२ ने.का.प. २०१६, नि.नं. २४, पृ. १२३

- अन्तरिम शासन विधान र शाही घोषणाले स्वतन्त्र न्यायपालिका खडा भइसकेपछि उक्त वैधानिक व्यवस्था प्रतिकूलको ऐन बन्न गएमा त्यस्तो ऐनलाई अवैधानिक ठहऱ्याउनु प्रधान न्यायालयको कर्तव्य हुने ।
- मेजिष्ट्रेटको सवालको दफा १ को उपदफा (स) अन्तरिम शासन विधानको वैधानिक सिद्धान्तअन्तर्गत प्रधान न्यायालय ऐनको दफा ३० को प्रतिकूल अवैधानिक ठहर्ने ।

उपरोक्त निर्णयाधार भएको प्रस्तुत मुद्दामा रहेको तथ्यसमेत वर्तमान परिवेशमा राष्ट्रियता र प्रजातन्त्रमा आस्था राख्ने सबैको चासोको विषय हुन सक्ने भएकोले अदालतले तथ्यको रूपमा समावेश गरेका विषयसमेत यहाँ साभार गरिएको छ । यसमा अन्य कुराहरूका अलवा श्री विशेश्वर प्रसाद कोइरालाले श्री भवानी भक्तलाई २०१०/५/२८ मा लेखेको पत्रको नक्कल काठमाण्डौ मेजिष्ट्रेट मार्फत आएको भनी फैसलामा समावेश भएको विषयमा विभिन्न कुरा उल्लेख गरिएको छ ।

**(क) राष्ट्रियता : जसका निम्न विषय उल्लेख छन् ।**

- नेपालको प्रशासनमा कुनै विदेशी तत्व समावेश हुनु हुदैन । त्यसमा भारतीय सैनिक मण्डल र भारतीय सल्लाहकार वापस जानुपर्छ भन्ने उल्लेख छ ।
- केवल राष्ट्रिय मुद्रा नै देशभरी चलन गर्ने
- विदेशी प्रतिस्पर्धाको (Competition) मुकावलामा राष्ट्रिय व्यापारिक स्वार्थको संरक्षण गर्ने
- विदेशीहरूलाई कृषियोग्य जग्गा किन्न बिक्री गर्न अथवा नामसारी रोकिनु पर्छ ।
- नेपाललाई संयुक्त संघको सदस्यता प्राप्त गर्ने ।

**(ख) प्रजातन्त्रवादः जसमा निम्न विषय उल्लेख छन् ।**

- स्वाधीन न्याय पद्धती
- पब्लिक सर्भिस कमिसनलाई वास्तविक रूपमा कार्यसाधन गराउने
- व्यक्तिगत स्वतन्त्रताको वैधानिक ग्यारेण्टी गर्ने
- स्वतन्त्र अडिटर जनरलको नियुक्ति गर्ने
- संवत् २०११ साल भित्र आम चुनाव गराउने
- शासनमा भएको भ्रष्टाचारलाई रोक्ने ।

**(ग) आर्थिक न्याय : जसमा निम्न विषय उठान गरिएको छ ।**

- जिल्लाको आम्दानीको केही हिस्सा स्थानीय विकास कार्यमा खर्च हुनुपर्छ । जिल्लाबाट बाटो, सडक, नहर, बाँध, पैनी सानातिना विद्युत शक्ति उत्पादन योजना, स्कुल, अस्पताल स्थापना आदि कार्य प्रारम्भ हुनुपर्छ ।

- ऐन कानूनले दिएको जग्गा जोत्ने रैतिहरूको अधिकारको संरक्षण र अनुचित तिरो उठाउनलाई रोक्ने ।
- किफायतमा ग्रामीणहरूलाई ऋण प्राप्तिको प्रबन्ध गर्ने ।

**सरकारको स्वेच्छाचारीता र तत्कालीन अदालतको सक्षमता**

उपरोक्त वर्णीत राष्ट्रियता, प्रजातन्त्र र आर्थिक न्यायका सम्बन्धमा त्यसवेला गरिएको उक्त अपील उच्चकोटीको थियो । त्यस्तो अपीलबाट सरकार डगमगाउन सक्दछ भन्ने आधारमा विशेश्वर प्रसाद कोइरालालाई प्रतिबन्ध लगाउने २०१० साल जेठमा नेपाल गजेटमा प्रकाशित कमिश्नर मेजिष्ट्रेटको सवालद्वारा हिडडुलमा प्रतिबन्ध लगाउने प्रावधान राखिएको र त्यस्तो कार्यको संरक्षण गर्दै लिखित जवाफमा 'हाम्रो मुलुकमा ऐन काटेर पनि सवाल बन्ने भईरहेको हुनाले मेजिष्ट्रेट सवाल पनि लालमोहर भएको सवाल हुँदा यसमा लेखिएका दफाहरू प्रधान न्यायालयको ऐनले काटिन सक्तैन' भन्नेसमेत उल्लेख गरिएको भएपनि अदालत उक्त कुरामा सहमत भएको पाइदैन । अदालतले प्रस्तुत मुद्दामा संलग्न २०१०/५/२८ मा भवानी भक्तलाई विशेश्वर प्रसाद कोइरालाले लेखेको पत्रको अक्षर र मर्मलाई मनन् गरेको पाईन्छ । उपरोक्त पत्रमा उल्लेख छ, "नेपालको बिग्रेको परिस्थिति मैले तपाइको ध्यान आकर्षित गराई रहनु पर्दैन । सबै देशबासीहरूलाई यो कुरा दुखका साथ थाहा भईरहेको छ कि पछि देशमा सुसंगठित राष्ट्रिय शक्तिको उदय भएन भने हाम्रो अस्तित्व नै लोप हुन लागेको छ । सरकारी व्यवस्था नाममात्रको निमित्त मात्र छ । भ्रष्टाचार साम्राज्य चारैतिर अड्डाखानामा भैराखेको छ । देशको आर्थिक व्यवस्था दिन प्रतिदिन खराब हुदैछ । काठमाण्डौका मध्यम वर्गीय व्यक्तिलाई दुइ छाकको व्यवस्था मिलाउन असम्भव हुदै गएको छ । मुद्राको अनिश्चितताले व्यापारी वर्गलाई बडो मर्का छ । जिल्ला जिल्लामा पनि रैतिको भलाईका कुनै किसिमको व्यवस्था छैन । देशको आम्दानी व्यर्थको शानसौकात र व्यक्तिगत स्वार्थका लागि व्यय हुदैछ । के तपाई हाम्रो यो कर्तव्य होइन कि देशलाई आज परेको आपत्तिबाट बचाउँ ? नेपाली काँग्रेसले तत्कालका लागि न्यूनतम कार्यक्रम तयार गरेको छ । तपाईको सहयोगका लागि पत्र लेख्दैछु । यदि हाम्रो कार्यक्रम ठिक छ भने तपाईको सहयोग हामीलाई चाहिएको छ । यसपत्रको उत्तर पाउने छु ।' उक्त पत्रमा माथि उल्लेख गरिएको विषय समावेश गरिएकोमा उक्त कुरा तत्कालीन सरकारलाई सह्य नभएपछि नजरबन्द राख्न आदेश निकालिएको थियो र त्यो आदेश कानूनभन्दा माथि भन्ने तर्क थियो तर अदालतले त्यसलाई गैरकानूनी ठहऱ्याएको थियो । प्रधानन्यायाधीश हरि प्रसाद प्रधानको नेतृत्वको सर्वोच्च अदालतबाट आजभन्दा ६५ वर्ष अगाडि गरेको उक्त निर्णय ज्यादै महत्वपुर्ण छ ।

❖ **मारबुरी वी. मेडिसन (William Marbury V. James Madison, Secretary of State of the united States)**

यो अमेरिकी सर्वोच्च अदालतद्वारा निर्णय गरिएको न्यायिक पुनरावलोकन सम्बन्धी महत्वपूर्ण फैसला हो । यस फैसलाले अमेरिकी अदालतले संविधानको मर्म र भावना विपरित बनेका कानून तथा सरकारका निर्णय बदर गर्ने अधिकार प्राप्त गरेको छ । यस फैसलाले अमेरिकी संविधान वास्तविक कानून हो र यो राजनीति सिद्धान्त र आदेशमा मात्र होइन भन्ने कुरा स्थापित गरेको छ । साथै कार्यपालिका र न्यायपालिकाको कार्य क्षेत्रसमेत स्पष्ट रूपमा छुट्टयाईदिएको छ । यो मुद्धामा प्रथमतः प्रधानन्यायाधीश मार्शलले मुलभूत रूपमा मेडिसनले मारवुरीको कमिसन दिन अस्वीकार गरिएकोलाई अवैध ठहर गर्‍यो ।

**मुद्धाको तथ्य :** थोमस जेफर्सनले जोहन आडम स्मिथलाई सन् १८०० को अमेरिकी राष्ट्रपतिको निर्वाचनमा हराएर अमेरिकी राष्ट्रपतिमा निर्वाचित भए । जेफर्सनले मार्च ४, १८०१ मा पद समाल्नु अघि आदम स्मिथसहित कंग्रेसले न्यायपालिका ऐन, १८०१ पास गर्‍यो, जसले नयाँ अदालतको स्थापना र न्यायाधीशका निमित्त पद सृजना गर्‍यो । त्यसले राष्ट्रपतिको नियुक्ति माथिको अधिकार नियन्त्रण गर्नसक्ने अधिकार दिएको थियो । यो हुनेवाला राष्ट्रपतिलाई निरूत्साहि बनाउने नियतले गरिएको थियो । उक्त ऐन अनुसार १६ नयाँ सर्किट न्यायाधीश र ४२ नयाँ शान्ति सम्बन्धी न्यायमुर्ति नियुक्त भए । यस नियुक्तिलाई सिनेटले अनुमोदन गर्‍यो । तर स्टेट सेक्रेटरीले नियुक्ति नदिएसम्म उनीहरूको नियुक्ति पूर्ण हुन सक्तैन थियो । मारबुरीलाई कोलम्विया जिल्लाको न्यायमुर्तिमा नियुक्ति गरिएको थियो । तर उनसहितको नियुक्ति पठाईएको थिएन । मारबुरीले आवश्यक कागजात पठाउन परमादेश जारी गरी पाउँ भनी सर्वोच्च अदालतमा रिट दायर गरे । यस मुद्धामा मुलरूपमा तीन प्रश्न अदालत अगाडि निर्णय गर्नुपर्ने विषय थिए ।[३]

- के निवेदकले त्यस्तो नियुक्ति प्राप्त गर्न सक्दछ ?
- के उनीहरूले त्यसका लागि अदालतमा मुद्धा दायर गर्न सक्दछन् ?
- के स.अ. ले त्यस्तो कागज पठाउन आदेश दिने अधिकार राख्दछ ?

प्रस्तुत मुद्धामा अमेरिकी अदालतले संविधान विपरित बनेको कानून बदर गर्नसक्ने सिद्धान्त पारित गर्‍यो तर मारबुरीको निवेदन खारेज गर्‍यो र संविधानले Judicial Act of १८०१ सम्बन्धित दफा १३ खारेज गर्‍यो । रोचक कुरा त के छ भने आडम्सको राज्य सचिव (Secretary of State) जुन अमेरिकी कार्यकारीको महत्वपुर्ण पद हो, त्यसमा जोन मार्शल थिए । उनीलाई प्रधानन्यायधीश नियुक्ति गरिएको थियो । जेफर्शनले शपथ लिएपछि मेडिसनलाई राज्य सचिव नियुक्ति गरे र सबै नियुक्तिका नपठाएका पत्रहरू रोक्न लगाए । जहाँ अधिकार छ, त्यहाँ उपचारपनि हुन्छ -Where there is a right there must

३ Marbury V. James Madison, Oyez, 24, Feb. 2019, www.oyez.org/cases/1789-sus137

be remedy (Ubi Jus, ibi rumedium)[४] यो एङ्लो अमेरिकन कमन ल बाट स्थापित सिद्धान्त हो भन्नेसमेत उनले व्याख्या गरे । उनले अगाडि उल्लेख गरेका छन् "अमेरिकी सरकार कानूनको सरकार हो, मानिसको हैन -The government of united state has been emphatically termed a government of laws and not of men)[५]

### ❖ अधिवक्ता बालकृष्ण न्यौपाने वि. मन्त्रिपरिषद् सचिवालयसमेत

बालकृष्ण न्यौपाने वि. मन्त्रिपरिषदको सचिवालयसमेत भएको मुद्धामा[६] नागरिकता नियमावली, २०४९ को नियम ३ को उपनियम (४) खण्ड (क) (ख) (ग) को वाध्यात्मक व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८, ९ तथा नेपाल नागरिकता ऐन, २०२० को दफा ३ र १९ सँग बाझिएकोले बाझिएको हदसम्म संविधानको धारा ८८ (१) अनुसार प्रारम्भ भएको मिति देखि नै अमान्य र बदर घोषित हुने भनी माननीय न्यायाधीश मोहन प्रसाद शर्मा, मा.न्या. केशव प्रसाद उपाध्याय, मा.न्या. गोविन्द बहादुर श्रेष्ठ भएको पुलवेन्चबाट निर्णय भएको छ । जसले नेपालको न्यायपालिका पनि यस न्यायिक पुनरावलोकन तर्फ दृढ रूपमा लागेको पुष्टि हुन्छ । माथि उल्लेख गरिएको प्रशासनिक कार्यको न्यायिक पुनरावलोकन सम्बन्धमा पत्रकार तीर्थ कोइराला वि. श्री ५ को सरकार सामान्य प्रशासन मन्त्रालय भएको मुद्दामा[7] भएको व्याख्या र निर्णयले पुष्टि गर्दछ । उक्त मुद्दामा अन्य कुराहरूका अलवा "कार्यपालिकाले न्यायपालिकाको कार्यको न्यायिक नियन्त्रण गर्ने नभै न्यायपालिकाले कार्यपालिकाको कार्यको संवैधानिकता तथा वैधता परीक्षण गर्ने स्वतन्त्र न्यायपालिकाको लक्षण हुने, स्वतन्त्र न्यापालिकाको भावनामा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमबाट पनि आँच आउने गरी गरिएको व्यवस्था संविधान अनुकुल नहुने" भनी निर्णय भएबाट न्यायपालिकाले शक्तिपृथकीकरण, शक्तिसन्तुलनको सिद्धान्त तथा न्यायिक सर्वोच्चतालाई पूर्ण रूपमा न्याय गर्न कार्यपालिकासँग नझुकी स्वतन्त्र रूपमा अघि बढेको पाईन्छ ।

### वर्तमान परिवेश

कान्तिपुर टेलिभिजनको सरोकार कार्यक्रममा एकजना पार्टीका नेताले बहसमा भागलिदै न्यायपालिकाले सरकारी राजस्व सम्बन्धी मुद्दाहरू हराउँछ तर बजेट सरकारसँग मागिरहन्छ भनी लज्जास्पद तर्क राख्नु भएको थियो । अनि मैले सोंचे के अव यो देशमा स्वतन्त्र न्यायपालिका रहला त ? न्यायमुर्तिहरू संविधान, कानून र स्थापित सिद्धान्तबाट न्यायिक

---

४ पूर्ववत

५ पूर्ववत

६ ने.का.प. २०५१, नि.नं. ४९७०,पृ. ६७५

७ ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेष, २०५२, पृ. १९२

निश्कर्षमा पुग्नुपर्ने हो तर यहाँ त राजनेताको धम्की र पत्रपत्रिकाको समाचार न्यायिक निश्कर्षमा पुग्न प्रेरित गर्ने औजार बनेका छन् । वर्तमान प्रधानन्यायाधीशको संसदीय सुनुवाई सकिएपछि एउटा ढोका त खुल्यो तर धेरै त्यस्ता ढोका काँकी नै छन् भनी संसदीय सुनुवाईमा रहेका केही जिम्मेवार सांसदले भनेको पनि सुनियो । यो स्वतन्त्र न्यायपालिकाका लागि वाधक तत्व हो भन्ने लाग्छ । न्याय लहडमा दिने विषय पनि होईन । सरकारले माइतीधर मण्डलामा भेला हुन रोक लगाउने गरी निकालिएको कार्यकारी आदेशमा न्यायाधीश इश्वर खतिवडाको वेन्चबाट रोक लगाउन मिल्दैन भन्ने आदेश जारी भई नागरिक स्वतन्त्रतालाई महत्व दिएको पाईन्छ । त्यस्तै व्यक्तिको वैयक्तिक स्वतन्त्रता र सम्पत्ति सम्बन्त्री अधिकार लिखित संविधान भएका देशमा आधारभुत संरचनाको रूपमा लिइन्छ, यसैकारण संविधानले यी विषयलाई प्रत्याभुत गरेको छ । सान्तोना सुवेदी वि. काठमाण्डौ उपत्यका प्राधिकरण भएको मुद्दामा मुआब्जा नदिई कसैको सम्पत्ति लिन नपाइने भनी भरखरै सर्वोच्च अदालतबाट निर्णय भएको छ । यो निर्णय कसैका लागि विकास विरोधी भन्ने पनि लाग्ला तर व्यक्तिको सम्पत्ती सम्बन्धी हकको प्रत्याभुती सम्बन्धी आधारमा हेर्ने हो भने विकास वा निकासको (बाटोको) नाममा व्यक्ति घरबार विहिन बनाउनु र त्यसको कुनै क्षतिपूर्तिसमेत नदिई सरकारले लिने कार्य स्वेच्छाचारी कार्य हो भन्ने सन्देश यो आदेशमा छ । यद्यपी वर्तमान सरकारका अर्थ मन्त्रीले नै विकास आयोजनाका लागि जग्गा अधिकारण गर्नुपर्ने र मुआब्जा दिनुपर्ने कारणले देशको विकास चाहे अनुसार हुन नसकेको भन्ने विचार प्रकट गर्नुभएबाट सरकार स्वेच्छाचारी रूपमा अगि बढ्न खोजेको देखिन्छ । त्यस्ता स्वेच्छाचारी कार्यको अंकुश लगाउने दायित्व न्यायपालिकाको काँधमा आएको छ । त्यसतर्फ अदालतले माथि उल्लेख गरेको आजभन्दा ६५ वर्ष अगाडि भएको निर्णयलाई पनि हेर्नुपर्ने र आत्मसात गर्नुपर्ने देखिन्छ ।

# सत्तालाई सहयोग गर्नेबाट बारको उद्देश्य पूरा हुन सक्दैन




केही महिना अघि नवलपुर गैंडाकोटमा भएको नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन (डीएलए नेपाल) को महाधिवेशनबाट महासचिव पदमा निर्वाचित युवा कानून व्यवसायी अधिवक्ता **लक्ष्मीदेवी दाहाल (रावल)** पूर्वकेन्द्रीय सदस्य नेपाल बार एशोसिएशनले लोकतन्त्रमा विश्वास राख्ने कानून व्यवसायीलाई नेपाल बारको निर्वाचनमा अत्यधिक सङ्ख्यामा निर्वाचित गराउनको लागि अहोरात्र खटिई रहनुभएको छ । यसै सन्दर्भलाई लिएर र उहाँको भावी योजनाको बारेमा लिगल आइका सम्पादक मण्डलका संयोजक विकास भट्टराईले महासचिव **रावल**सँग लिएको अन्तर्वार्ताको सारसंक्षेप ।

- **लोकतन्त्रमा विश्वास राख्ने कानून व्यवसायीले स्वतन्त्र न्यायपालिका, कानूनी शासन, मानवअधिकारको क्षेत्रमा कत्तिको योगदान पुऱ्याएका छन् ?**

  बस्तुतः लोकतन्त्र एउटा राजनीतिक दर्शन र सिद्धान्त त हुँदै हो, त्योभन्दा बढी संस्कार र जीवन पद्धति हो । नागरिकको रूपमा सम्मानपूर्ण जीवनयापन गर्नका लागि जे-जति मूलभूत स्वतन्त्रता छन्, (जस्तैः वाक स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता, संगठन खोल्ने स्वतन्त्रता आदि) त्यसको आधार भनेको मूलतः लोकतन्त्रका सिद्धान्त र मान्यता नै हो । लोकतन्त्रमा विश्वास राख्ने कानून व्यवसायीहरूले स्वतन्त्र न्यायपालिकाको सम्वर्द्धन, कानूनी शासनको प्रत्याभूति, मानवअधिकारको संरक्षण, प्रेस स्वतन्त्रताको लागि सामाजिक अभियन्ताको रूपमा सधै नेतृत्वदायी भूमिका खेली उदाहरणीय योगदान पुऱ्याएका छन् ।

- **नेपाल बार एशोसिएशनको गठनको खास उद्देश्य के हो?**

  नेपाल बार एशोसिएशन सम्पूर्ण कानून व्यवसायीहरूको छाता संगठन हो । यसले कानून व्यवसायीहरूका बीच एकता, सद्भावना, भातृत्व, पेशागत आचरण र शिष्टाचार अभिवृद्धि गर्ने गर्दछ । कानून व्यवसायीहरूको व्यवसायिक हित संरक्षण र सम्वर्द्धन गर्न, न्याय प्रशासनलाई स्वच्छ-निष्पक्ष र न्यायमुखी बनाउन, कानूनी राजको स्थापनाकालागि निरन्तर प्रयत्नशील रहन, स्वतन्त्र न्यायपालिकाका लागि समर्पित रहन जस्ता मूलभूत उद्देश्य लिएर नेपाल बार एशोसिएशनको गठन गरिएको हो ।

- **नेपाल बारको स्थापना कालदेखि हालसम्म यसको उद्देश्य प्राप्तिमा कत्तिको प्रगति भएको पाउनु (देख्नु) भएको छ ?**

  २०४५ सालमा सम्पन्न नेपाल बार एशोसिएशनको चौथो राष्ट्रिय सम्मेलनले प्रष्ट रूपमा बहुदलीय प्रजातन्त्र जरूरी भएको उद्घोष गरेको थियो । २०४६ माघ २६ मा सम्पन्न नेपाल बार एशोसिएशनको बैठकले चौथो राष्ट्रिय सम्मेलनले पारित गरेको प्रस्तावप्रति कटिवद्ध रहेको देखिएकाले नेपाल बार प्रजातन्त्र प्राप्तिका लागि कुनै पनि क्रियाकलापमा आफ्नो समर्थन जनाउँछ भन्ने देखिएको छ । राजाको निरंकुश शासन विरूद्धको २०६२।०६३ को जनान्दोलनमा पनि नेपाल बारको अग्रणी भूमिका रहेकै हो । कानून व्यवसायीको हक हितको संरक्षण, स्वतन्त्र न्यायपालिकाको विकास, कानूनी राज्यको स्थापना आदि क्षेत्रमा स्थापना काल देखि नै नेपाल बार एशोसिएशन र यसका कर्मठ सदस्यहरूको अतुलनीय योगदान रही आएको छ । १०।१५ जना आदरणीय अग्रजहरूको पहलबाट शुरू भएको नेपाल बारले झण्डै ६२ वर्ष अवधि पूरा गरिसकेको छ । कानून व्यवसायीको एकता, व्यवसायिक हकहितको संरक्षण, कानूनी राज्यको स्थापना र स्वतन्त्र न्यायपालिकाको विकास जस्ता उद्देश्य प्राप्तिमा धेरै प्रगति भएको सबैले महसुस गरेकै विषय हो ।

- **नेपाल बार र न्यायलयबीच कस्तो सम्बन्ध हुनुपर्छ ? यसमा नेपाल बार र न्यायलयले आ-आफ्नो भूमिका खेल्न सकेका छन् कि छैनन् ?**

  नेपाल बार र न्यायपालिकाबीचको आपसी सम्बन्ध अत्यन्तै सुमधुर, सकारात्मक र फलदायी हुनुपर्छ । एक रथको दुई पाङ्ग्रा भनिने बार र बेञ्चबीचको सम्बन्ध एकअर्काको प्रतिष्पर्धी नभई परिपूरक हुनुपर्छ । यदाकदा बारको अध्यक्षलाई कानून

व्यवसाय गर्न रोक लगाउने, कानून व्यवसायीमाथि अवहेलनाको मुद्दा चलाउने जस्ता काम नभएका होइनन् तर यी केवल अपवाद मात्रै हुन् । स्वतन्त्र न्यायपालिका बार र बेञ्च दुवैको साझा चासोको विषय भएकोले यसको पक्षमा बार र बेञ्चले आ–आफ्नो क्षेत्रबाट सार्थक भूमिका खेलेका छन् भन्नुमा अत्युक्ति हुँदैन ।

- **आगामी निर्वाचनमा लोकतान्त्रिक कानून व्यवसायीले नै जित्नु पर्ने आधार र कारण के–के हुन् ?**

डीएलए नेपाल सबै वर्ग, क्षेत्र समुदायका कानून व्यवसायीहरू अटेको संगठन हो । यस संगठनमा विश्वास राख्ने कानून व्यवसायी र यस संगठनबाट नेपाल बारमा प्रतिनिधित्व गर्ने लोकतान्त्रिक कानून व्यवसायी लोकतान्त्रिक मुल्य र मान्यता सहितको संविधानवादमा विश्वास राख्दछन् । मुलुकमा अहिले दुई तिहाई बहुमतसहितको सरकार छ । यसको दम्भमा अधिनायकबादतिर त कतै मुलुक धकेलिंदै पो छैन भनेर चिन्ता गर्नुपर्ने अवस्थाको पनि सृजना भएको छ । हालैका ईतर विचार र आवाजलाई दबाउने डा. गोविन्द केसी प्रकरण, चिकित्सा शिक्षासम्बन्धी विधेयक पारित गर्दा भएका क्रियाकलाप, वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता र न्यायपालिकामाथि भएको ठाडो हस्तक्षेप आदि प्रसंगहरूले देशलाई अधिनायकवादतिर डोऱ्याइँदै त छैन भन्ने आशंका भएको छ ।  न्यायपालिकामाथि प्रत्यक्ष राजनीतिक हस्तक्षेप बढेको छ । यस्तो स्थितिमा शासन सत्तालाई नै समर्थन गर्ने पक्ष बारमा हाबी भयो भने नेपाल बार आफ्नो उद्देश्यबाट बिचलित हुने जोखिम रहन्छ । नेपाल बार एउटा सशक्त संगठन भएकोले मुलुक र न्यायपालिकालाई आफ्नो अनुकूल बनाई उपभोग मात्र गर्नेहरूको विरूद्धमा उत्रने र न्यायपालिकालाई अधिनायकबादको पञ्जाबाट बचाउन बारको नेतृत्व पनि उत्तिकै सशक्त हुनैपर्छ । सत्तालाई सहयोग गर्ने प्रवृत्तिका व्यक्तिबाट बारको उद्देश्य प्राप्ति हुनै सक्दैन । लोकतन्त्रवादी बाहेक अरू पक्षले जतिसुकै र जेसुकै भने पनि सारमा स्वतन्त्र न्यायपालिका, मानवअधिकारको संरक्षण, प्रेस स्वतन्त्रता र कानूनी राजको अवधारणालाई आत्मसात गर्न उनीहरूबाट असम्भव प्राय हुन्छ । लोकतान्त्रिक पक्ष नेपाल बारको उद्देश्यलाई परिपूर्ति गर्न सर्वथा सबल र सक्षम छ, त्यसैले स्वतन्त्र न्यायपालिका र कानूनी राजको अवधारणालाई सफलीभूत बनाउन र लोकतन्त्रको दियोलाई जलाई राख्न पनि यो पक्षको जित अपरिहार्य र अत्यावश्यक छ ।

- **लोकतान्त्रिक पक्षले सुधार गर्नु पर्ने केही विषयहरू छन् कि ?**

लोकतान्त्रिक पक्षधर कानून व्यवसायीहरूमा विगतमा केही असन्तुष्टिहरू भएतापनि हाल त्यस्तो असन्तुष्टि समाधान भइसकेको छ । डीएलए नेपालले नेपाल बारको निर्वाचनमा उम्मेदवार चयन गरेपछि फरक मत राख्ने केहीले लोकतान्त्रिक पक्षलाई अरूले होइन केही असन्तृष्ट पक्षले नै हराउँछन् भन्ने सोचाई राखेको पाइन्छ । यो उनीहरूको कुण्ठा मात्र हो । परिआएको बेलामा लोकतान्त्रिक पक्षधर सधैं एकजुट हुने परम्परा नै छ । आफ्नो निजी स्वार्थभन्दा माथि उठेर बृहत्तर हितका खातिर नेपाल बारको प्रतिष्ठा र उद्देश्य प्राप्तिको लागि र लोकतन्त्रको रक्षाका लागि लोकतान्त्रिक पक्षधर एकजुट भई बारको निर्वाचनमा होमिंदै छौं । हामी लोकतन्त्रवादी कानून व्यवसायीहरू एक जुट छौं ।

- **अन्त्यमा केही भन्नु छ कि ?**

अब मुलुकको भविष्य प्रत्यक्ष/अप्रत्यक्ष नेपाल बारको भूमिकामा पनि निर्भर रहन्छ । यस्तो अवस्थामा सरकारका कार्य असंवैधानिक र कानूनीविरूद्ध सशक्त आवाज उठाउने बारको आवश्यकता रहेको छ । तसर्थ सम्पूर्ण वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा अन्य सम्पूर्णको बृहत लोकतान्त्रिक पक्षधरलाई समर्थन गर्दै कानूनी शासन, मानवअधिकार, प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको संरक्षणका लागि आसन्न नेबाए निर्वाचनमा बृहत लोकतान्त्रिक समूहलाई आफ्नो अमूल्य मत प्रदान गरी विजयी गराउन हुन हार्दिक अनुरोध गर्दछु ।

# संघीय संरचनामा सिंहदरबारको आर्थिक अधिकार बाँडफाँड



अधिवक्ता अवतार न्यौपाने

**पृष्टभूमीः**

नेपालको संविधानमा नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनी उल्लेख गरिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था नेपालको संविधानमा गरिएको छ । राज्य शक्तिको बाँडफाँड संविधानमा अनूसूचिमा राखि स्थानीय तह, प्रदेश, र संघलाई दिइएको छ । नेपाललाई ७ प्रदेश र स्थानीय तहअन्तर्गत ६ महानगपालिका, ११ उप-महानगपालिका २७६ नगरपालिका, ४६० गाउँपालिका गरी जम्मा स्थानीय तहको संख्या ७५३ र यी स्थानीय तहका वडा संख्या ६७४३ बनाई, सिंहदरवारको अधिकार वडा तहसम्म पुऱ्याउन खोजिएको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको बिषयमा आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने[1] अधिकार दिएको छ ।

१ नेपालको संविधानको धारा ५९(१)

कानून बमोजिम बाहेक कुनै कर लगाउने र उठाउने नपाइने संवैधानिक व्यवस्था गरिएको छ भने संञ्चित कोषमा रहेको रकम संविधान वा कुनै कानूनमा उल्लेख वा व्यवस्था भएदेखि बाहेकको शीर्षकमा खर्च गर्न नपाइने व्यवस्था गरिएको छ । तसर्थ राजश्व संकलन र संञ्चित कोषमा व्ययभार पर्ने खर्चहरू समेत कानूनद्वारा निर्देशित हुन जरूरी छ । राज्य शक्तिको बाँडफाँडअन्तर्गत संविधानमा अनूसूचिको व्यवस्था गरी अनुसूचिमा उल्लेखित विषयमा सम्बन्धित प्रदेश, स्थानीय तह र संघको अधिकार राखिएको छ । प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिणाम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारीस बमोजिम हुने[२] व्यवस्था गरिएको छ । प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजश्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजश्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान तथा वितरण गर्न पाउने[३] व्यवस्था गरिएको छ ।

संघमा संघीय सञ्चित कोष र प्रदेश तहमा प्रदेश सञ्चित कोष र स्थानीय तहमा स्थानीय सञ्चित कोषको व्यवस्था गरी सम्बन्धित सञ्चित कोषमा जम्मा भएको रकम कानून बमोजिम अर्थात संघको हकमा संघीय संसदबाट पारित भएको विनियोजन ऐन बमोजिम, प्रदेश तहमा प्रदेश संसदबाट पारित भएको विनियोजन ऐन बमोजिम र स्थानीय तहमा गाउँ सभा वा नगर सभाद्वारा पारित कानून बमोजिम खर्च गर्न पाउने व्यवस्था गरिएको छ । संघीय सञ्चित कोष, प्रदेश संञ्चित कोष र स्थानीय सञ्चित कोषका अलावा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघीय सरकारले संघीय विभाज्य कोष, प्रत्येक प्रदेशमा प्रदेश विभाज्य कोष र प्रत्येक स्थानीय तहमा स्थानीय विभाज्य कोषको व्यवस्था गरी संघ, प्रदेश र स्थानीय तहले संकलन गरेको राजश्वको बाँडफाँड गर्नु पर्ने रकम उक्त कोषमा राख्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकारले संकलन गरेको राजश्व प्रदेश र स्थानीय तहलाई न्यायोचित विवरणको व्यवस्थापन गर्नुपर्ने दायित्व स्वयम नेपाल सरकारको रहेको हुन्छ । प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ । नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजश्वको क्षमताको समेतका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था गरिएको छ ।

२ नेपालको संविधानको धारा ६०(३)

३ नेपालको संविधानको धारा ६०(५)

## नेपालको संविधान

नेपालको संघीय सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक बर्षको सम्बन्धमा राजश्वको अनुमान, संघीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, संघीय विनीयोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू बमोजिमको राजश्व र व्ययको अनुमान प्रत्येक बर्ष जेष्ठ महिनाको १५ गते संघीय संसदमा पेश गर्नु पर्ने[४] व्यवस्था गरिएको छ । प्रत्येक बर्ष जेष्ठ १५ गते आगामी आर्थिक बर्षका लागि राजश्व र व्ययको विवरण संघीय संसदमा पेश गर्नु पर्ने अनिवार्य संवैधानिक व्यवस्था छ । संघीय सरकारले गुठी रकमबाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजश्व, राजश्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकारअन्तर्गत दिइएका जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन एक सरकारी कोषमा आम्दानी बाध्नुपर्ने व्यवस्था छ, जसलाई संघीय सम्पत्ति कोष भनिनेछ[५] । राजश्वलगायत अन्य आम्दानीहरू राखिने संघीय संचित कोषमा धारा ११७ र ११८ मा तोकिएको व्ययभारदेखि वाहेक अन्य व्यय हुने रकम सम्बन्धित आर्थिक बर्षको विनियोजन ऐनमा उल्लेख गरिएको हुनुपर्ने व्यवस्था गरिएको छ । सरकारले संचित कोषमा व्ययभार पर्ने कुनै विषयहरू समेत कानूनद्वारा निर्देशित हुनुपर्ने संवैधानिक व्यवस्था गरिएको छ ।

प्रदेशमा प्रदेश सञ्चित कोष रहने व्यवस्था छ । प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक बर्षको लागि प्रदेशको राजश्वको अनुमान, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू र प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू लगायत प्रदेशका प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि प्रदेश संसदमा प्रेश गर्नुपर्ने व्यवस्था[६] गरिएको छ । यसरी ७ वटा प्रदेश सभामा प्रदेश अर्थ मन्त्रीले राजश्व र व्ययको अनुमानसहित विनियोजन विधेयक प्रदेश संसदमा पेश गरी प्रदेश संसदबाट स्वीकृत भएपछि मात्र प्रदेश सञ्चित कोषबाट खर्च गर्न पाउने व्यवस्था गरिएको छ ।

हरेक ७५३ वटा स्थानीय तहमा स्थानीय सञ्चित कोषको व्यवस्था गरिएको छ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजश्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने प्रबन्ध[७] संविधानले गरेको छ । कानून बमोजिम वाहेक स्थानीय तहले कुनै कर लगाउन उठाउन र ऋण

---

४ नेपालको संविधानको धारा ११९

५ नेपालको संविधानको धारा ११६

६ नेपालको संविधानको धारा २०७

७ नेपालको संविधानको धारा २२९

लिन पाइने छैन[८] भन्ने व्यवस्था गरिएको छ । गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक बर्षको राजश्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था गरिएको छ । स्थानीय तहमा राजश्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गाउँ सभा र नगर सभामा पेश गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ ।

नेपालमा संघीय सञ्चित कोष र प्रदेश तहमा प्रदेश सञ्चित कोष र स्थानीय तहमा स्थानीय सञ्चित कोषको व्यवस्था गरी सम्बन्धित सञ्चित कोषमा जम्मा भएको रकम कानूनबमोजिम अर्थात संघको हकमा संघीय संसदबाट पारित भएको विनियोजन ऐन बमोजिम, प्रदेश तहमा प्रदेश संसदबाट पारित भएको विनियोजन ऐन बमोजिम र स्थानीय तहमा गाउँ सभा वा नगर सभाद्वारा पारित कानूनबमोजिम खर्च गर्न पाउने व्यवस्था गरिएको छ । संघ, प्रदेश र स्थानीय तहले आयको व्यवस्थापन के कसरी गर्दछन् भन्ने सम्बन्धमा  संविधानको धारा ५७ बमोजिम राज्य शक्तिको वाँडफाँडको सन्र्दभमा अनुसूचिको ५, ६,७, ८ र ९ उल्लेख गरी संघ, प्रदेश र स्थानीय तहका छुट्टा छुट्टै र संयुक्त रूपमा प्रयोग गर्न पाउने अधिकारको सूचि बनाइएको छ । सघं, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउने र राजश्व उठाउन सक्ने व्यवस्था[९] गरिएको छ ।

संघीय सरकारले संकलन गरेको राजश्व प्रदेश र स्थानीय तहलाई न्यायोचित विवरणको व्यवस्थापन गर्नुपर्ने दायित्व स्वयम नेपाल सरकारको रहेको हुन्छ । प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था संविधानको धारा ६०(३)मा गरिएको छ । नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजश्वको क्षमताको समेतका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ[१०] भन्ने व्यवस्था गरिएको छ । यो सन्दर्भमा हालै नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लागू गरेको छ । उक्त कानूनमा संघ प्रदेश र स्थानीय तह बीच राजश्व बाँडफाँटको विषय उल्लेख गरिएको पाइन्छ ।

---

८ नेपालको संविधानको धारा २२८

९ नेपालको संविधानको धारा ६०

१० नेपालको संविधानको धारा ६०(४)

## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारीस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरिएको छ । गैर कर मध्ये पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर र दण्ड जरिवानाको संकलन गर्न सक्ने अधिकार संघ, प्रदेश र स्थानीय तहसमेतलाई दिइएको छ । संघ, प्रदेश वा स्थानीय तहले राजश्वका दर यथासम्भव समान रूपमा कायम गर्ने वा तत्सम्बन्धी अन्य विषयमा आवश्यक समन्वय गर्न सक्ने छन् भन्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनमा गरेको पाइन्छ । एक प्रदेशले अर्को प्रदेशको वित्त विषयसँग सम्बन्धित कानून, निर्माण वा आदेश कार्यान्यनमा एक आपसमा सहयोग गर्नुपर्ने व्यवस्था छ । यसरी ऐनमा नै यथासम्भव समान रूपमा कर लगाउनु पर्ने व्यवस्था गरेतापनि प्रदेश तथा स्थानीय तहले फरक फरक निर्धारण गर्न सक्ने देखिन्छ ।

राजश्व संकलन र त्यस्तो संकलित राजश्वको समानीकरणको प्रयोग के कसरी हुन्छ सो सम्बन्धमा सुक्ष्म अध्ययन गर्नुपर्छ । राजश्व संकलनको अधिकार प्रदेश तथा स्थानीय तहलाई दिने व्यवस्था गरी ती निकायको अधिकारसमेत तोकिएको पाइन्छ । करदाताको कर छल्ने प्रवृत्ति बढी रहन्छ । कर चुहावटलाई प्रदेश तथा स्थानीय तहले नियन्त्रण गर्न सक्छन् वा सक्दैनन् सो विषयसमेत हेर्न बाँकी नै छ ।

## अन्तर-सरकारी वित्त व्यवस्थापन

संघ, प्रदेश, तथा स्थानीय तहको राजश्वको अधिकार, राजश्व वाँडफाँड, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्बन्धमा आवश्यक व्यवस्था गर्नका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन बनाइएको पाइन्छ । संविधानको अनूसूचि ५, ६, ७, ८ र ९ मा उल्लेख भएका अधिकार मध्ये कर र गैर करका सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहले लगाउन पाउने भनी अलग अलग अनुसूचिसमेत ऐनमा उल्लेख गरिएको छ । संघ, प्रदेश र स्थानीय तहले लगाउन पाउने कर र गैर करका बारेमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले केही स्पष्ट पार्न खोजेको छ ।

भन्सार महसुल, अन्तः शुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर र पारिश्रमिक करहरू संघले लगाउन सक्ने अधिकार क्षेत्र भित्र पर्दछन । घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरन्जन कर, विज्ञापन कर र कृषि आयमा कर लगाउन सक्ने अधिकार प्रदेश सरकारलाई दिइएको छ । सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधान कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर, स्थानीय तहले लगाउन सक्ने भनि व्यवस्था गरिएको छ । प्रदेश र स्थानीय तह दुवैलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी

साधान कर, मनोरन्जन कर र विज्ञापन कर लगाउन पाइने व्यवस्था गरिएको छ । यो ४ कर मध्ये स्थानीय तहले सवारी साधानमा लगाएको करसमेत प्रदेशले उठाउन सक्ने र प्रदेश सरकारले लगाएको घर जग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय निकायले उठाउन पाउने व्यवस्था[११] गरी एकल कर प्रशासन सम्बन्धी व्यवस्था गरिएको पाइन्छ ।

नेपालको संविधानमा उल्लेख भएका संघीय सञ्चित कोष, प्रदेश संञ्चित कोष र स्थानीय सञ्चित कोषका अलावा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघीय सरकारले संघीय विभाज्य कोष, प्रत्येक प्रदेशमा प्रदेश विभाज्य कोष र प्रत्येक स्थानीय तहमा स्थानीय विभाज्य कोषको व्यवस्था गरी संघ, प्रदेश र स्थानीय तहले संकलन गरेको राजश्वको बाँडफाँड गर्नु पर्ने रकम उक्त कोषमा राख्नुपर्ने व्यवस्था गरिएको छ । जस्तो संघीय सरकार, प्रदेश र स्थानीय तहवीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तशुल्क रकम बाँडफाँड गर्न संघीय सरकारले संघीय विभाज्य कोषमा रकम जम्मा गरी कर संकलनको हिसाव राख्नु पर्दछ र सो कोषमा जम्मा भएको रकम मध्ये ७० प्रतिशत संघीय सरकारलाई, १५ प्रतिशत प्रदेश सरकारलाई र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँड गर्नुपर्ने[१२] व्यवस्था ऐनमा गरिएको छ ।

एउटा सरकार वा स्थानीय तहले संकलन गरेको राजश्व अर्को सरकार वा स्थानीय तहवीच बाँडफाँड गर्नुपर्ने अवस्थामा सोही निकायमा राखिएको संचित कोषको अलावा विभाज्य कोष खडा गरी सोही कोषमा रकम जम्मा गरी बाँडफाँड गरिनु पर्ने व्यवस्था गरिएको छ । नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमतालगायत तोकिएको योजनासमेतलाई दृष्ट्रिगत गरी वित्तीय समानीकरण अनुदान सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान दिन सक्ने व्यवस्था प्रदेश तथा स्थानीय तहलाई नदिई संघीय सरकारको अधिकारको रूपमा राखिएको छ । प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारीस बमोजिमको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरिएको छ । संघीय सरकारले प्रदेश वा स्थानीय तहलाई ऋण दिन सक्ने छ र नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौतामा उल्लेखित अवधि भित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुली गर्न सक्ने अधिकार दिएको पाइन्छ ।

---

११ अतर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ५

१२ अतर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ६

प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडका सम्बन्धमा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिजहरूबाट प्राप्त रोयल्टी मध्ये संघीय सरकारको ५० प्रतिशत, सम्बन्धित प्रदेशको २५ प्रतिशत र सम्बन्धित स्थानीय तहको २५ प्रतिशतले बाँडफाँड गर्नुपर्ने व्यवस्था गरिएको छ । गैर कर मध्ये पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर र दण्ड जरिवानाको संकलन गर्न सक्ने अधिकार संघ, प्रदेश र स्थानीय तहसमेतलाई दिइएको छ । त्यस्तो बाँडफाँडको व्यवस्थासमेत ऐनको अनूसूचि ४ मा उल्लेख गरेको पाइन्छ । प्रदेश संचित कोषको व्यवस्था र सञ्चालन नभएसम्मका लागि प्रदेशले उठाउन पाउने कर गैर कर तथा दण्ड जरिवाना संघीय सरकारले उठाई संघीय सम्पत्ति कोषमा दाखिला गर्नुपर्ने अन्तरिम व्यवस्थासमेत गरेको पाइन्छ । प्रदेशमा कानून निर्माण भई संचित कोषको स्थापना भएपछि यो अन्तरिम व्यवस्था स्वतः निष्कृय हुन्छ ।

एक प्रदेशले अर्को प्रदेशको वित्त विषयसँग सम्बन्धित कानून, निर्माण वा आदेश कार्यान्यनमा एक आपसमा सहयोग गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ । संघ, प्रदेश वा स्थानीय तहले राजश्वका दर यथासम्भव समान रूपमा कायम गर्ने वा तत्सम्बन्धी अन्य विषयमा आवश्यक समन्वय गर्न सक्ने छन्[१३] भन्ने व्यवस्था ऐनमा गरेको पाइन्छ । यसरी ऐनमा नै यथासम्भव समान रूपमा कर लगाउनु पर्ने व्यवस्था गरेतापनि प्रदेश तथा स्थानीय तहले फरक फरक निर्धारण गर्न सक्ने देखिन्छ ।

## निष्कर्ष

प्रदेश सभा र संघीय संसदको क्षेत्राधिकार लगायत राजश्वको संकलन र समानीकरणको विषयबस्तुका बारेमा भखरै मात्र ऐन आएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बनाइएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन भई कार्य प्रारम्भसमेत भएको छैन भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ आएता पनि त्यस्को कार्यान्वयन हुन बाँकी नै रहेको अवस्था छ । कर चुहावटलाई प्रदेश तथा स्थानीय तहले नियन्त्रण गर्न सक्छन् वा सक्दैनन् सो विषयसमेत हेर्न बाँकी नै छ । यदि एउटा स्थानीय तह र अर्को स्थानीय तह वीच करको दर फरक परेमा वा एउटै विषयमा हरेक प्रदेश तथा स्थानीय तहमा कर तिर्नु पर्ने व्यवस्था रहँदा व्यवसायीलाई समेत बढी करको भार पर्न जाने हुन्छ । कर प्रशासन तथा राजश्व संकलन तथा बाँडफाँडका यावत कुराहरूको प्रयोग के कसरी हुन्छ तव मात्र राजश्व प्रशासनको समिक्षा गर्न सकिन्छ । अहिले नै एकीकृत वा संघीय प्रणाली कुन ठीक हो मूल्यांकन गर्ने अवस्था आइसकेको छैन ।

---

१३ अतर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ३६

# डीएलएको भूमिकाः सन्दर्भ नेपाल बार एशोसिएशनको निर्वाचन



**शुभन राज आचार्य**
**सचिव**
सर्वोच्च अदालत बार एशोसिएशन

कुनैपनि संस्थाको भूमिका विधानमा उल्लिखित उद्देश्य र कार्यबाट निसृत हुन्छ । स्वतन्त्र र सक्ष्म न्यायप्रणाली स्थापना गर्ने, एकतन्त्रीय एवं अधिनायकवादी विचार, व्यवस्था र प्रवृत्तिका विरूद्ध कानून व्यवसायीहरूलाई संगठित गरी विधिको शासन तथा लोकतान्त्रिक प्रणालीको स्थापनामा सत्प्रयत्नशील रहने एवं राष्ट्रियता, लोकत्रन्त्र, समाजवादको मूल्य मान्यता तथा प्रकृया एवं मानवअधिकार, कानूनको शासन र सामाजिक न्यायको सिद्धान्तप्रति प्रतिबद्ध रही कानून व्यवसायीहरूको साझा प्रतिनिधि संस्थाको रूपमा वि.स. २०४७ मंसिर ५ मा नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन (डीएलए) को विधिवत् रूपमा स्थापना भएको थियो । (प्रस्तावना, नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको विधान, २०४७)

जनहितकारी सामाजिक संस्थाको रूपमा कार्य गर्ने, मानवअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनको कार्यान्वयनमा क्रियाशील रहने, लोकतन्त्रका पक्षमा जनमत सिर्जना गर्ने, कानूनी सहायतालाई प्रवर्द्धन गर्ने, नवोदित कानून व्यवसायीको हकहितको

रक्षा गर्ने, स्वतन्त्र र सक्षम न्यायपालिकाको पक्षमा उभिने, समान उद्देश्य भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थासँग सहकार्य गर्ने, कानूनी शिक्षालाई आधुनिक बनाउने, संस्थाको सदस्यहरूको अनुगमन र मूल्याङ्कन गर्ने, कानूनको क्षेत्रमा अध्ययन र अनुसन्धानलाई जोड दिने डीएलएको कार्य भित्र पर्दछ । कानून व्यवसायीहरूको हकहित प्राप्ति एवं पेशागत सुरक्षा तथा लोकतन्त्र, स्वतन्त्र न्यायपालिका, मानवअधिकार, प्रेस स्वतन्त्रता लगायतका विषयमा नेपाल बार एशोसिएशनलाई आवश्यक सहयोग गर्ने र नेबाएद्वारा संचालित यस संस्थाका उद्देश्य अनुरूपको काम कारवाहीको प्रभावकारी कार्यान्वयनमा निरन्तर सक्रीय रही सहयोग गर्ने मुल उद्देश्य यसको रहेको देखिन्छ । (ऐ.विधानको धारा ४)

संस्थाको उद्देश्य झल्कने खालका कार्यक्रम, गोष्ठी इत्यादि गर्ने, संस्था आवद्ध सदस्यको क्षमता विकास गर्ने, सूचना र प्रविधिलाई आत्मसात गर्ने, संस्थालाई श्रोतकेन्द्रको रूपमा विकास गर्ने, कल्याणकारी कोषको स्थापना गर्ने लगायतका प्रावधान विधानको धारा ५ मा छ । संस्थाको विधानलाई सर्सर्ती अध्ययन गर्दा संस्थाको उद्देश्य कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यविधिगत व्यवस्थाहरू निकै प्रजातान्त्रिक ढङ्गबाट उल्लेख गरिएका छन् । (हेर्नुहोस् विधानको प्रस्तावना देखि धारा ५१ सम्म व्यवस्था गरिएका प्रावधानहरू) ।

डीएलएको सकृयता र सकारात्मक काम कारवाहीलाई दृष्टिगत गरी कानून व्यवसायको क्षेत्रमा हाल आएर राजनीतिक आस्थाका आधारमा एनएलएलगायतका अन्य व्यवसायिक संघ संगठनहरूसमेत अस्तित्वमा रहेका छन् । सबै कानून व्यवसायीहरूको साझा संगठन नेपाल बार एशोसिएशनको स्थानीय र केन्द्रीय निर्वाचनमा आ–आफ्ना तर्फबाट उमेद्वार सिफारिश गर्न र उमेद्वारहरूलाई विजयी गराउनमा उल्लिखित पेशागत संगठनहरू बढी नै सक्रीय रहने गरेको पाइन्छ । आफू आस्थावान राजनीतिक पार्टीलाई कानूनी तथा राजनीतिक सल्लाह दिनमासमेत यी संगठनहरू क्रियाशील रहेको पाइन्छ । बार एशोसिएशनको निर्वाचनमा लोकतन्त्रवादी कानून व्यवसायीलाई एकीकृत गरी लोकतान्त्रिक कानून व्यवसायीको नेतृत्व गर्नु यस संगठनको महत्वपूर्ण उपलब्धि रहेको छ । (अधिवक्ता लोक बहादुर शाह "डिएलए नेपालको नयाँ नेतृत्व र चुनौती" **लिगल आइ महाधिवेशन विशेषाङ्क**, पृष्ठ १०१-१०२,२०७०)

२०४७ सालमा प्रजातन्त्र पुनर्स्थापनासँगै स्थापित यस संस्थाको मिति २०५५ कात्तिक २२ मा सम्पन्न साधारण सभाले विधानमा पहिलो संशोधन गर्दै नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनलाई "नेपाल प्रजातान्त्रिक कानून व्यवसायी संघ" भनी नाम संशोधन गरी सहमतिका लागि सम्बन्धित निकायमा जाँदा नाम परिवर्तन नगर्ने नेपाल सरकारको

नीति अनुरूप यस संस्थाको साविक नाम "नेपाल डेमोक्र्याटिक लयर्स एशोसियसन" नै कायम रहन गएको थियो । कानून व्यवसायी सम्वद्ध संघ संस्थाहरू उनीहरू आवद्ध राजनैतिक दल फुट्दा फुट्ने र जोडिदा जोडिएको संस्थाको रूपमा उदाउने र अस्ताउने गरेको पाइन्छ । त्यसैगरी अन्य साना राजनैतिक पार्टी आवद्ध कानून व्यवसायीहरूले पनि विभिन्न नामका समूहहरू स्थापना गरी अस्तित्वमा रहेको पाइन्छ । उक्त तथ्यको उदाहरणको रूपमा हरेक नयाँ प्रधान न्यायाधीशको नियुक्तिसँगै फुल माला र दोसल्ला ओढाई स्वागत गर्ने र बार एशोसिएशनको स्वागतलाई नै छायाँमा पार्ने गरी लाग्ने लर्कोलाई नै लिन सकिन्छ । डीएलए पार्टी विभाजन हुँदा पनि एकीकृत भएकै संस्था हो, इतिहास गौरवशाली छ । कानून व्यवसायीको क्षेत्रमा स्थापित एउटा अग्रज संस्थाको रूपमा निश्चित उद्देश्यका साथ स्थापित डीएलएको दायरा आजको दिनमा अझै फराकिलो हुदैं गएको छ ।

नेपाल बार एशोसिएशनको केन्द्रीय र स्थानीय निर्वाचनको क्रममा उम्मेद्वारी छनौट देखि लिएर विजयी गराउनमासमेत यस संस्थाले आफ्नो सक्रिय भूमिका निर्वाह गर्ने गरेको छ । वर्तमान नेपाल बार एशोसिएशनको कार्यसमितिमा लोकतान्त्रिक समूहको सत् प्रतिशत सफलतामा पनि यस संस्थाको अहम् भूमिका छ भन्ने कुरा बिर्सनु हुँदैन । आवद्ध सबै कानून व्यवसायीहरू एकबद्ध र बचनबद्ध भएका खण्डमा ऐतिहासिक सफलता पनि हासिल गर्न सकिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण यस सफलताबाट प्राप्त भएको छ । संस्थालाई जोगाई राख्न र यस संस्थाप्रति आबद्ध कानून व्यवसायीहरूको व्यवसायिक एवं संस्थागत नेतृत्व विकासका लागि संस्थाको काम कारवाहीलाई अझ बढी सशक्त र जिम्मेवार ढङ्गबाट सञ्चालन गर्नुपर्ने देखिएको छ । अधिवक्ता लोक बहादुर शाह, "नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनले निर्वाह गर्नुपर्ने भूमिका" **लिगल आइ महाधिवेशन विशेषाङ्क**", नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन, बबरमहल, काठमाडौं नेपाल पृष्ठ १०६, २०६७ माघ)

'माथि उद्धरण गरिएका हरफहरूसँग आज हामी कति नजिक छौं या छैनौं अर्थात हिड्दै छ पाइला मेट्दैको स्थितिमा पो छौं कि ! संगठनमा केही असन्तुष्टि र आन्तरिक असमझदारीका वावजुद म नेतृत्वमा आएको छु । असमझदारीलाई चिर्नको लागि अथवा विभाजित संस्थालाई एकतावद्ध गर्नको लागि विनापूर्वाग्रह हाम्रो प्रयास सफल भएको छ । त्यसलाई हामीले ठूलो उपलब्धिका रूपमा लिएका छौं । हामी विभाजित हुँदा समग्र न्यायपालिका कमजोर हुने तथा नेपाल बार एशोसिएशनको नेतृत्व पनि कमजोर हुने अवस्था छ । विगतका कमी कमजोरीलाई भुलेर तथा त्यसको सम्बोधन गरे पश्चात एकताबद्ध भएको डिएलएको नेतृत्वले हाँकेको नेपाल बारको निर्वाचनमा दुई तिहाई सिट

सहित सफलता हासिल गर्न हामी सफल भयौं । हामी बीच कुनै मतभेद नभएको र छैन भन्ने यो एउटा गतिलो उदाहरण हो । कुनैपनि संगठनमा कहिले काहीं विवाद हुनु अस्वाभाविक होइन । तर, त्यो विवादलाई पूर्वाग्रही रूपमा सधैभरी अगाडि लानु हुँदैन भन्ने मेरो मान्यता रही आएको छ । हाल लोकतन्त्रवादी कानून व्यवसायीहरूको संगठन एक भईसकेको र यसले स्वतन्त्र न्यायपालिका र सुदृढ बारको पक्षमा कार्य गर्दै आइरहेको छ । एकताबद्ध संगठन नै लोकतन्त्रको आधारस्तम्भ हो । यसका साथै डीएलए एक भएर अगाडि बढ्नुपर्छ भन्ने कुराको अनुकरणीय उदाहरण हो । हाम्रो कार्य समिति हरेक कठिन परिस्थितिमा हालको कार्यसमितिले हामीलाई पूरा साथ दिएको छ । संस्थालाई एक ढिक्का भएर अगाडि बढाउने कार्यमा निवर्तमान अध्यक्ष वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरेको विशेष योगदान रहेको छ । उहाँको पहल, त्याग र संस्थाप्रतिको, अतुलनीय योगदान प्रशंसनीय रहेको छ । (भरत प्रसाद खरेल,"एकतावद्ध संगठन नै लोकतन्त्रको आधार स्तम्भ हो ।' **लिगल आइ महाधिवेशन विशेषाङ्क**, नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन, काठमाडौं नेपाल, पृष्ठ १-२, साउन, २०७५)

धेरै उकाली ओराली गरिसकेको डीएलएको भूमिका दिनानुदिन घनिभूत हुँदैं गइरहेको छ । माथि उल्लिखित उद्धरणहरू मात्रको अध्ययन गर्दा पनि धेरै आयामहरूको बारेमा जानकारी पाउन सकिन्छ । हामी संस्था आवद्ध सदस्य सबै व्यवहारमा शुद्ध हुनै पर्दछ । व्यवहारमा शुद्ध हुन सकिएन भने संस्थाको उद्देश्य कार्यान्वयनमा बाधा उत्पन्न भइरहन्छ । जति व्यवहारिक पाटोमा हामी सचेत भएका छौं र हुनुपर्नेछ, त्यति नै सैद्धान्तिक मूल्य र मान्यताप्रति समेत सचेत रहनु पर्ने देखिन्छ । के डीएलएको सैद्धान्तिक धरातल अनुकूलका कार्यहरू भइरहेका छन् त ? जनताले छिटो छरितो र सुलभ न्याय प्राप्त गरिरहेका छन् त ? छैनन् भने कमी कमजोरी औंल्याउने कार्यमा हामी कहाँ अलमल्लिरहेका छौ ? साँच्चै संस्थाको मूल मर्म अनुरूप हामी हिडेका छौ त ? छैनौ भने यी प्रश्नहरूको जवाफ सीधा-सीधा खोज्ने दिन आएनन् र ? समयले कसैलाई पनि पर्खिदैन भने जस्तै संस्थालाई नेतृत्व दिन लागी पर्नु भएका सबै नेतृत्वगणलाई यो तथ्य र प्रश्न अवगत् नै छन् । मात्र हामी लेखेर बसिरहने तर त्यसलाई व्यवहारमा उतार्न पछि परिरहने कतै नहोस् । आसन्न नेबाएको निर्वाचनमा तिता विगतलाई एकातिर पन्छाएर प्राज्ञिक र तार्किक हिसावले मुकाविला गर्नु जरूरी देखिएको छ ।

'न्याय नपाए गोर्खा जानु' भन्ने उखानबाट पनि हाम्रो न्यायपालिका अभिप्रेरित थियो होला, तर नेपालको न्यायपालिका राजनीतिक प्रभावबाट मुक्त रहन सकेन भन्ने मान्यताले ठाउँ पाइराख्यो । राजनीतिक शक्ति सन्तुलनको अवस्था कहिल्यै नरहेको नेपालमा न्यायिक सन्तुलनमा पनि रहेको थियो र छ भनी भन्न मिल्ने अवस्था अझै

छैन । नेपालको राज्य सञ्चालनमा हावी भएको शक्ति कुनै न कुनै रूपमा न्यायपालिका भित्र पनि हावी नै रहेको छ भन्ने मान्यताले पनि ठाउँ पाइनै रह्यो । समयको अन्तरालमा न्यायपालिकालाई सबैले प्रयोग गर्ने प्रयास गरे । त्यसमा कुनै शक्ति बढी सफल रह्यो भने कुनै शक्ति सफल रहेको मात्र हो । आज कतै न्याय नपाए गोर्खा जानु भन्ने उखान विस्तारै अप्रासङ्गिक बन्दै गएको छ । (उपेन्द्र केशरी न्यौपाने, "स्वच्छ न्यायपालिका : आजको आवश्यकता" **लिगल आइ महाधिवेशन विशेषाङ्क**, नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन, बबरमहल, काठमाण्डौ, पृष्ठ १२, २०६७ माघ)

नेपालको राजनीतिक पद्धतिका बारेमा प्रष्ट नभई न्यायपालिकाको संरचना र सुनुवाई पद्वति जस्ता विषयमात्र निर्धारण गर्न मिल्दैन । न्यायपालिकाको विसङ्गति र विकृतिमुक्त गर्न राजनीतिक नेतृत्वसँगसँगै न्यायिक नेतृत्वको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको छ । नेपाल बार र बार इकाइहरू पनि अदालतको विकृति विसंगतिलाई निर्मूल गर्न प्रयत्नशील रहनु आजको आवश्यकता हो । कानून र न्याय सबैभन्दा सहज रूपमा प्राप्त हुनुपर्ने विषय हुन् । तर कानून र न्याय आज सबैभन्दा महङ्गो हुँदै गएको छ । न्यायमा जनताको सहज पहुँचका विविध पक्षतर्फ हाम्रो प्रयास शुरू नै भएका छैनन् । सबैखाले मुद्दा मामिला अदालतमा पठाइने कानूनी व्यवस्था पनि हाम्रा लागि व्यावहारिक छैनन् । कानूनको व्याख्या र अन्तराष्ट्रिय रूपमा फैलिएका विषयमा हाम्रा अदालतलाई सक्षम बनाउने तर्फ हाम्रो दृष्टिकोण अझै गएको छैन । कानून र कतिपय व्यवस्थापनको कार्यबाट समाधान हुने विषय पनि अदालत सम्म आउने अहिलेको व्यवस्थाले पनि न्यायपालिकालाई विकृति र विसंगतिपूर्ण बनाउने भूमिका खेलेको तथ्यतर्फ हामीले ध्यान दिनु आवश्यक छ । न्यायपालिकालाई राजनीतिक प्रभावबाट मुक्त तर स्वतन्त्र, सक्षम र निर्भीकताका लागि आवश्यक पूर्वाधारहरू निर्माण गर्न सकेमात्र न्यायपालिका भित्रको विकृति र विसंगतिहरूबाट छुट्कारा पाइनेछ । यसतर्फ न्यायपालिका र बार नेतृत्वहरू सकृय रहने अपेक्षा हामी सबैको मात्र होइन, जनताकोसमेत छ । यस कार्यलाई कानून र कानून व्यवसायसंग आवद्ध सबै सङ्गठन र समूहको सहयोगले नेपाल बारका लागि थप बल प्रदान गर्नेछ । (ऐ.पृष्ठ १९-२०)

अबको नेबाएको नेतृत्वमा जान चाहने विद्वानहरूले माथि उद्वरणहरूमा उल्लिखित कानूनी साहित्यलाई मनन गर्ने कि नगर्ने ? सुनुवाई समिति न्यायाधीशको हुर्मत लिन र प्रतिष्ठालाई धुलिसात पार्नतिर मात्र उद्धत रहेको देखियो । अतः सुनुवाई समितिको औचित्य छ कि छैन ? आजको बहसको विषय यो पनि हुनुपर्छ । यस्ता औचित्यहीन संस्था र पद्धतिले स्वतन्त्र र सक्षम न्यायपालिका कायम गर्न असम्भव प्रायः नै छ ।

अन्य निकायका पदाधिकारी र न्यायाधीशको पनि सुनुवाई समान तरिकाले

गर्दा न्यायाधीशहरूको सुनुवाई भद्धा मात्र होइन भोलि त्यस्तो न्यायाधीशले न्याय सम्पादन गर्ने क्रममासमेत त्यसको प्रभाव परिनै रहने निश्चित छ । अर्कोतर्फ सर्वोच्च अदालतको न्यायाधीशको सुनुवाई सम्बन्धी व्यवस्थाले आज जिल्ला वा उच्च अदालतमा नियुक्त हुने हरेक न्यायाधीश जो सर्वोच्च अदालतसम्म पुग्ने आकांक्षा राख्छ, उसले राजनीतिक दलहरूसँग एकखालको सम्बन्ध बनाई राख्न चाहने हुन्छ, ताकि भोलि ऊ सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिश भएको बखत सुनुवाई प्रकृया सजिलै पार गर्न सकोस् । उदाहरणका लागि न्यायाधीश र दलका नेताहरूको सम्बन्ध अन्य प्रसंगका अलावा सामाजिक सन्जालहरू हेर्दा पनि सहजै थाहा पाउन सकिन्छ । यसरी संसदीय सुनुवाई सम्बन्धी व्यवस्थाले राजनीतिक दल वा तिनका नेता र न्यायकर्मी बीच स्थायी सम्बन्ध बनाई राख्ने अवस्था सिर्जना गरेको छ, जुन स्वतन्त्र न्यायपालिकाको लागि सबैभन्दा बढी खतरनाक सावित हुन सक्छ । अहिले नेपालमा न्यायपालिकाको स्वतन्त्रतालाई सबैभन्दा बढी खतरा राजनीतिक दल र राजनीतिक नेतृत्वबाट छ । यी अहिले दवाव, प्रभाव र अभाव तिनै किसिमले मुखरित भइरहेका छन । तसर्थ राजनीतिसँग न्यायालयको सम्बन्ध स्थायी रूपमा विच्छेद गर्ने हो भने संविधानको धारा २९२ संशोधन गर्नुपर्ने ट्डकारो आवश्यकता छ । यसको सट्टा न्यायाधीश नियुक्त गर्ने निकाय, त्यसको निर्णय प्रकृया र छनौटको तहगत अवधारणमा नै पूनर्विचार गर्दा सुनुवाईको व्यवस्थाबाट अपेक्षित परिणाम हासिल हुन सक्छ । यदि नियुक्ति गर्ने निकाय र संसदीय सुनुवाईको वर्तमान व्यवस्थालाई यथावत कायम राख्ने हो भने स्वतन्त्र न्यायपालिकाको नभई न्यायालयमा राजनीतिलाई कतिसम्म स्थान दिने हो भन्ने बारेको बहस हुनु उपयुक्त हुन्छ । (सुनिल कुमार पोखरेल, "संसदीय सुनुवाईको संवैधानिक व्यवस्थाः न्यायपालिकाको स्वतन्त्रता" न्यायदूत, नेपाल बार एशोसिएशन, रामशाहपथ, काठमाण्डौ, पृष्ठ–१४ २०७४)

नेबाएको निर्वाचन सन्दर्भले संसदीय सुनुवाई समिति र यसको औचित्य उपर पनि बहस हुनु जरूरी देखिएको छ । न्यायपालिकाको धरोहर जोगाउने अभिभारा पनि डीएलएको काँधमा आएको छ । दुई तिहाइको उन्मादमा सरकार सबै खाले तानाशाही गतिविधिमा उत्रेको छ । उसले अदालतलाई समेत आफ्नो पकडमा राख्नको लागि विभिन्न हत्कण्डा प्रयोग गरिराखेको छ । उसले अदालतलाई आफ्नो नियन्त्रणमा राख्नको लागि प्रत्यक्ष अप्रत्यक्ष विभिन्न हरकत्हरू गरेको छ । नेबाएको स्थापनाकालदेखि नै नेपाल बार एशोसिएशन र डीएलए नेपालको सम्बन्धमा अनेक टीका टिप्पणी हुने गरेको पाइन्थ्यो । डीएलए नेपाललाई नेपाल बारको समानान्तर संस्थाको रूपमा आलोचना गर्ने गरिन्थ्यो । तर, यो नेपाल बारको प्रतिष्पर्धी कहिल्यै थिएन, रहने पनि छैन । यसले त नेपाल बारलाई सधै बलियो बनाएको छ । नेपाल बारलाई डीएलएले सधै सघाएको नै

छ । (यदुनाथ खनाल,"डिएलए विधिको शासनको लागि खबरदारी गर्ने संस्था हो," **लिगल आइ महाधिवेशन विशेषाङ्क** नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन, पृष्ठ ८६, २०७५)

नेपाल बारमा प्रतिनिधित्व गर्न इच्छाएका विद्वानहरूले यसतर्फ पनि बहस चलाउनु पर्ने आवश्यकता भइसकेको छ । अतः कथनी र करनीमा मेल खान जरूरी छ । अबको नेतृत्वमा जानेले वाचा मात्र गरेको भरमा मतदाताले पत्याउनेवाला छैनन् । कार्यान्वयनमै उत्रिएको हेर्न तम्सिरहेका छन् । असन्तुष्ट र निष्कृय मतदाताहरूलाई आकर्षित गर्ने भरपर्दो नारा बनाऔं र एकीकृत भएर जुटेको समाचार संप्रेषण गर्न सकौं, यो नै आजको अपरिहार्यता हो । प्रथम दृष्टिमा नै नेपाल बारको नेतृत्व गर्न डीएलएले पठाएको पात्रहरू सक्षम छन् भन्ने विश्वास आर्जन गर्न सकौं । जनताको न्यायालयप्रतिको आस्थालाई जगेर्ना गर्ने दायित्व डीएलएको पनि हो । के कति गरियो भने, आशा र भरोसा जगाउन सकिने हो, सो तर्फ हाम्रो ध्यान जान जरूरी छ ।

न्यायिक स्वतन्त्रता जनताको आस्थामा निर्भर गर्दछ । न्यायपालिका एउटा स्वच्छ न्यायपूर्ण  र इमान्दार अंगको रूपमा जनताको आस्थामा रहनु पर्दछ । त्यसका लागि यस संस्थामा कार्यरत न्यायकर्मीहरू नै बढी जिम्मेवार हुन्छन् । न्यायिक स्वतन्त्रता, न्यायिक जवाफदेहिता, उत्तरदायित्व र इमान्दारिता कानूनी शासन बचाउनका लागि महत्वपूर्ण पूरक तत्वहरू हुन् । कहिले काहीं यी तत्वहरू बीच वैमनश्यता देखिन्छ । जब न्यायकर्तामाथि खराब आचरणको आरोप लगाइन्छ, उविरूद्ध कारबाहीको प्रश्न उठ्दछ । त्यस्तो व्यक्ति उपर संवैधानिक प्रकृया अनुरूप छानविन नगरी न्यायिक स्वतन्त्रता रक्षा हुन सक्दैन । तसर्थ न्यायाधीशहरू उनका गलत कार्यको निम्ति जिम्मेवार भने हुनै पर्दछ । तिनीहरूलाई छानविन गर्न केही वैधानिक आधार र कारण हुन्छन् ।  तिनको परिपालना भने हुनै पर्दछ । (टेकनारायण कुँवर,"सिसिफिरन सिल्ड्रोम र न्यायिक स्वतन्त्रता," लिगल आइ महाधिवेशशन विशेषाङ्क, नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन, काठमाण्डौ, पृष्ठ ९७, २०७५)

यसर्थ, डीएलएको भूमिका न्यायिक स्वतन्त्रतामा पनि खोज्न सकिन्छ । न्यायिक स्वतन्त्रता बिनाको न्यायपालिका डीएलएको उद्देश्य विपरित हुन जान्छ । डीएलएको भूमिका नेबाएको चुनावी अभियान र सन्दर्भ मार्फत प्रष्फुटित् गर्न सकिन्छ । आजको निष्कृय मतदतालाई ब्यूँझाउने शुत्र यो पनि बन्न सक्नेछ । जनआस्था बिनाको न्यायपालिका स्वतन्त्र र सक्षम न्यायपालिका हुन सक्तैन !

# FOUNDATIONAL BACKGROUND OF NBA



**Advocate Saroj K Ghimire**
**Treasurer**
Supreme Court Bar Association

The efforts taken by the founder of Nepal Bar Association (NBA) to determine the foundational principle on which NBA standing is historical. Nepal Bar Association was founded in the year 1956 with fundamental objectives to work for free, competent and responsible judiciary, ensuring rule of law, democracy and human rights and working for betterment and capacity development of lawyers. From the foundation to till date NBA witnessed various political movements, judicial challenges, executive arbitrariness and legislative conspiracy, nevertheless, NBA has never been deviated from its foundational principles which its founders have set and desired. Continuous efforts to secure democratic values and promote constitutional spirit have made NBA a unique and leading institution backed by thousands of lawyers and unit Bar Association all over the country. To each law student, law professionals and academician feel proud that they are part of the NBA.

On this base, Nepal Bar Association has been the leading civil society in all movement for democracy and constitutional development of Nepal. Nepali legal and constitutional history has witnessed the heroic roles Nepali lawyers have played in the past. NBA and its lawyers have always stood in front to defy any actions of the government that hits on democratic values and fundamental freedom in the past and the solidarity Nepali lawyers have shown for this reason is historical, unique and uncontested.For this reason, lawyer's social reputation and recognition is instrumental. As social engineers, lawyers have played vital role in helping the judiciary for the development of jurisprudence and constitutional interpretation that has added value in the profession. On the other side increasing ethical deficit in the legal profession has also created formidable challenge for law professional to safe from its reputational fallacy. Excluding few vices of legal profession, the country, people and the civil society recognizes that the lawyers are change makers and leaders among all professionals. On this back ground, the leadership interest in the NBA Executive Committee (EC)heightens in every periodic election of NBA. However, election winning depends on various factors for the contestant to lead more than Fifteen Thousands of lawyers for Three years tenure keeping on the top priority of founders and lawyers professional aspiration, dignity and founding principles that has set the golden history of lawyers and Bars in the country.

## CHANGING DIMENSION OF LEGAL PROFESSION

Legal profession is considered to be noble profession and is constitutionally recognized. Progressive development in the legal profession is significant. However, the level of exposures Nepali lawyers could have get in the international arena is not notable. Despite of the leading roles Nepali lawyers have played in the history, their representation in the international legal community in terms of associations, advisers, arbitrators, policy makers etcis witnessed. Today, the law firms and lawyers have crossing the national borders while providing legal services. Traditional legal practices has been changed

with modern practices and technological development. Lawyers failing to meet with changing dimension may get more difficulties in the practices too. From the court administration to the law firm the internet and smart phones have become the agent of legal services. Hence, understanding the changing dimension is one of the major part of developing the legal profession. Political division within lawyer's fraternity have been rampant and bar leaders are contesting on the same base. It appears that young lawyers are not much interested to join the profession despite of various changes in the legal environment and profession. Law professionals and the Bar has not played important role to motivate young lawyers to bring them in the practice. To meet the changing dimension of the profession attracting and convincing the beauty of this legal profession is must. In this reference among many, one of the major challenge for the elected executive of Nepal Bar Association which will be determined next month by thousands of lawyers ballot would be to focus more on motivating and facilitating for the capacity development of lawyers to convince that law profession is unique and prestigious than other and their enrolment for life in the legal profession is important to meet the changing dimension of legal profession.

## NEED OF CHANGE MAKER LEADERSHIP IN THE NBA

Lawyers are change makers. Nepali lawyers have changes political and constitutional paradigm of the country by their long term struggle, advocacy and leadership in all movement of Nepal. Historically Nepali lawyers have become allies in the resistance to the undemocratic agenda of the Government at all time. Nepali lawyers have confronted with increasing challenges to the rule of law, human rights and independence of judiciary and have been an agent of social change in our context. As lawyers are change makers, their important role in electing the Bar leadership is significant. The change makers' challenge is to elect right candidate in a month. As credibility of legal profession is decreasing each day, the change maker leadership in the NBA is utmost important. These days lawyers have remained passive in advocating rights despite

of the fact that the Government appears and functions arbitrarily and jeopardizes citizens right. The Government with maximum majority appears to dominate the judiciary and the legislature as evidenced by its One year function. Despite of expectation from the Government, the performance of the Government in ensuring rule of law and independence of judiciary is not convincing rather more dominating. As NBAhas always played as the opponent to the Government whenever Government attempts to assassin the core values of democracy and its foundational principles, this election in this term is also important that the team selected by the Democratic Alliance should be capable to play important role to check and balance all stake holders of legal fraternity apart from checking unconstitutional action of the Two Third majority Government. Hence, lawyers as change makers need to ensure their ballots are secured for the team of lawyers who stands on the democratic values and protects lawyer's dignity against any suppression by the Government of its actors.

## ELECTING NEW LEADERSHIP IN THE BAR

The election for the formation of ECof Nepal Bar Association is at the door. Every lawyershave been exited and interested to elect a competent team in the 25 post of EC of NBA. For the Second time an inclusive jumbo EC with women lawyers compulsory representation is going to be formed by secret ballot by thousands of professional lawyers. Hence, upcoming NBA's election has become concern for all lawyers across the country.

Until this article is prepared two major team of lawyers have formed their contestant committee members and very soon the team will form their own agendas with various commitments and promises. The common agendas may include professional development and enhancing professionalism of lawyers, working for rule of law, independence of judiciary, structural reform of NBA, extending international relation of NBAand introducing social security of lawyers etc. The team will be working and campaigning hard to get the result in their favor at any

professional and ethical costs.However,winning election by bagging professional lawyer’s secret vote is not an easy task rather it has greater challenges and require sincere commitments of compliances and executions.It is therefore an in-depth analysis and understanding of lawyers’ needs is essential to produce a good election campaign strategy. In addition, there is necessity to understand the nature and scope of lawyer’s needs, how these needs differ between the panels or individuals and how these needs are changingthe nearer the election is. Strategies are therefore ballot driven and thus each panel and the candidate must establish the vision for the result in their favor and set appropriate election strategy for getting there.

## STRATEGY FOR WINNING BAR ELECTION

Wining election is possible only when the team adopts sound strategy as every election campaigns are guided by the statement, "How to win the election?" This has to be a given at the outset of any campaign. The team should follow with the question, "How can my team win and how can I win?" Unfortunately, many times the decision is made on the basis of anecdotal evidence or by simply assuming and accumulating the list of voters in number and the votes bagged by the team in the previous election. What's needed of course is an analysis of past election results, performance of its outgoing leaders and executive committee, commitments of providing professional services until the retention of the executive post, overall performance of the Barand the expectation of lawyers from the Bar for setting sound strategy of election winning. Apart from this, if the leadership is already tested in the previous election, his or her performance on that elected post may be taken into consideration while electing him or her. The tradition in the Bar leadership is that the one who has already given better services in his tenure are promoted for the next term. This is witnessed by the presidential candidacy given by the lawyers representing democratic spirit. In this sense, the Presidential candidate from the democratic panel retains this legacy of wining and performing as an executive in the Nepal Barin the past whereas the

counter contestant retains maturity and caring nature with easy going attitude.

It is therefore, minute analysis of the contestant team is important to determine the strength of own team and set up agendas and strategies to get the result in the favour. In this reference, the author has identifies some strategies for the contestant team planning to bag seats in the NBA election. The strategy is thus aims to suggest all the contestant that may help them in the election campaign though they are not final, exhaustive and conclusive.

### 1. Set the will and prepare to win:

The will to win a Nepal Bar Election campaign is worthless if the team or the candidate do not have the will to plan and prepare. Running into Nepal Bar election campaign without a strategy would be costly to the candidate and less possibility of affirmative outcomes.A strategic approach to election campaigning has immense benefits to the team and individuals. A well design campaign strategy and implementation plan will definitely help the team and the candidate to be more confident and comfortable in the campaign and can use proper use of limited time and resources to maximize results. The will to win will give an opportunity to know where the team and candidate has to concentrate election campaign efforts and can know what to do and what to avoid, to whom to contact and request, to know who have been supporting the team and candidate and who is in gaming against the team or candidate, to enjoy election campaign with fun and be more relaxing and to increase your chances of winning in the election campaign and many more. Because lawyers are professionals and sometime professionally traditional thus bagging their votes and preparation to win election must be designed to convince professionals.

### 2. Develop professional relationships and use personal contacts:

The other important strategy for Nepal Bar's election would be

managing more professional relationship and personal contact with professional lawyers. Lawyers anticipate from each candidate to have their personal contact because they are professionals and expects professional courtesy and requests. Most of the time during election, lawyers in meetings and coffee talks shares about the candidate's contacts and calls, meetings for the votes. Though, at the verge of election, law firm, residence and door to door visit may not be possible and practicable, but most lawyers want to have personal contact with the candidates. So the team and the candidate requires to maintain professional courtesy and relationship by various means and contact with the lawyers to the extent possible.

### 3. Generating alternatives and making unique and different with the counterparts:

Strategy of generating alternative is to create "differentiation" from counter panels. Looking at what counter panels are doing and compare with what your team is doing and look at how your team can do it differently and effectively from the rest and opponent candidate would be best strategy for the election. In this context, each team can demonstrates the elements of fallacies of counter team, their former team who led the Bar and failed to demonstrate commitments. In doing this, the team may obtain positive remarks that my finally convert into ballots.

### 4. Formulating right strategy at eleventh hours:

Most of the lawyers are of the opinion that an atomic power of the election are used just one or two days before the election by each panels. In such period strategy about “what to do” and “what not to do” remains vital to determine in urgency. The team has to confirm how it will channelize all its resources, energy, active and influencing lawyers. Any energy expended elsewhere harms election campaigns. Strategy requires the selection of right tools without putting any candidate into detriment from the target voters - and with these come competitors. The team hence requiresdeciding eleventh hour strategy of convincing to attract lawyers for their votes and most importantly the neutral voters and committed voters of counter panels.

## 5. Convince to say good about the team and you:

There may be your close friends who may not be in the position to cast you the vote due to their prior commitments, political ideology or candidacy relations but they wish you or the team to be elected. In such scenario, the team or the candidate needs to identify such voters and request them to communicate affirmative messages about the team or you. A positive statement by the non-voters or well-wishers may create depressing environment to the counter team. Such proposition create favorable scenario to motivate neutrals without giving an opportunity to counter parts to clarify the real position of their strength. Spread the message that you have already obtained majority consent verbally and ballots are just formality. Make sure when you hit your hand, the opposition panels have seen you that will consequently led to lose their confident.

## 6. Online campaign, advertising and slogans:

When something becomes fashionable it draws a lot of interest in others to do the same. For example, tactics Barack Obama used in the presidential election of 2008 in USA. After the 2008 presidential election which featured a heavy use of personal messaging and contact, everyone wanted to formulate the Obama campaign tactics. It was a fact that many new and infrequent voters voted in 2008. Most had been turned into Obama supporters through the clever use of online social media. This took campaigns post the website as being the ultimate online medium. Maximum use of debates among the candidates, TV and radio interviews, articles and write-ups, Facebook, twitters, documentary and You Tube, mobile messages are common means of communication at the election time and thus use them maximum but not frequent repetition.

Using best slogan may attract lawyers. Slogans have the deep meaning and articulation. Hence as election strategy, a meaningful slogans gives back to the team.Slogans may be framed against corruption, judicial brokers, for rule of law, democracy, independence of judiciary and constitution etc.

## 7. Liaising with senior lawyers and big law houses:

In every jurisdictions influences of reputed lawyers and Senior Advocates are instrumental in the Bar election. In the foreign countries, big law firms plays significant roles in determining panels whereas in our context it is seen to be more political as senior lawyers too have been seen to be politically divided, nevertheless they have influencing role in the Bar election. In addition, the role of big law houses is equally important. Though, in Nepal even big law houses have hardly 10-15 advocates including Partners, they still play significant role for liaising in the election. This has been mostly observed in the election of Supreme Court Bar Association. It is therefore, the team and the candidates may adopt a strategy to make team and personal visit to senior lawyers and big law firms for their support, guidance and advices as a election strategy for obtaining maximum favorable votes.

## 8. Frequent communication and visit to law schools and café:

Many lawyers are seen to be engaged in legal research centers, law schools and law clubs. They carry significant numbers of votes and stands in group. Junior lawyers are less frequent to the Bar and its programs. They have the expectation of support from the senior and Bar leaders and most of them remains neutral. Hence, the teams should ensure that they have visited research, centers, law schools and clubs and mobilize student lawyers. Most of the jurisdiction, organizing launch meetings or tea programs with juniors is used as effective tools and strategy of election campaign.

Another major places where lawyers gathers is tea shops and café in the court break time or evening. Candidate should try to locate these places and make frequent visit so that more interaction and networking could be done. Tea shops and café centres may sometimes plays the role of agent to pass the update information about election and eooments.

## 9. Setting Rights Target:

The teams should figure out which lawyers should really need to concentrate on and who is likely to vote. Need to note whose vote is confirmed and who will vote for opponent team. Need to identify swing voters and who can influence the neutral voters. This is the heart of targeting to secure votes and thus the team should identify the target voters. Most importantly, neural voters are the decisive voters for wining bar election allowing the team to lead Nepal Bar Association.

The strategy identified and suggested herein is solely depends on authors study, experience and observation over extraterritorial bar elections. As every election of the Bar has different dimensions and background, listed strategy may not work in all situation. However, it is sure that the leadership should be committed to bring something change in the legal profession and make sure their committee encourages each lawyers to carry the profession with high integrity, ethics and professionally.

## CONCLUSION:

The election of Nepal Bar Association has high value for democracy, rule of law, independence of judiciary human rights and professional development of lawyers. Historically, Nepal Bar has not compromised against the foundational principles. Hence, whoever bags the result of election, their role and responsibility to entice with these principles is very important for the legal fraternity and for the country itself. As election wining retains different strategy, no matter whatever the strategy the team adopts the ultimate goal is to win the election freely, fairly, professionally and ethically.

# न्यायपालिकाको स्वतन्त्रतामा कानून व्यवसायीको भूमिका



**अधिवक्ता कमल प्रसाद इटनी**

**पृष्ठभूमी**

न्यायपालिका माथि राज्यका अन्य अङ्गहरू तथा कुनै ब्यक्ति र दल बिशेषको हस्तक्षेप, दबाब तथा तिनीहरूको स्वार्थपूर्ण प्रभावबाट मुक्त रही स्वच्छ र निष्पक्ष ढंगबाट आफ्नो कार्य सम्पादन गर्न पाउने स्वतन्त्रता नै न्यायपालिकाको स्वतन्त्रता **(Independence of judiciary)** हो । Independence of judiciary को सम्बन्धमा UN Basic Principles on the Independence of the Judiciary को धारा २ मा The judiciary shall decide matters before them impartially, on the basis of facts and in accordance with the law, without any restrictions, improper influences, inducements, pressures, threats or interferences, direct or indirect from any quarter or for any reason भन्ने उल्लेख गरिएको छ । न्यायपालिकाको स्वतन्त्रताको उत्पत्तिको देन वेलायतलाई दिइन्छ । सन १७०१ अगाडि न्यायाधीशहरू राजाको इच्छा अनुसार चल्दथे । राजाको इच्छा अनुसारको अवधीसम्म मात्र न्यायाधीशहरू पदमा बस्न पाउँथे । न्यायाधीश सम्पूर्ण रूपमा कार्यपालिका अधिनस्त थिए । जब इङ्गलैण्डमा राजा विलियम तेश्रोको पालामा एक्ट अफ सेटलमेन्ट १७०१ संसदबाट पारित भयो, ततपश्चात न्यायाधीशहरू असल आचरण रहेसम्म पदमा रहन पाउने र असल आचरण नभएमा मात्र संसदको दुवै सदनबाट पारित संकल्पबाट हटाउन सकिने ब्यवस्था लागू

गरियो । यसले न्यायलयको स्वतन्त्रतालाई स्थापित गर्ने थालनी गऱ्यो । न्यायपालिकाको स्वतन्त्रता शक्ति पृथकीकरणको सिद्धान्तको जगमा उभिएको हुन्छ । राज्यका अधिकार र कर्तब्यहरूलाई ब्यवस्थित गर्ने क्रममा शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा कार्यपालिका, ब्यवस्थापिका र न्यायपालिका गरी राज्यका तीन अङ्गहरूलाई ब्यवस्थित गरी तिनीहरूको आ–आफ्नो छुट्टाछुट्टै अधिकार र कर्तब्यको सीमा निर्धारण गरी शक्तिको सन्तुलन कायम गरिएको हुन्छ । यी प्रावधानहरूलाई राज्यको मुल कानूनको रूपमा निर्माण भएको संबिधानमा नै स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ । संबिधानबादको सिद्धान्त अनुसार न्यायपालिका राज्यका अन्य अङ्गहरू प्रति नभई इमान्दारिता र निष्पक्ष न्यायसम्पादन प्रति जवाफदेहीता हुनु पर्दछ । जब न्यायपालिकाले कुनै प्रभाव र दबाबबाट मुक्त रही स्वतन्त्र र भयमुक्त वातावरणमा संबिधान र कानून बमोजिम आफ्नो न्याय सम्पादनको कार्य गर्न पाउँदछ तव मात्र न्यायपालिकाको स्वतन्त्रताको मुल्य मान्यता रहन्छ र न्यायपालिका प्रति जनताको बिश्वास अटुट रूपमा रहिरहन्छ ।

न्यायपालिका स्वतन्त्र र सवल रहनुबाट नै यसको सक्षमतामा निखारता आउँछ र न्यायपालिका प्रतिको जनबिश्वास बढ्छ । न्यायपालिकाको स्वतन्त्रताबाट मुलुकको शासन पद्धतिले समेत सफलता हासिल गर्न सक्तछ । कुनै पनि लोकतान्त्रिक शासन ब्यवस्थामा स्वतन्त्र न्यायपालिका पहिलो शर्त रहेको हुन्छ । प्रजातन्त्रको सुन्दर भबिष्यसमेत न्यायपालिकाको स्वतन्त्रतासँग जोडिन पुगेको हुन्छ । प्रजातन्त्रको मुटु भनेको संबिधान हो । संबिधान र प्रजातन्त्रलाई सँधै जीवित राख्ने कार्यको लागि न्यायपालिकाले सँधै धमनीको कार्य गर्नुपर्दछ । तर, यस्तो कार्य गर्नका लागि न्यायपालिकाको स्वतन्त्रता नै पहिलो आवश्यकताको रूपमा रहेको हुन्छ । यदि न्यायपालिका स्वतन्त्र हुन सकेन भने राज्यको शासन ब्यवस्थामा अस्थिरता उत्पन्न हुन जान्छ र लोकतान्त्रिक शासन ब्यवस्थालाई अधिनायकबादले पिरोल्न थाल्दछ । जब राज्यमा अधिनायकबाद हावी हुन थाल्दछ त्यहाँ न त न्यायपालिकाको स्वतन्त्रताको कुनै मूल्य, मान्यता र अस्तित्व नै बाँकी रहन्छ न त जनताका अधिकारहरू नै संरक्षित हुन सक्छन । राज्यले न्यायपालिकाको स्वतन्त्रतामा आघात पर्न जाने कार्य गर्नु हुँदैन र न्यायपालिका प्रतिको बिश्वसनियतालाई सँधै उँचो राख्नु पर्दछ । सन् २०१८ फेब्रुवरी २३ मा भारतीय सर्बोच अदालतका न्यायाधीश अमिताभ रोयले आफ्नो बिदाईका क्रममा बारद्वारा आयोजित कार्यक्रममा यस्तो मन्तब्य राखेका थिए– **I feel that we cannot in any way project a fractured face to only one. If this happens, we lose credibility. If we lose credibility, we lose paramountcy of the judicial process. If we lose paramountcy of the judicial process the rule of law is undermined. I find each one of my colleagues are excellent judges by his or her own right individually they are brilliant, but it is necessary to be together. (God save the hon'ble supreme court, Fali S.**

**Nariman, 2018 p. 39)** । न्यायपालिका जनताको अधिकार र स्वतन्त्रताको संरक्षक हो र जनताले न्यायपालिकाबाट संरक्षकत्व प्राप्त गरेको महसुस गरिरहने वातावरण सृजना हुनु पर्दछ । न्यायपालिकाले आफूलाई जहिले पनी राज्यका अन्य अङ्गहरूको भय र पक्ष **( Fear and favour )** बाट टाढा राख्न सक्नु पर्दछ । भय ,त्रास र दवाबबाट बिचलित नभई जनताको बिश्वासको धरोहरको रूपमा रहेको न्यायपालिकालाई रतिभर डगमगाउन नदिएमा मात्र स्वतन्त्र न्यायपालिकाको अस्तित्व रहन्छ । न्यायपालिका मजबुद हुनका लागि र न्यायपालिकाको स्वतन्त्रतालाई जिवन्त राख्नका लागि कुनै ब्यक्ति, दल बिशेष तथा राज्यका अन्य अङ्गहरूको दवाबबाट मुक्त रहनु मात्र होइन कि यसका लागि न्यायाधीश आफू पनि स्वतन्त्र हुनु पर्दछ । न्यायाधीश स्वतन्त्र हुन सकेमा मात्र न्यायपालिकाको स्वतन्त्रतालाई मजबुद बनाउन थप टेवा पुग्दछ । न्यायाधीशले गर्ने हरेक न्यायिक कार्यहरूमा कुनै वाह्य प्रभाब तथा दवाव हुनु हुँदैन र न्यायाधीशले त्यस्ता प्रभाव र दवावमा कहिल्यै अल्मलिनु हुँदैन ।

न्यायाधीशले बिना भय, त्रास र दवावको वाताबरणमा संबिधान र प्रचलित कानूनका आधारमा इमान्दारिताका साथ निष्पक्ष रूपमा न्यायसम्पादन कार्यलाई निरन्तरता दिन सकेको अवस्थामा  न्यायपालिकाको साख रहन पुग्दछ र यस सँगसँगै न्यायाधीशको गरिमा पनि उच्च रहन पुग्दछ । यसले न्यायपालिकाको स्वतन्त्रताको जग मजबुत हुनजान्छ । कतिपय अवस्थामा न्यायाधीशहरू राज्यको अन्य निकायको इच्छा अनुसार कार्य गरेका पनि देखिउको छ । त्यसले स्वतन्त्र न्यायालयको मर्म माथि नै कुठाराघात हुन पुग्दछ । भारतमा सन १९७१ मा तत्कालीन प्रधानमन्त्री इन्दीरा गान्धीले त्यहाँको सर्बोच्च अदालतमा प्रधानन्यायाधीशको नियुक्ति लागि चौथो बरियताक्रममा रहेका जस्टिस रे लाई अगाडि सार्दा सिनियर न्यायाधीश हरू जे.एम, शेलट, के.एस. हेग्डे र ए.एन. ग्रोवरले राजीनामा दिनु परेको थियो । त्यसरी नियुक्त हुनुभन्दा अघि प्रधान न्यायाधीश रे ले **Bank nationalization case** मा अन्य दश जना न्यायाधीशको भन्दा फरक निर्णय जाहेर गरेका थिए । यही बिषयलाई लिएर पछि जस्टिस रे का बारेमा **"The boy who wrote the best essay got the first prize"** समेत भनियो । उक्त मुद्दामा फरक मत राखेको कारण नै प्रधान न्यायाधीशको पद प्राप्त गरेको भनी टिप्पणी गरियो **( God save the hon'ble supreme court, Fali S. Nariman, 2018 p. 147-148)** । पछि तिनै प्रधान न्यायाधीश रे ले सन १९७७ मा  सिनियर जज एच. आर. खन्नालाई प्रधान न्यायाधीश नबनाई दोस्रो बरियताक्रममा रहेका एम.एच. बेगलाई प्रधान न्यायाधीशमा नियुक्ति गर्ने काम गरे । जस्टिस खन्नाले राजिनामा दिनु परेको थियो । यस्ता किसिमका घटनालाई स्वतन्त्र न्यायपालिका माथि भएको राजनीतिक हस्तक्षेपको रूपमा लिन सकिन्छ । न्यायपालिका एउटा त्यस्तो पबित्र अङ्ग हो जसको पवित्रतालाई सँधै संरक्षण गरेर राख्नु पर्दछ । अदालत प्रतिको सम्मान कति सम्म हुन्छ भन्ने कुरा

दुई सय बर्षभन्दा बढीको इतिहास बोकेको अमेरिकी सर्बोच्च अदालतमा नौ जना न्यायमूर्तिहरू अदालतमा आफ्नो सिटमा बस्नु पूर्व हरेक दिन **"God save the United States and this hon'ble court"** भनी पुकार गर्ने गरेबाट थाहा हुन्छ । न्यायपालिका प्रतिको सम्मान र संरक्षणबाट नै जनताका अधिकारको सम्मान र संरक्षण हुन सक्तछ ।

## स्वतन्त्र न्यायपालिका र नेपाल

न्यायपालिकाको स्वतन्त्रताको कुरा गर्दा नेपालमा जव बि.सं. १९९७ सालमा प्रधान न्यायालयको स्थापना गरियो तव नेपालमा न्यायालयको स्वतन्त्रताको छुट्टै अस्तित्व कायम हुन थाल्यो । न्यायपालिकाको क्रमिक बिकाससँगै नेपालमा २०४६ सालको परिवर्तन पछि न्यायपालिकाको स्वतन्त्रताका सम्बन्धमा संसद बिघटन र पुर्नस्थापनासँग सम्बन्धित मुद्धामा भएका केही निर्णयहरू सम्बन्धमा केही छिटफुट असन्तुष्टी पैदा गरेपनी न्यायपालिकाको स्वतन्त्रता सम्बन्धमा केही प्रगति भएको पाइन्छ तर पनी पछिल्ला समयमा दिनानुदिन बिकसित घटनाक्रमहरूबाट न्यायपालिकालाई कमजोर बनाउने कार्यहरू भइरहेको तितो सत्य हामीबाट लुक्न सक्दैन ।न्यायपालिकालाई बिभिन्न बहानामा कमजोर बनाउने प्रयास भइरहेका छन । न्यायपालिकालाई अनावश्यक विबादको घेरामा ल्याउने कार्यले एउटा न्यायपालिका मात्र होइन सिङ्गो देश र लोकतन्त्रलाई नै कमजोर बनाउन पुग्दछ । जब सर्वोच्च अदालतमा न्यायधिसको नियुक्ति सम्बन्धमा जव संसदिय सुनुवाइको प्रावधानलाई राख्ने काम भयो त्यसयता नै न्यायपालिकाको स्वतन्त्रतामा केही बादल देखिन थाल्यो । एउटा संसदको समितिको अधिनमा सुनुवाई गर्ने परम्पराले न्यायधिसले आफुलाई कति स्वतन्त्र महसुस गर्न सक्छ र त्यसरी हुने सुनुवाईबाट न्यायपालिकाको स्वतन्त्रताको मुल्य मान्यता कति सम्म स्थापित हुन सक्छ भन्ने कुरा हामीले हेक्का राख्न सकेनौं ।

न्यायपालिकामा हुने न्यायधिसको नियुक्तिका बिषयलाई लिएर न्यायपालिकालाई धेरै नै बिवादमा ल्याउने कार्य भयो । सर्बोच्च अदालतमा प्रधान न्यायधिसको नियुक्तिलाई लिएर बिभिन्न बिवादहरूको सृजना गरियो । न्यायपालिकाको नेतृत्व सम्बन्धमा राजनीतिक दलहरूको स्वार्थपूर्ण खेलले मात्र होइन स्वयं न्यायधिसहरूको आन्तरिक विवादका कारणले पनी मुख्य भूमिका निर्वाह गरेको छ । न्यायधिसलाई स्वतन्त्रपूर्वक काम गर्ने वातावरण रहेको छैन । संविधानमा ब्यवस्था गरिएको महाअभियोगको प्रावधान न्यायधिसलाई त्रास देखाउने हतियार बन्न पुगेको छ । पूर्व प्रधान न्यायधिस सुशिला कार्की उपरको महाअभियोग प्रस्ताब सम्बन्धि बिबाद, पूर्व प्रधानन्यायधिस गोपाल पराजुलीको जन्ममिति सम्बन्धि बिबादबाट उत्पन्न घटना, डा.गोबिन्द के.सी.उपरको मुद्धा, न्यायधिस दिपक राज जोशीलाई संसदिय सुनुवाई समितिबाट प्रधानन्यायधिसका लागी योग्य नठहर्‍याएको घटना जस्ता बिषयहरूका कारण पछिल्लो समय न्यायपालिका

बिवादबाट मुक्त हुन सकेन । न्यायपालिका भित्र भएका यस्ता किसिमका घटनाहरूबाट न्यायपालिका प्रतिको जनबिश्वासमा कमी आउन सक्छ । न्यायधिसहरूलाई समेत स्वतन्त्र रूपले न्यायसम्पादन गर्नकठिनाई उत्पन्न हुनसक्छ । जब न्यायधिसहरूले बिना भय, त्रासको वातावरणमा स्वतन्त्र रूपले काम गर्न पाउँदैनन त्यँहा कानूनको शासनको परिकल्पनासमेत गर्न सकिँदैन ।

कानूनको शासन भएन भने जनताका अधिकारहरू मृततुल्य रहन पुग्दछन । जुन मुलुकमा न्यायपालिकाको स्वतन्त्रताब्यवहारमा नभई केवल बोलीमा मात्र सीमित रहन्छन त्यँाहा कानूनको शासनको कुनै गुन्जायस नै रहँदैन र राज्यमा कार्यपालिकाको दवदवा मात्र रहन्छ । न्यायपालिका भनेको जन बिश्वासको अन्तिम धरोहर हो । राज्यका अन्य अंगहरू प्रति जनताका बिश्वास दिनानुदिन कम हुँदै गएको परिस्थितिमा न्यायपालिका प्रतिको जनताको बिश्वासलाई अझ बढी मजवुद बनाउनका लागी न्यायीक नेतृत्वले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ । आन्तरिक स्वार्थ र खिचतानीलाई परास्त गरेर सक्षम र सवल न्यायपालिका निर्माणको पहिलो संकल्प स्वयं न्यायधिसहरूले नै गर्नु पर्दछ । संस्था भित्र रहने ब्यक्ति स्वतन्त्र हुन सक्यो भने मात्र संस्था स्वतन्त्र हुन सक्छ । त्यसकारण न्यायपालिकालाई स्वतन्त्र राख्नका लागी त्यसमा संलग्न ब्यक्तिहरूले पहिला आफुलाई स्वतन्त्र राख्ने प्रयत्न गर्नु महत्वपूर्ण आवश्यकता रहन्छ । एउटा न्यायधिस कति निर्भिक र स्वतन्त्र ढंगबाट कार्य गर्न सक्तछ भन्ने कुरा न्यायधिसको नियुक्ति, निजको पृष्ठभूमी, योग्यता, दक्षतामा समेत निर्भर रहन्छ । न्यायपालिकामा हुने नियुक्तिमा Fairness र Transparency हुनै पर्दछ । न्यायधिसको नियुक्तिमा योग्यता,दक्षता, स्वच्छता, पारदर्शिता र निष्पक्षता हुन सक्यो भने त्यसरी नियुक्त हुने न्यायधिसबाट निष्पक्ष न्यायसम्पादन तथा स्वतन्त्र न्यायपालिकाको गरिमा बढने आशा र अपेक्षा गर्न सकिन्छ ।हामीकँहा न्यायधिसको नियुक्तिमा धेरै बिबादहरू उत्पन्न हुने गरेका छन । न्यायधिस नियुक्तिका क्रममा राम्राभन्दा पनि हाम्रा मान्छको खोजी हुने गरेको पाइन्छ । न्यायधिसको नियुक्ति दलिय भागवण्डामा गरिने नराम्रो प्रचलन बसेको छ ।

कुनै दल बिशेषको आडमा नियुक्त भएको ब्यक्तिले निष्पक्ष रस्वतन्त्र भएरकति न्याय दिन सक्छ भन्ने कुरा र त्यस्तो ब्यक्तिबाट न्यायपालिकाको स्वतन्त्रता र गरिमा कायम राख्ने कुराको आशा कतिसम्म गर्न सकिन्छ भन्ने कुरा कल्पनामा नै सिमित राख्नु सिवाय केही हुन सक्तैन । न्यायधिस स्वतन्त्र हुनुपर्दछ, निष्पक्ष हुनु पर्दछ । न्यायधिस जहिले पनी जनता प्रति जवाफदेही हुनु पर्दछ । न्यायीक जवाफदेहीता सम्बन्धमा Krishna Iyer J. को भनाई रहेको छ, Judges have large powers and must therefore be accountable as trustees to the people in the discharge of their duties. Even there appointment must have a democratic dimension. It is worth recalling

an old Roman adage; whatever touches us all should be decided by all. ( JUSTICE AT HEART, P.109 Salman khursid, Lokendra malik, EBC. 2016 ).

## स्वतन्त्र न्यायपालिकाको लागी कानून ब्यवसायीको भूमिका

न्यायपालिकाको स्वतन्त्रतालाई अक्षुण राख्नका लागीकानून ब्यवसायीको अहम भूमिका र जिम्वेवारी रहेको हुन्छ ।कानून ब्यवसायीलाई अदालतको अफिसरको रूपमा चित्रण गरिन्छ । आफ्नो पक्षको तर्फबाट प्रतिनिधित्व गरी आफ्नो पक्षलाई न्याय दिलाउने कार्य मात्र होइन की न्यायपालिकाको स्वतन्त्रतालाई मजवुत बनाई राख्न कानून ब्यवसायीको भूमिका सँधै Watchdog को जस्तो हुनुपर्दछ । न्यायपालिका स्वतन्त्र रहन सक्यो भने मात्र कानूनको शासनको मुल्य मान्यता स्थापित रहन सक्छ । मुलुकमा स्वतन्त्र न्यायपालिका र कानूनको शासनलाई स्थापित गराउन कानून ब्यवसायीको भूमिका उल्लेखनिय हुनुआवश्यक हुन्छ । स्वतन्त्र न्यायपालिकाको बचाउका लागी कानून ब्यवसायीले कतिसम्म गर्न सक्छन भन्ने तथ्य हामीले बिगतमा पाकिस्तानमा भएको Lawyers movement हेरे मात्र पनी पुग्छ ।

पाकिस्तानमा सन २००७ मार्च ९ मा Pervez Musharraf ले प्रधानन्यायधिस Iftikhar Muhammad chaudhry लाई निलम्बन गर्दा त्यँाहाको सवोच्च अदालत बार एशोसियसनद्वारा स्वतन्त्र न्यायपालिका उपरको हमला उपर Save the judiciary movement भन्दै Black coat movement गरेका थिए र कानून ब्यवसायीहरूले गरेको आन्दोलनमा प्रहरीद्वारा पेट्रोल बम प्रहार गर्दा कानून ब्यवसायीहरू जलिरहेको थिए तर पनी कानून ब्यवसायीहरू न्यायपालिकाको स्वतन्त्रताको रक्षार्थ लागिरहे र अन्तत प्रधानन्यायधिस Iftikhar Muhammad chaudhry लाई निलम्वन गरे पश्चातको चार महिनासम्मको आन्दोलनले उनलाई पुनर्स्थापना गर्ने कार्य भयो ।त्यसकारण स्वतन्त्र न्यायपालिकाको रक्षाका लागी कानून ब्यवसायीको भूमिका महत्वपूर्ण रहेको छ । कानून ब्यवसाय भनेको सेवा मुलक ब्यवसाय हो र सँगसँगै कानूनको शासन, समाजमा शान्ति र सुब्यवस्था कायम राख्नका लागी हरदम लागी परिरहने सामाजिक अभियन्तासमेत हो । वकालत भनेको ब्यवसाय मात्र नभई समाजसेवा पनी हो र कानून ब्यवसायी भनेको न्यायपालिकाको संरक्षकसमेत हो । त्यसैले भनिन्छ "Advocacy as a means of social service and not only an occupation " and Lawyers are protector of judiciary. कानून ब्यवसायी भनेको मानवअधिकार, स्वतन्त्र न्यायपालिका र कानूनको शासनको पहरेदार हो ।स्वतन्त्र न्यायपालिकाको गरिमा रहे मात्र कानून ब्यवसायीको गरिमा उचो रहन्छ । कानून ब्यवसायीको छाता संगठन नेपाल बार एशोसियसनले न्यायपालिकाको स्वतन्त्रतालाई अक्षुण राख्नका लागी, मुलुकमा कानूनको शासन कायम राख्नका लागी सँधै कटिबद्ध हुनु आवश्यक रहन्छ ।

बार र बेन्च भनेको एउटै सिक्काका दुई पाटा हुन । दुबैको कार्य भनेको न्याय प्रदान गर्ने गराउने हो । कानून ब्यवसायीहरू जुनसुकै राजनीतिक पृष्ठभूमिका भएपनी पहिलो प्राथमिकता न्यायपालिकाको गरिमा बढाउने तर्फ मुखतरित हुनु पर्दछ । न्यायपालिकालाई अपठ्यारो पर्दा कानून ब्यवसायी हरू एक हुनु पर्दछ तर बिडम्वना कतिपय अवस्थामा कानून ब्यवसायीहरू पनी दलिय स्वार्थ तिर लाग्ने गरेका छन् । अदालतको परिसरमा प्रवेश गर्दा म कुनै दलको आस्थावान सदस्य हुँ भन्ने बिर्सेर म स्वतन्त्र न्यायपालिकाको पक्षमा लागिरहने पहरेदार हुँ भन्ने मनन गर्नु नै कानून ब्यवसायीको कर्तब्य र धर्म हो । अदालत कुनै निश्चित राजनीतिक उधेष्यलाई साकार पार्ने खेल मैदान होइन, अदालत त न्याय जन्माउने थलो हो । त्याँहा न्याय नै जन्माउन दिनुको अरू बिकल्प केही हुन सक्तैन । अदालत कुनै दलिय भागवण्डाको आधारमा नियुक्ति गरिने भर्तिकेन्द्र होइन । अदालतमा न्यायधिस नियुक्ति प्रकरणमा जहिल्यै पनी बिबादमा आउने गरिएको छ । एउटा पवित्र संस्था जहाँ न्यायसम्पादन जस्तो पबित्र कार्य गर्ने स्थानमा गरिने नियुक्तिमा हुने भागवण्डा र बिवादले स्वच्छ र निष्पक्ष न्याय सम्पादन प्रक्रिया प्रति आँच आउन सक्छ र अदालत प्रतिको बिश्वसनियतामा नै शंका उत्पन्न हुन जान्छ ।यस्ता कुरामा कानून ब्यवसायीले मुख्य गरेर बार एशोसियसनले बढो गम्भिर भएर सोच बिचार गर्नु पर्दछ । बार एशोसियसनले न्यायपरिषदमा आफ्नो प्रतिनिधी पठाउँदा त्यस्तो ब्यक्तिलाई पठाउन सकोस जसले न्यायधिस नियुक्तिका क्रममा योग्यता, दक्षता र इमान्दारिताको खोजी गर्न सकोस । त्यसरीखोजी गरिएको योग्य, दक्ष र इमान्दार न्यायधिसले सँधै म्याग्नाकार्टाको धारा ४० मा लेखिएको "We will not sell, or deny, or delay right or justice to anyone" को कदर पक्कै गर्दछ । अन्त्यमा न्यायपालिकाको स्वतन्त्रता कायम राख्नका लागी, न्यायपालिकाको रक्षाको लागी अरूले जस्तोभगवान पूर्कान हामीले नपरोस, हाम्रो न्यायपालिकालाई स्वतन्त्र राख्नका लागी हामी आफै कटिबद्ध हौं ।

# चुनावी सन्दर्भ



शर्मिला बस्याल गौतम

केन्द्रबाट मागेर मत प्रदेशसम्म पुग्नु छ
न्यायको सपना बोकेर व्यवसायमा जुध्नु छ ।
यति कुरा बताइदेऊ लोकतान्त्रिकको मत कहाँ छ
ढुक्क भएर मत माग्न, मन मनमा पुग्नु छ ॥

संघीयता र प्रदेश अनि जिल्ला इकाई पुग्नु छ
महिना दिनको पेरीफेरी सबै ठाउँ घुम्नु छ ।
घुम्नसम्म घुम जहाँ सबको मन मनमा पुग
सही मत खसालेर लोकतान्त्रिकलाई चुन्नु छ ॥

प्रदेशभित्र पनि सात प्रदेश पुग्नु छ
समावेशी खुल्ला प्रतिनिधि चुन्नु छ ।
स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायको खातिर
लाग्नु छ जन हो हेर, निर्वाचनमा तातेर ॥

ल्याउनुछ, विश्वास अनि मतको अग्रणी पंक्तिमा
लोकतान्त्रिक समूहको विजयी गर्नु छ अन्तमा ।
लागौं लाग विद्वान जन हो आ–आफ्नो ठाउँबाट
जसरी नि जिताउ भनी गरौं सबैले आँट ॥

न्यायको विजारोपण गर्नका लागि पनि
लोकतान्त्रिक समूहलाई जिताउन पर्छ अनि ।
इमानदार न्यायपालिका कलाउन पनि
लागौं सबै निर्वाचनमा सहभागी बनी ॥

**नियन्त्रित र निर्देशित शासन व्यवस्था विरुद्धको हाम्रो प्रतिबद्धता**
**स्वतन्त्र, निर्भिक तथा भ्रष्टाचारमूक्त न्यायपालिका आजको आवश्यकता**

## नेपाल बार एशोसिएशन
## केन्द्रीय कार्यसमिति निर्वाचन, २०७५



**अधिवक्ता सुनिल कुमार पोखरेल**
**नेतृत्वको**

**बृहत् लोकतान्त्रिक, समावेशी तथा पेशागत कानून व्यवसायी**
**समूहलाई अत्याधिक बहुमतले विजयी गराऔं ।**

**Broader Democratic, Inclusive, Professional Lawyer's Panel**

# घोषणा-पत्र २०७५

नेपाल बार : सम्पूर्ण कानून व्यवसायीहरूको साझा घर

**आदरणीय विद्वान/विदुषी कानून व्यवसायीज्यूहरू,**

हामी बृहत् लोकतन्त्रवादी तथा पेशागत कानून व्यवसायीहरू संघीय लोकतान्त्रिक गणतन्त्र, स्वतन्त्र न्यायपालिका, कानूनको शासन, मानवाधिकार, अभिव्यक्ति स्वतन्त्रता, बहुलवादी लोकतान्त्रिक मूल्यहरूको संरक्षण र सम्बर्द्धनप्रति प्रतिबद्धता व्यक्त गर्दै सम्पूर्ण कानून व्यवसायीज्यूहरूमा हार्दिक अभिवादन व्यक्त गर्दछौं ।

यही २०७५ साल चैत्र १६ गते सम्पन्न हुन गइरहेको नेपाल बार एशोसिएशनको निर्वाचनको सन्दर्भमा हामी हाम्रो कार्यक्रम योजना र खाकासहित यहाँहरू समक्ष प्रस्तुत भएका छौं ।

नेपाल बार एशोसिएशनका संस्थापक अग्रजहरूको भूमिकालाई स्मरण गर्दै उहाँहरूको परिकल्पनालाई साकार गर्न नेपाल बारका पूर्वपदाधिकारी तथा सदस्यसहित वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा सम्पूर्ण कानून व्यवसायीको योगदानप्रति सम्मान गर्न चाहन्छौं ।

नेपाल बार एशोसिएशनलाई सम्पूर्ण कानून व्यवसायीहरूको साझा घरको रूपमा विकास गरी समाजको एक अग्रणी सामाजिक अभियन्ता संगठनको रूपमा अघि बढाउन स्वतन्त्र र सक्षम न्यायपालिका एवम् विधिको शासनप्रति प्रतिबद्ध यस समूहका उम्मेदवारलाई अमूल्य मत प्रदान गरी विजयी गराउन सम्पूर्ण विद्वान, विदुषी कानून व्यवसायीज्यूहरू समक्ष हार्दिक अपिल गर्दछौं ।

**हाम्रा मुख्य प्रतिबद्धताहरू :**

- व्यावसायिक हक, प्रतिष्ठा र पेशागत सुरक्षा
- अभिव्यक्ति स्वतन्त्रता तथा संस्थागत स्वायत्तता
- स्वतन्त्र, सक्षम, भ्रष्टाचारमुक्त र निर्भिक न्यायपालिका
- संविधानले प्रत्याभूत गरेका लोकतान्त्रिक मूल्य मान्यताहरूको अक्षुण्णता
- संघीय संविधानको कार्यान्वयन र विकासमा सबैको सहभागिताको वातावरण निर्माण
- संविधानको मर्म विपरीत शक्तिको अतिकेन्द्रीकरण विरूद्ध हाम्रो अभियान
- कानून व्यवसायीको प्राज्ञिक तथा व्यावसायिक क्षमता र अन्तर्राष्ट्रिय सहभागिता
- सूचना र सञ्चारमा पहुँच र नविनतम प्रविधिको उपलब्धी

**हाम्रा प्रतिबद्धताहरू :**

**१. कानून व्यवसायीको व्यावसायिक हकहित, सुरक्षा र प्रतिष्ठाको अभिबृद्धि :**

नेपाल बार एशोसिएशनका सदस्य कानून व्यवसायीहरू व्यावसायिक हकहित, सुरक्षा

र प्रतिष्ठाको अभिबृद्धि यस समूहको प्राथमिक कार्य रहनेछ । यसका लागि हामी देहाय बमोजिम कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

(क) महिला, नवोदित, आदिवासी/जनजाति, मधेशी, दलित, सीमान्तकृत वर्गका कानून व्यवसायीलाई सक्षम कानून व्यवसायीको रूपमा स्थापित गराउने कार्यमा प्राथमिकता दिइनेछ ।

(ख) सरकारी, गैरसरकारी, निजी प्रतिष्ठान, स्थानीय निकाय एवम् अर्धन्यायिक निकायसमेतमा अनिवार्य रूपमा कानूनी जनशक्तिको आवश्यकताको उचित व्यवस्था गर्नका लागि पहल गरिनेछ ।

(ग) क्षेत्रगत विशेषज्ञता हासिल गरेका कानून व्यवसायीहरूले आवधिक रूपमा वा करारमा सरकारी वकिलको रूपमा सम्पादन गरिने कार्यहरू गर्न पाउने व्यवस्थाका लागि पहल गरिनेछ ।

(घ) वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने कार्य नियमित रूपमा हुनुपर्ने र वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्दा जिल्लास्तरमा सेवा प्रदान गरेका कानून व्यवसायीहरूलाई पनि समावेश गराउन जोड दिइनेछ ।

(ङ) नोटरी पब्लिक, कम्पनी सचिव र वाणिज्य कानूनसँग सम्बन्धित विषयमा कानून व्यवसायीको भूमिकालाई अघि बढाउँदै सरकारी तथा गैरसरकारी स्तरबाट हुने सबै कार्यमा कानून व्यवसायीको संलग्नता अनिवार्य गराउनेतर्फ बारको माध्यमबाट सरकारसमक्ष माग प्रस्तुत गरी कार्यान्वयनमा पहल गरिनेछ ।

(च) राज्यका प्रत्येक निकायमा कानून व्यवसायीको पेशागत पहुँच स्थापित गर्न दबाब सृजना गरिनेछ ।

(छ) नेपाल बार एशोसिएशन तथा यसका इकाईहरूको संस्थागत प्रतिनिधित्व राज्यका केन्द्रीय, प्रादेशिक र स्थानीय तहमा हुने व्यवस्थाका लागि क्रियाशील रहनेछ ।

(ज) बार काउन्सिल तथा नेपाल बार एशोसिएशनको सहकार्यमा कानून व्यवसायीका क्षमता तथा दक्षता अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(झ) कानून व्यवसायीहरूको संस्थागत तथा व्यक्तिगत दक्षता र क्षमता अभिवृद्धिका लागि अति आवश्यक लयर्स एकेडमीको (प्रस्तावित) ऐन पारित गर्न पहल गरिनेछ ।

(ञ) उपत्यका बाहिरका हिमाल, पहाड तथा तराईका जिल्लामा क्रियाशील कानून व्यवसायीहरूलाई तालिमको विशेष अवसर प्रदान गरिनेछ ।

(ट) लयर्स अफिस म्यानेजमेन्ट, लिडरसिप डेभलपमेन्ट लगायत समसामयिक तालिमको प्रबन्ध मिलाइनेछ ।

(ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा रहेका कानूनसम्बन्धी सूचना सञ्जालमा कानून व्यवसायीहरूको पहुँच स्थापित गर्न आवश्यक आधुनिक सफ्टवेयरको व्यवस्था गरिनेछ ।

(ड) नवोदिन कानून व्यवसायीहरूलाई कानून व्यवसायी फर्ममा संलग्न गराउँदा न्यूनतम पारिश्रमिक तोक्ने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

(ढ) नोटरी पब्लिकको नविकरण र प्रतिवेदन बारमार्फत् नोटरी पब्लिक परिषद्मा बुझाउने व्यवस्था मिलाउनु पर्ने र नविकरण शुल्क घटाउनेतर्फ पहल गरिनेछ ।

(ण) कानून व्यवसायीको कल्याणकारी कोषलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

## २. प्राज्ञिक व्यावसायिक विकास र विस्तार :

नेपालको कानूनी शिक्षा र तालिमलाई अन्तर्राष्ट्रियस्तरको बनाउनु अत्यन्त आवश्यक भइसकेको छ । कानून व्यवसायीहरूलाई उच्च शिक्षा, विषयगत तालिम र प्रशिक्षणको अवसर उपलब्ध गराउन निम्नानुसारका कार्यक्रमहरू सञ्चालनका लागि जोड दिइनेछ ।

(क) गुणस्तरीय कानूनी शिक्षा सर्वसुलभ हुनुपर्नेमा निरन्तर हाम्रो जोड रहनेछ ।

(ख) महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा सीमान्तकृत वर्गका छात्र छात्रालाई कानून अध्ययनमा प्रोत्साहन गर्न उचित छात्रवृत्तिको व्यवस्था गर्न सम्बन्धित निकायको निरन्तर ध्यानाकर्षण गरिनेछ ।

(ग) कानूनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्था तथा निकायसँग सम्बन्ध विस्तार गरी अन्तर्राष्ट्रियस्तरका तालिम, कार्यशाला गोष्ठी, सम्मेलन तथा वृत्ति विकासका अवसरहरूमा महिला, आदिवासी, जनजाति, दलित, मधेशी तथा सीमान्तकृत तथा नवोदित कानून व्यवसायीको पहुँच बढाइनेछ ।

(घ) कानूनको जानकारीको पहुँच आम जनतासमक्ष हुनुपर्ने हुँदा उच्च माध्यमिक विद्यालय तहसम्ममा आधारभूत कानूनी शिक्षा प्रदान गर्ने व्यवस्थाका लागि पहल गरिनेछ ।

(ङ) नेपाली कानून व्यवसायीहरूलाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्षम बनाउन अन्तर्राष्ट्रिय बार एशोसिएशन, स्थानीय बार एशोसिएशन, ल एसिया, इन्टरनेशनल मध्यस्थता परिषद्, न्यायपालिका लगायतका संस्था तथा निकायहरूसँग सम्बन्ध विस्तार गरी ज्ञान तथा अनुभव आदान प्रदान कार्यक्रमहरूको विस्तार गरिनेछ ।

(च) कानून संकाय तथा महाविद्यालयसँग समन्वय गरी तथा स्वतन्त्र रूपमा

समकालीन कानूनी विषयमा अध्ययन, अनुसन्धानका कार्यहरू सञ्चालन गरिनेछ ।

(छ) महिला, आदिवासी/जनजाति, दलित, मधेशी तथा सामाजिक रूपमा उत्पीडित र नवोदित कानून व्यवसायीहरूलाई विभिन्न निकायबाट सञ्चालन गरिने तालिममा छात्रवृत्ति बढाउँदै उनीहरूको दक्षता अभिबृद्धि गरिनेछ ।

(ज) लोकतान्त्रिक समूहको नेतृत्वमा रहेको नेपाल बार एशोसिएशनको कार्यसमितिको पहलमा तयार भएको लयर्स एकेडेमीसम्बन्धी कार्यलाई विशेष प्राथमिकता दिइनेछ । यस एकेडेमीलाई अन्तर्राष्ट्रियस्तरको कानून तालिम केन्द्रको रूपमा विकसित गरी विषयगत विज्ञतासहितको तालिम, कार्यशाला तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(झ) राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा प्रदान गरिँदै आएको विभिन्न किसिमका तालिम, प्रशिक्षण र अनुशिक्षण कार्यक्रममा कानून व्यवसायीहरूको अधिकत्तम सहभागिताका लागि अग्रसरता लिइनेछ ।

(ञ) निरन्तर कानूनी शिक्षा, Continuious Legal Education (CLE) लाई अझ प्रभावकारी ढंगले अगाडि बढाइनेछ ।

**३. सामाजिक अभियन्ताको रूपमा राष्ट्रिय भूमिका** :

(क) संविधानको मर्म र भावना अनुरूपका कानून निर्माण र कार्यान्वयनमा हाम्रो अग्रसरता रहनेछ।

(ख) हाल सरकारबाट प्रस्तावित गरिएका र गर्ने भनिएका अभिव्यक्ति स्वतन्त्रतालाई निरूत्साहित गर्ने तथा सुशासनका लागि अत्यावश्यक स्वतन्त्र नियामक निकायको सञ्चालनमा कानूनी मर्म विपरितको हस्तक्षेपविरूद्ध जोडदार आवाज उठाइने छ ।

(ग) सार्वभौम सत्ता जनतामा रहेको र यसको प्रयोग संविधान बमोजिम हुनुपर्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम न्यायपालिकाको स्वतन्त्रतामा कुनै पनि प्रकारको कार्यापालिकी तथा व्यवस्थापिकाको हस्तक्षेप, नियन्त्रण र प्रभाव हुनुहुँदैन भनी सो विरूद्धका सम्पूर्ण कार्यहरूको जोडदार प्रतिरोध गर्नेछौं ।

(घ) स्वतन्त्र, सक्षम र निर्भिक न्यायपालिकाको मूल्य, मान्यतालाई व्यावहारिक रूपमा अझ बलियो बनाउँदै न्यायमा जनताको सहज पहुँच हुनेगरी न्यायपालिकाको दैनिक कार्य व्यवस्थापनमा सुधार हुनुपर्नेमा सदैव जोड दिइनेछ ।

(ङ) संघीयताको संरचनामा उच्च अदालतको मर्यादा र प्रतिष्ठालाई कमजोर बनाउने कार्यले न्याय सम्पादनमा समेत प्रत्यक्ष प्रभाव पर्ने हुँदा उच्च

अदालतको सम्मान र स्तरलाई राज्यले विशेष जोड दिनुपर्ने हाम्रो माग रहेको छ । उच्च अदालतहरूलाई सम्मान र स्तर अभिबृद्धि गर्न राज्यको क्षेत्राधिकारसँग जोड्नपर्ने हाम्रो माग रहेको छ ।

(च) तराई/मधेश लगायतका संवेदनशील मुद्दा पहिचान गरी सरकारले उक्त मुद्दालाई न्यायोचित रूपमा सम्बोधन गरिनुपर्ने कुरामा जोड दिइनेछ ।

(छ) नेपाल बार एशोसिएशन मार्फत कानून व्यवसायीहरूलाई सामाजिक अभियन्ताका रूपमा सक्रिय गराउँदै संघीय लोकतान्त्रिक गणतन्त्रसहितको नयाँ नेपालको स्थायित्व, शान्ति र विकासको मार्गचित्र तयार गरिनेछ । कानूनीराज, मौलिक हक, अभिव्यक्ति स्वतन्त्रता, राजनीतिक, सांस्कृतिक, आर्थिक तथा सामाजिक न्यायको मूल्य/मान्यतालाई संस्थागत गर्न पहल गरिनेछ ।

## ४. स्वतन्त्र न्यायपालिका र नेपाल बार एशोसिएशन :

(क) विधिको शासनको अवधारणा, शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप स्वतन्त्र र सक्षम न्यायपालिकाको हाम्रो यात्रा निरन्तर रहनेछ । न्यायपालिकामाथि संसदले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा अंकुश लगाउनसक्ने व्यवस्थाको हामी विरोध गर्दछौं ।

(ख) मुद्दामा निर्णय गर्नुपर्ने विषयको निर्धारण गरी मुद्दा सुनुवाइको समयावधि तोकी फैसला र बहस पैरवीलाई व्यवस्थापन गर्ने प्रणाली विकासमा जोड दिइनेछ । लिखित बहसनोटको व्यवस्थालाई अनिवार्य गर्दै बहसनोटमा उठाएका कानूनी प्रश्न र बहसका क्रममा वा सुनुवाइका जुनसुकै क्रममा पेश भएका सर्वोच्च अदालतबाट प्रतिपादित नजिर के कति कारणबाट अवलम्बित हुने वा नहुने भन्ने विषयमा फैसलामा अनिवार्य रूपमा लेखिनुपर्ने व्यवस्थाका लागि पहल गरिनेछ ।

(ग) अदालत तथा अर्धन्यायिक निकायमा हुने अनियमितता, ढिलासुस्ती र गैर जवाफदेहिताको विरूद्ध सशक्त आवाज उठाइनेछ ।

(घ) कानूनी सहायतामा स्वदेशी तथा विदेशी सरकारी तथा गैरसरकारी सहयोग बृद्धि गरी अधिकत्तम व्यक्तिलाई कानूनी सहायता प्रदान गर्न क्रियाशील रहनेछ । कानूनी सहायता कार्यक्रमअन्तर्गत जिल्ला जिल्लामा नियुक्ति पाई कार्यरत कानून व्यवसायीको कार्यलाई निरन्तरता दिई उनीहरूको सेवालाई स्थायित्व प्रदान गर्दै कानूनी सहायताका सबै कार्यक्रमहरूलाई नेपाल बार एशोसिएशनको छाता मुनि क्रियाशील हुने व्यवस्थाका लागि जोडदार प्रयास गरिनेछ ।

(ङ) कानून व्यवसायीहरूबाट प्रदान भइरहेको वा गर्नुपर्ने प्रो-वोनो कानूनी सेवालाई व्यवस्थित र अनिवार्य गरी कानून व्यवसायीहरूको स्वाभिमान स्थापित गरिनेछ ।

(च) मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ लगायत निर्मित नयाँ कानूनका सम्बन्धमा अभिमूखीकरण, चेतनामूलक तथा तालिम कार्यक्रमहरू सञ्चालनलाई निरन्तरता दिइनेछ ।

(छ) न्यायाधीशको नियुक्ति र बर्खास्ती सम्बन्धमा संविधानमा नै व्यवस्था गरी न्यायिक मापदण्ड तथा जवाफदेहिता (Judicial Standard and Accountability) कायम गर्न आवश्यक व्यवस्थाका लागि पहल गरिनेछ ।

(ज) न्यायपालिकाभित्र न्यायाधीशको नियुक्तिमा कानून व्यवसायीको पहिलो प्राथमिकताक्रम स्थापित गराउँदै न्यायाधीश नियुक्तिमा नेपाल बार एशोसिएशनको भूमिकालाई प्रभावकारी बनाइनेछ । साथै न्यायाधीशको नियुक्तिमा रहेको बढुवा पद्धतिलाई सुधार गर्न सशक्त आवाज उठाइनेछ ।

(झ) स्वतन्त्र, सक्षम र निर्भिक न्यायपालिका र स्वतन्त्र, सक्षम र निर्भिक बार एक अर्काका परिपूरक हुन् भन्ने मान्यताअनुरूप बार र बेञ्चको सहमतिमा मुद्दाको सुनुवाई तथा भ्रष्टाचार एवम् ढिलासुस्तीका विषयमा अध्ययन अनुसन्धान गरी त्यस्ता प्रतिवेदनलाई सार्वजनिक गरिनेछ ।

(ञ) फौजदारी न्याय र बालन्याय प्रणालीलाई नेपालमा पनि अन्तर्राष्ट्रिय मान्यताअनुरूप स्थापना र विस्तार गरिनेछ । फौजदारी न्यायका सर्वमान्य सिद्धान्त र मूल्य मान्यतामा देखिएको विचलन रोक्न नेपाल बार एशोसिएशन गम्भीररूपमा प्रस्तुत हुनेछ ।

(ट) व्यक्ति पक्राउ पर्नसाथ कानून व्यवसायीको सल्लाह लिन पाउने र कानून व्यवसायीको नियुक्तिपश्चात् मात्र बयान गराइने संवैधानिक हकको व्यवस्थालाई अझ प्रष्ट गर्दै कानून व्यवसायीको उपस्थितिबिना अनुसन्धान गर्न वा मुद्दा चलाउन नपाइने व्यवस्थाका लागि क्रियाशील रहनेछ ।

(ठ) वैतनिक कानून व्यवसायीको पारिश्रमिक समयसापेक्ष रूपमा बृद्धि गरी प्रभावकारी भूमिका निर्वाह गराउन पहल गरिनेछ ।

(ड) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको मस्यौदामा कानून व्यवसायीको हस्ताक्षरको अनिवार्य गरिने व्यवस्थाका लागि प्रचलित कम्पनी ऐनमा आवश्यक संशोधनको लागि पहल गरिनेछ ।

(ढ) नोटरी पब्लिक ऐनअन्तर्गत अख्तियार प्राप्त नोटरी पब्लिकले गरेको अनुवाद तथा प्रमाणीकरणलाई नेपाल सरकार परराष्ट्र मन्त्रालय लगायतका सरकारी निकायले मान्यता दिन अस्वीकार गरेको अवस्थालाई अन्त्य गर्न दृढतापूर्वक पहल गरिनेछ ।

**५. प्रकाशन तथा प्रशारण :**

(क) **ई-बुलेटिन**

नेपाल बार एशोसिएशन तथा यसका सदस्यहरूका दैनिक कामकारबाहीहरू, सर्वोच्च अदालतबाट भएका पन्ध्रदिनभित्रका राष्ट्रिय तथा विधिशास्त्रीय कोणले दूरगामी महत्व राख्ने फैसला आदेशहरूको संक्षेप तथा विभिन्न केश स्टडीसमेत समावेश हुने गरी प्रत्येक पन्ध्र-पन्ध्र दिनमा एउटा ई-बुलेटिन प्रकाशित गरी मुलुकभरिका कानून व्यवसायीहरूको ईमेलमा संप्रेषण गरिनेछ । नेपाल बार एशोसिएशनको वेबसाइटमा पनि राखिनेछ ।

(ख) **न्यूजलेटर**

न्यायपालिका, कार्यपालिका तथा व्यवस्थापिकाका महिनाभरिका लोकतन्त्र, संविधानवाद तथा संघीयताका दृष्टिले महत्वपूर्ण देखिन आउने निर्णय, आदेश, विधेयक, नवनिर्मित कानूनहरूको संक्षेपसहितको समाचार समेटिने गरी प्रत्येक महिना एउटा न्यूजलेटर प्रकाशित गरी प्रत्येक बार इकाई तथा अदालतहरूमा संप्रेषण गरिनेछ ।

(ग) **जर्नल**

संविधान, कानून तथा बृहत्तर विधिशास्त्रका विषयहरूमा प्रत्येक दुई-दुई महिनामा एक नेपाली र एक अंग्रेजी भाषामा प्राज्ञिक तथा अनुसन्धानमूलक जर्नल प्रकाशित गरी मुलुकभरिका कानून व्यवसायी तथा कानूनका विद्यार्थीहरूका लागि उपलब्ध गराइनेछ ।

(घ) **टेलिभिजन टक शो :**

लोकतन्त्रलाई संस्थागत र सुदृढीकरण गर्न शासकीय शक्तिको अति केन्द्रीकरणबाट लोकतन्त्रमा आउनसक्ने जोखिम, संघीयताको वास्तविक मर्म र भावनाबमोजिम राज्य शक्तिको स्थानीय तहसम्म हुनुपर्ने विकेन्द्रीकरण, विधिको शासन, स्वतन्त्र न्यायपालिका, शक्ति पृथकीकरण, अभिव्यक्ति स्वतन्त्रता लगायतका संविधान प्रदत्त अन्य मौलिक स्वतन्त्रताहरू, भ्रष्टाचार, सुशासन, पारदर्शिता, खुला अर्थतन्त्र र खुला समाज आदिसमेतका विषयहरू समेटी प्रत्येक महिना कुनै एक राष्ट्रिय टेलिभिजन च्यानलबाट नेपाल बार एशोसिएशनको ब्यानरमा टेलिभिजन टक शो प्रसारण गरिनेछ ।

**६. कानून व्यवसायी राहत कोषको स्थापना :**

(क) विविध कारणले आर्थिक संकटमा परेका कानून व्यवसायीहरूलाई पेशाको निरन्तरता र न्यूनतम जीवनयापनको व्यवस्था गर्नका लागि कानून व्यवसायी राहत कोष स्थापना गर्न पहल गरिनेछ ।

## ७. संस्थागत सुधार र दीर्घकालीन योजना :

नेपाल बार एशोसिएशनको संस्थागत सुशासनको विशेष थालनी गरिनेछ । नेपाल बार एशोसिएशनलाई आधुनिक बारको रूपमा रूपान्तरण गर्न देहाय बमोजिमको विशेष कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

(क) नेपाल बार एशोसिएशनद्वारा अल्पकालीन तथा दीर्घकालीन रणनीतिक योजना तथा कार्ययोजना तयार गर्दै नेपाल बार एशोसिएशनको VISION 2025 कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

(ख) प्रत्येक बार इकाईमा डिजिटल स्रोत केन्द्र (इ-पुस्तकालयको स्थापना गरी कानून व्यवसायीहरूका लागि साइबर लवीको व्यवस्था गरिनेछ । साथै प्रत्येक बार इकाई परिसरलाई खुला तथा सुरक्षित Wi-Fi Zone को रूपमा विकास गरिनेछ ।

(ग) नेपाल बार एशोसिएशनलाई डिजिटलाइज गरी अत्याधुनिक बनाइनेछ । नेपाल बार काउन्सिलको अभिलेखसँग समन्वय गरी प्रत्येक बार इकाईका कानून व्यवसायीहरूको रेकर्ड अद्यावधिक गरी लगत व्यवस्थापन गरिनेछ । यस क्रममा केन्द्रीय सचिवालय र बार इकाईको समन्वयका लागि केन्द्रीय सञ्जालको (National Network) स्थापना गरी सदस्यको विवरण तथा विशेषतालाई प्रभावकारी, चुस्त र दुरूस्त गरिनेछ ।

(घ) बारको केन्द्र तथा इकाईका पदाधिकारीहरूसँग दोहोरो संवाद हुने गरी अन्तर्क्रियात्मक संवादको सञ्जाल (Interactive Communication Network) निर्माण गरिनेछ ।

(ङ) पेसी र सुनुवाइको सूचना प्रवाहका लागि सी.सी.टी.भी. जस्ता प्रविधिको स्तर विकासमा क्रियाशील रहनेछ ।

(च) नेपाल बार एशोसिएशनको स्रोत केन्द्र र बारका प्रत्येक इकाईबीच समन्वय कायम गरी सदस्य कानून व्यवसायीहरूलाई स्रोत केन्द्रको सामग्री उपलब्ध गराइनेछ ।

## ८. सामाजिक सुरक्षा :

कानून व्यवसायको महत्वपूर्ण चुनौतीमध्ये सामाजिक सुरक्षा तथा स्वस्थ जीवन हो भन्ने हाम्रो धारणा छ । यस चुनौतीलाई सम्बोधन गर्न निम्न कार्यक्रमहरू सञ्चालन गरिनेछन् :

(क) नेपाल बार एशोसिएशनमा आबद्ध रहनुभएका सम्पूर्ण कानून व्यवसायी सदस्यहरूको नेपाल बार एशोसिएशनमार्फत् सामूहिक रूपमा जीवन, स्वास्थ्य

तथा दुर्घटना बीमा लगायतका बीमा गर्ने गराउने कार्यमा विशेष पहल गरिनेछ ।

(ख) यस कार्यका लागि चाहिने आवश्यक आर्थिक स्रोत जुटाउन वर्तमान कर कानूनमा संशोधन गर्न पहल गरी कानून व्यवसायीले राज्यलाई तिर्ने करको केही अंश बारलाई सोधभर्ना दिने व्यवस्था गराउनेतर्फ विशेष पहल गरिनेछ ।

(ग) बीमाका विभिन्न प्याकेजहरू उपलब्ध गराई कानून व्यवसायीलाई सामूहिक तथा व्यक्तिगत बीमा गर्न पहल गरिनेछ ।

(घ) कानून व्यवसायीको हितमा विशेष ध्यान दिई मुलुकभर रहेका स्वास्थ्य संस्थाहरूसँग सम्झौता गरी कानून व्यवसायीको स्वास्थ्य उपचारमा सहुलियत प्रदान गराउन विशेष पहल गरिनेछ ।

(ङ) कानून व्यवसायीको शारीरिक तथा मानसिक स्वास्थ्यलाई ध्यानमा राखी लयर्स क्लब तथा अन्य रिक्रियसन केन्द्रको स्थापना गरी स्वस्थ जीवन सक्रिय व्यवसायको विकासमा विशेष जोड दिइनेछ ।

## ९. नेपाल बारद्वारा सञ्चालित कार्यक्रमको निरन्तरता

(क) नेपाल बार एशोसिएशनले हाल सञ्चालन गरिरहेको मिलापत्र, कानूनी सहायता, मानवअधिकार सञ्जाल कार्यक्रम, भौतिक विकासका लागि भवन निर्माण र पुस्तकालय स्थापना एवम् बार इकाईलाई प्रदान गरिने विभिन्न सहयोगसमेतका सबै कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

(ख) नेपाल बार एशोसिएशनबाट सञ्चालन भएका कार्यक्रमलाई अझै अगाडि बढाउँदै लैजान आवश्यक रहेका संवैधानिक सर्वोच्चता, कानूनी राज, स्वतन्त्र न्यायपालिकाका विषय, सामाजिक अभियान र लोकतन्त्र तथा स्वतन्त्र न्यायपालिकाको पक्षपोषण गर्ने कार्यक्रमहरूलाई अझ बढी प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

## १०. अन्तर्राष्ट्रिय सवालहरूमा नेपाल बार एशोसिएशनको प्रतिबद्धता :

(क) मानवअधिकार घोषणापत्र तथा संयुक्त राष्ट्रसंघबाट जारी गरिएका मानवअधिकारसम्बन्धी अभिसन्धिहरूको कार्यान्वयन गराउन प्रतिबद्ध रही नेपाल सरकार पक्ष रहेका सबै घोषणापत्र र अन्तर्राष्ट्रिय सन्धि/सम्झौताको कार्यान्वयनमा जोड दिइनेछ ।

(ख) महिला, आदिवासी/जनजाति, बालअधिकार, जेष्ठ नागरिकसँग सम्बन्धित अन्तर्राष्ट्रिय घोषणापत्र र प्रतिबद्धतालाई कार्यान्वयन गर्न क्रियाशील रहनेछ ।

(ग) प्रेस स्वतन्त्रतासम्बन्धी सबै घोषणाको कार्यान्वयनको माग गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा स्वतन्त्र प्रेसको पक्षमा दरिलो आवाज उठाइनेछ ।

(घ) सबै खाले विभेदका विरूद्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नेपाल बार एशोसिएशनको उपस्थिति बढाउँदै लगी नेपालको प्रभावकारी सहभागिताको व्यवस्था मिलाइनेछ ।

(ङ) नेपाल बार एशोसिएशनको संविधान, कानून र अदालतसँग सम्बन्धित अन्तर ाष्ट्रिय सञ्जाल र संघसंस्थाको सदस्यता लिने कार्यलाई प्राथमिकता प्रदान गर्दै सबै अन्तर्राष्ट्रिय मञ्चमा नेपाल बारको उपस्थिति र भूमिकालाई बृद्धि गरिनेछ ।

(च) अन्तर्राष्ट्रिय बार एशोसिएशनसँग सम्बन्ध विस्तार गर्ने ।

(छ) कानून व्यबसायीको अनुभव, आदान-प्रदान गर्न अन्तर्राष्ट्रिय रूपमा भ्रमणको लागि पहल गर्ने ।

(ज) अन्तर्राष्ट्रिय ख्याति प्राप्त, विधिशास्त्रीहरूलाई आमन्त्रण गरी कानून व्यवसायीहरूको क्षमता अभिबृद्धि गर्ने ।

(झ) अन्तर्राष्ट्रिय संघ, संस्था जस्तै WTO, WORLD BANK तथा ल फर्महरूसँग समन्वय गरी कानून व्यवसायीहरूको क्षमता अभिबृद्धिका लागि अनुसन्धानात्मक कार्यको शुरूवात गर्न पहल गर्ने ।

(ञ) नेपाल राज्यभित्र रहेर पेशागत रूपमा कार्यरत कानून व्यवसायीहरूलाई अन्तर्राष्ट्रिय सम्मेलनहरूमा भाग लिन सक्ने वातावरण तयार गर्ने ।

(ट) अन्तर्राष्ट्रिय विवाद मध्यस्थता जस्ता विषयमा नेपाली कानून व्यवसायीहरूलाई समेत संलग्न गर्न सम्बन्धित निकाय, ल फर्म वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय गर्न पहल गर्ने ।

**११. नेपाल बार एशोसिएशन र राजनीतिक मुद्दाहरूः**

(क) नेपाल बार एशोसिएशनले पेशा व्यवसायसम्बन्धी हकहितलाई आफ्ना प्राथमिकतामा राखी आफ्नो व्यवसाय र स्वतन्त्रताको रक्षा र विकासको लागि लोकतन्त्र अनिवार्य शर्त भएकाले लोकतन्त्र र लोकतन्त्रको मूल्य र मान्यतासँग हामी अविभाज्य रहेका छौं ।

(ख) देशको राजनीतिक विकासका लागि बहुलवादको आधारमा बहुदलीय प्रतिस्पर्धासहितको लोकतान्त्रिक पद्धति र स्वतन्त्र, सक्षम र निर्भिक न्यायपालिका समेतका विषयमा सामाजिक अभियन्ताका रूपमा राष्ट्रिय नेतृत्व प्रदान गरिनेछ ।

(ग) नेपालमा शान्ति, विकास र राजनीतिक स्थायित्वका लागि एउटा नागरिक

समाजको अग्रणी भूमिका निर्वाह गर्न सक्रिय व्यावसायिक संस्थाको रूपमा नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ ।

(घ) संविधानमा शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप स्वतन्त्र न्यायपालिका, बहुलवादसहितको बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक पद्धति, आधारभूत मानवअधिकार, प्रेस तथा अभिव्यक्ति, स्वतन्त्रता पेशा/व्यवसाय र रोजगारीको सुनिश्चितता, जिउ, धन र स्वतन्त्रताको सुरक्षासहितको मौलिक हकलाई कार्यान्वयन गर्न नेपाल बार सक्रिय रहनेछ ।

(ङ) लोकतान्त्रिक पद्धतिको कार्यान्वयन, संरक्षण र सम्वर्द्धन गर्नका लागि सबै राजनीतिक दलको सहमति कायम गराउन सहजकर्ताको रूपमा क्रियाशील रहनेछ ।

(च) स्वतन्त्र न्यायपालिकाको मूल्य/मान्यता विपरितका कार्यहरूको निर्भिकरूपमा प्रतिवाद गरी कानूनीराजको अवधारणा साकार पार्न प्रतिबद्ध हुनेछौं ।

(छ) न्यायिक मापदण्ड र जवाफदेहिताका सम्बन्धमा विश्वमा विकसित हुँदै आएका व्यवस्थाहरूलाई हामीले पनि अवलम्बन गर्दै लग्नुपर्नेमा जोड दिइनेछ ।

(ज) लोकतन्त्र मात्र स्थायित्व शान्ति विकासको पूर्वाधार हुने हुँदा लोकतान्त्रिक मूल्य र मान्यताका लागि नेपाल बार सदैव क्रियाशील रहनेछ ।

(झ) न्यायाधीश तथा कानून व्यवसायीहरूको पेशागत सुरक्षाको पर्याप्त बन्दोबस्त गर्न नेपाल सरकारलाई दबाब दिइनेछ ।

(ञ) अदालतबाट हुने फैसलाहरूमा कुनै पनि प्रकारका राजनीतिक, कार्यपालिकीय तथा संसदीय प्रभाव हुनु हुँदैन भन्ने हाम्रो विशेष जोड तथा संचेतनता रहनेछ ।

**१२. बार इकाई सम्बन्धी विशेष व्यवस्था**:

(क) प्रत्येक बार इकाईमा परियोजना सञ्चालन र परियोजना प्रस्ताव एवम् प्रतिवेदन लेखनका लागि तालिमको आयोजना गरिनेछ ।

(ख) प्रत्येक बार इकाईमा सूचना प्रविधि तथा भाषाको तालिम सञ्चालन गरिनेछ ।

(ग) मौजुदा कानून तथा कानूनी व्यवस्थालाई Artificial Intelligence को अवधारणाअर्न्तगत कानूनका सारवान तथा कार्यविधिगत विषयमा कानूनी सैद्धान्तिक एवम् प्रकृयागत विषयको व्यावहारिक ज्ञान दिने प्राविधिक व्यवस्थाको विकास गर्दै लगिनेछ ।

(घ) अन्तर्देशीय अदालती अभ्यासको अवलोकनको आदान-प्रदान कार्यक्रमलाई उच्च प्राथमिकता साथ अघि बढाइनेछ ।

(ङ) न्यायिक कार्यदक्षताको आवधिक अनुगमन गर्ने कार्य थालनी गरिनेछ ।

(च) संविधान, विद्यमान कानून, कम्पनी ऐन, विद्युतीय कारोबार ऐन जस्ता नयाँ कानूनी क्षेत्रमा नवोदित कानून व्यवसायीलाई क्षमता अभिबृद्धि गर्न आवश्यक कार्यक्रमको सञ्चालन गरिनेछ ।

(छ) कानूनको तर्जुमामा नेपाल बार एशोसिएशनको प्रत्यक्ष सहभागिता हुने गरी नेपाल कानून आयोगसँग सहकार्यको पहल गरिनेछ ।

(ज) विवादको वैकल्पिक समाधान (Alternative Dispute Resolution) बारे नवोदित कानून व्यवसायीहरूलाई विशेष अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

(झ) नेपाल बार आबद्ध भएका कानून व्यवसायीले व्यवसाय गर्दा गरेको आम्दानी वापत राज्यमा बुझाउनुपर्ने करलाई नेपाल बार काउन्सिलको माध्यमबाट सहज भुक्तानी र कानून व्यवसायी करदाताको सम्मान राज्यले प्रदान गर्ने गरी सुविधायुक्त कर प्रणालीको विकासका लागि हाम्रो जोड रहनेछ । कानून व्यवसायीले करबाट प्राप्त रकमले सामाजिक सुरक्षाको विविध योजना तर्जुमा गर्नेतर्फ हाम्रो प्रयास रहनेछ ।

**आदरणीय अग्रज तथा साथीहरू,**

स्वतन्त्र न्यायपालिकाको सुनिश्चितामा नै कानून व्यवसाय सुरक्षित रहन्छ । अदालतबिनाको कानून व्यवसाय रहन सक्दैन । अदालत स्वतन्त्र नभई कानून व्यवसायी स्वतन्त्र हुन सक्दैनन् । अदालतको सम्मान, प्रतिष्ठा बढ्दा नै कानून व्यवसायीको सम्मान र प्रतिष्ठा बढ्ने तथ्यलाई हामी सधैं हृदयांगम गरिराखेका छौं । यस मूल मर्मबाट विचलन हुन नदिने गरी कानून व्यवसायीका हकहित सुरक्षा सँगसँगै विकास र विस्तारलाई हामी साझा अभियान बनाउनेछौं । नियन्त्रित र निर्देशित न्यायपालिका राख्ने सबै प्रयासविरूद्ध हामी सधैं उभिने प्रण गर्दछौं । निर्देशित र कब्जामा राखिएको न्यायलयबाट लोकतन्त्र र मानवअधिकारको भविष्य सुरक्षित हुँदैन । संविधान र कानूनप्रति जवाफदेहिता एवम् पारदर्शिताका विषयमा हामी क्रियाशील रहने विश्वास दिलाउँदै '**नियन्त्रित र निर्देशित शासन व्यवस्थाविरूद्धको हाम्रो प्रतिबद्धता : स्वतन्त्र, निर्भिक तथा भ्रष्टाचारमूक्त न्यायपालिका आजको आवश्यकता**' भन्ने मान्यतालाई नेपाल बार एशोसिएशनको मूल नारा बनाऔं भन्दै लोकतन्त्रवादी (मधेशी, आदिवासी/जनजाति) पेशागत कानून व्यवयासीहरूको समूहका हाम्रा सबै उम्मेदवारहरूलाई अमूल्य मतसहित मन, बचन र कर्मले मतदान गर्नका लागि हार्दिक आह्वान गर्दछौं ।

**निर्वाचन मिति : २०७५ साल चैत्र १६ गते शनिबार ।**
**समय : बिहान ८:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म ।**

**पुनश्च** :

१. नामको दायाँतिर रहेको कोष्ठभित्र (✓) चिन्ह लगाउनुपर्नेछ ।
२. मतदान गर्न आउँदा नागरिकताको प्रमाणपत्र वा नेपाल कानून व्यवसायी परिषद्को परिचयपत्र वा कानून व्यवसायीको प्रमाणपत्रको सक्कल प्रति लिएर आउनुहुन सूचित गर्दछौं ।

# नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको विधान २०४७

## चौथो संशोधन– २०७५ (सुधार र परिमार्जनसहित)

नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको विधान, २०४७ – २०४७/८/५
पहिलो संशोधन, २०५५ – २०५५/७/२२
दोस्रो संशोधन (सुधार र परिमार्जनसहित), २०६५ – २०६५/७/१७
तेश्रो संशोधन,२०६८ -२०६८।०१।०७
चौथो संशोधन (सुधार र परिमार्जनसहित), २०७५ – २०७५/४/१३

### प्रस्तावना

स्वतन्त्र र सक्षम न्यायप्रणाली स्थापना गर्न, एकतन्त्री एवं अधिनायकवादी विचार, व्यवस्था र प्रवृत्तिका विरूद्ध कानूनव्यवसायीहरूलाई सङ्गठित गरी विधिको शासन तथा लोकतान्त्रिक प्रणालीको स्थापनामा सतत प्रयत्नशील रहने उद्देश्य राख्दै;

राष्ट्रियता, लोकतन्त्र, समाजवादका, मूल्य–मान्यता तथा प्रक्रिया एवं मानवअधिकार, कानूनको शासन र सामाजिक न्यायको सिद्धान्तप्रति प्रतिबद्ध कानूनव्यवसायीहरूको साझा प्रतिनिधि संस्थाको रूपमा **नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन** नामक संस्था स्थापना गरी सञ्चालन गर्न नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको विधान, २०४७ तर्जुमा गरी मिति २०४७/८/५ मा जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता भई आएको र मिति २०५५/७/२२ मा सम्पन्न संस्थाको साधारणसभाले विधानमा पहिलो संसोधन गर्दै **नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनलाई नेपाल प्रजातान्त्रिक कानून व्यवसायी सङ्घ** भनी नाम परिवर्तन गरिआइएकोमा नाम परिवर्तन नगर्ने नेपाल सरकारको नीतिअनुरूप यस संस्थाको साविक नाम 'नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन' नै कायम राखी परिवर्तित परिस्थितिअनुरूप यस एशोसिएशनको विधानमा समसामयिक संशोधन, सुधार र परिमार्जन गर्न अत्यावश्यक भएकाले नेपाल प्रजातान्त्रिक कानून व्यवसायी सङ्घको विधान, २०४७ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी संस्थाको विधान संशोधन, सुधार र परिमार्जन गर्ने प्रस्ताव मिति २०६५/५/२८ को साधारणसभाबाट पारित भएकाले संस्था दर्ता ऐन, २०३४ को अधीनमा रही **नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको विधान, २०४७** संशोधित र परिमार्जित रूपमा तर्जुमा गरी लागू गरिएको छ ।

# परिच्छेद – १
## प्रारम्भिक

१. <u>संस्थाको नाम</u>

यस संस्थाको नाम **'नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन'** रहनेछ । यसलाई अङ्ग्रेजीमा **'Democratic Lawyer's Association Nepal'** भनिनेछ । छोटकरीमा यसलाई नेपालीमा 'डीएलए नेपाल' र अङ्ग्रेजीमा **'DLA Nepal'** भनिनेछ ।

**(क) संस्थाको कार्यालय रहने ठेगाना**

यस एशोसिएशनको केन्द्रीय कार्यालय काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं. ११ बबरमहलमा रहनेछ । आवश्यकताअनुसार केन्द्रीय कार्यालयको ठेगाना परिवर्तन गर्न सकिनेछ । केन्द्रीय कार्यालयको ठेगाना परिवर्तन भएमा स्थानीय अधिकारीलाई जानकारी दिइनेछ ।

**(ख) संस्थाको कार्यक्षेत्र**

यस **'नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन'** संस्थाको मुख्य कार्यक्षेत्र काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका हुनेछ । आवश्यकताअनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपालभरि कार्यक्षेत्र विस्तार गरिनेछ ।

**(ग) प्रारम्भ–**

यो संशोधित विधान स्थानीय अधिकारीबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**(घ) संस्थाको अस्तित्व–**

नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन एक अविच्छिन्न उत्तराधिकारवाला, सङ्गठित, स्वशासित, गैर–नाफामूलक, गैर–राजनीतिक तथा गैर–सरकारी सामाजिक संस्था हुनेछ । एशोसिएशनले व्यक्तिसरह आफ्नो नामबाट नालिस–उजुर गर्न र एशोसिएशनउपर पनि सोही नामबाट नालिस–उजुर लाग्नसक्नेछ । एशोसिएशनबाट आफ्नो उद्देश्यबाहेकको विषयमा आयआर्जन गर्न तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा–

(क) 'विधान' भन्नाले **'नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको विधान, २०४७'** लाई सम्झनुपर्छ ।

(ख) 'संस्था' भन्नाले **'नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन'** लाई जनाउँछ ।

(ग) 'एशोसिएशन' भन्नाले **'नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन'** लाई जनाउँछ ।

(घ) 'सभा' भन्नाले यस विधानबमोजिम बसेको साधारणसभा र विशेष साधारणसभालाई समेत जनाउँछ ।

(ङ) 'महाधिवेशन' भन्नाले प्रत्येक ३ (तीन) वर्षमा आयोजना हुने महाधिवेशनलाई जनाउँछ । सो शब्दले विशेष महाधिवेशनलाई समेत जनाउँछ ।

(च) 'ऐन' भन्नाले संस्था दर्ता ऐन, २०३४ लाई जनाउँछ ।

(छ) 'नियम/विनियम' भन्नाले यस विधानअन्तर्गत बन्ने नियम-विनियमलाई जनाउँछ ।

(ज) 'स्थानीय अधिकारी' भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

(झ) 'स्थानीय तह' भन्नाले गाउँपालिक वा महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका र जिल्ला समन्वय समितिसमेतलाई जनाउँछ ।

(ञ) 'सदस्य/संस्था' भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भई एशोसिएशनको विधानअनुसार सदस्यता प्राप्त गरेका व्यक्ति तथा संस्थालाई जनाउँछ ।

(ट)

(ठ) 'साधारण सदस्य' भन्नाले संस्थाको सदस्यता प्राप्त गरेका साधारण सदस्यलाई जनाउँछ ।

(ड) 'कार्यसमिति' भन्नाले एशोसिएशनको केन्द्रीय कार्यसमितिलाई जनाउँछ ।

(ढ) 'कार्यालय' भन्नाले एशोसिएशनको केन्द्रीय कार्यसमितिको कार्यालयलाई जनाउँछ । सो शब्दले एशोसिएशनअर्न्तगत गठित विभिन्न प्रदेश र जिल्ला समितिका कार्यालय तथा सम्पर्क कार्यालयलाई समेत जनाउँछ ।

(ण) 'प्रदेश समिति' भन्नाले यसको विधानअनुसार ७ (सात) प्रदेशमा गठन भएको एशोसिएशनको प्रदेशस्तरको समितिलाई जनाउँछ ।

(त) 'जिल्ला समिति' भन्नाले यसको विधानअनुसार जिल्लास्तरमा गठन भएको एशोसिएशनको जिल्ला समितिलाई सम्झनुपर्दछ तर सर्वोच्च अदालत इकाईको हकमा छुट्टै जिल्ला समिति सरह सम्झनु पर्दछ ।

(थ) 'पदाधिकारी' भन्नाले एशोसिएशनको कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष एंव सदस्य लाई बुझाउँछ ।

(द) 'कानूनव्यवसायी' भन्नाले प्रचलित नेपाल कानूनबमोजिम कानूनव्यवसाय गर्न प्रमाणपत्र प्राप्त गरेका कानूनव्यवसायीलाई जनाउँछ ।

(ध) 'समिति' भन्नाले एशोसिएशनको विधानबमोजिम कार्यसमितिले गठन गरेको समितिलाई जनाउँछ ।

(न) 'विभाग' भन्नाले एशोसिएशनको विधानबमोजिम कार्यसमितिले विभिन्न विषयगत क्षेत्रमा गठन गरेको विभागलाई जनाउँछ ।

(प) "बैठक' भन्नाले एशोसिएशनको केन्द्रीय कार्यसमिति, प्रदेश समिति, जिल्ला समिति र केन्द्रीय कार्यसमितिबाट गठित समितिको बैठकलाई जनाउँछ ।

(फ) 'व्यक्ति' भन्नाले सजीव व्यक्ति वा कम्पनी वा निगम वा सङ्गठित संस्थासमेतलाई जनाउँछ ।

(ब) 'कर्मचारी' भन्नाले एशोसिएशनका विभिन्न पदमा पारिश्रमिक लिई काम गर्ने कर्मचारीलाई सम्झनुपर्दछ ।

(भ) 'कोष' भन्नाले दफा २९ बमोजिम खडा हुने कोषलाई जनाउँछ ।

(म) 'तोकिएको वा तोकिएबमोजिम' भन्नाले यो विधान र यस विधानअन्तर्गत बनेको नियम-विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. <u>**संस्थाको छाप र चिन्ह**</u>

प्रचलित व्यवस्थाको प्रतिकूल नहुनेगरी एशोसिएशनको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह केन्द्रीय कार्यसमितिले निर्णय गरी अङ्ग्रेजी तथा नेपाली भाषामा प्रयोगमा ल्याउनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्वदर्ता भएको कुनै संस्थासँग मेलखाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ । संस्थाको झण्डा कार्यसमितिबाट स्वीकृत गरी प्रयोगमा ल्याउन सकिनेछ । संस्थाको छाप अनुसुची १ मा उल्लेख गरे बमोजिम हुनेछ

# परिच्छेद- २
## उद्देश्य

४. **संस्थाको उद्देश्य**

नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको उद्देश्य देहायबमोजिम रहनेछ–

(क) यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) मानवअधिकारको संरक्षण र संवर्द्धन, लोकतान्त्रिक संस्कृतिको विकास तथा कानूनी शासनको स्थापना, संरक्षण, प्रवर्द्धन र मानवअधिकारसम्बन्धी राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय सन्धि-सम्झौता र घोषणाको कार्यान्वयनका लागि क्रियाशील रहने ।

(ग) लोकतन्त्रका पक्षमा जनमत सिर्जना गर्न सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्ने ।

(घ) कानूनको शासन र न्यायपूर्ण समाजको स्थापनाका क्षेत्रमा कार्यरत सङ्घ-संस्थाको भूमिका तथा सहभागिता सम्बन्धमा राष्ट्रिय नीति तर्जुमाका लागि सहयोग गर्न क्रियाशील रहने ।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय-जगत्मा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र आधारभूत मानवअधिकार प्रवर्द्धनलगायतका विषयमा पैरवी र लबी **(Lobbying)** गर्ने कार्यलाई प्रवर्द्धन गर्न मद्दत गर्ने ।

(च) कमजोर, पीडित, असहाय, सुविधाविहीन र सीमान्तकृत समुदाय वा व्यक्तिहरूका लागि कानूनी सहायता उपलब्ध गर्ने-गराउने ।

(छ) नवोदित कानूनव्यवसायीलाई पेसामा सक्रिय रहनका लागि सहयोग पुऱ्याउन विभिन्न कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्ने ।

(ज) स्वतन्त्र, सक्षम, निष्पक्ष र निर्भीक न्यायपालिकाको विकास, संरक्षण र संवर्द्धनका लागि सहयोग गर्ने र क्रियाशील रहने ।

(झ) विधिको शासनको प्रत्याभूति, मानवअधिकारको रक्षा, सामाजिक न्याय आदि विषयमा क्रियाशील विश्वभरका कानूनव्यवसायी सङ्गठनलगायत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र राष्ट्रसङ्घीय सङ्घ-संस्था र निकायसँग सम्बन्ध विस्तार, सहकार्य र मैत्री सम्बन्ध कायम गर्ने र उपयुक्त संस्थाको सदस्यता लिने ।

(ञ) कानूनका विभिन्न पक्षमा अध्ययन र अनुसन्धान गर्ने, अभिलेख तथा सूचना केन्द्रको स्थापना गरी प्रकाशनसम्बन्धी कार्य गर्ने-गराउने तथा कानूनी शिक्षा र जनशक्तिको विकासमा आवश्यक र उपयुक्त तालिम कार्यक्रम सञ्चालन गर्ने-गराउने ।

(ट) एशोसिएशनका सदस्यहरूबीच समन्वय एवं सहकार्य गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने-गराउने ।

(ठ) सदस्यहरूबीच अनुभव र सीपको आदान प्रदानका लागि उपयुक्त वातावरण सृजना गर्दै यस क्षेत्रमा देखापर्ने समस्याको समाधानका लागि सम्बन्धित निकाय वा संस्थालाई आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्ने ।

(ड) कानून र कानूनको शासनसम्बन्धी शोध, अध्ययन, अनुसन्धान गरी-गराई तत् सम्बन्धमा शैक्षिक, सांस्कृतिक, कार्यमूलक एवं विविध रचनात्मक पक्ष आदि क्रियाकलापलाई सहयोग पुऱ्याउन आवश्यक भूमिका खेल्दै अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा संयुक्त राष्ट्रसङ्घीय सन्धि-सम्झौता र कानूनी प्रावधानहरूको अध्ययन गरी प्रचलित नेपाल कानूनमा परिमार्जन गर्न र कार्यान्वयन गराउन क्रियाशील रहने ।

(ढ) कानूनव्यवसायीहरूको हक-हित प्राप्ति एवं पेसागत सुरक्षा तथा लोकतन्त्र, स्वतन्त्र न्यायपालिका, मानवअधिकार, प्रेस स्वतन्त्रतालगायतका विषयमा नेपाल बार एशोसिएशनलाई आवश्यक सहयोग गर्ने र नेबाएद्वारा सञ्चालित यस संस्थाका उद्देश्य अनुरूपको कामकारबाहीको प्रभावकारी कार्यान्वयनमा निरन्तर सक्रिय रही सहयोग गर्ने ।

(ण) लोकतन्त्र, कानूनीराज, संवैधानिक सर्वोच्चता, समाजवाद, आधुनिक बजार व्यवस्थाको नीतिजस्ता विषयमा विशेष सक्रिय रही विभिन्न छलफल कार्यक्रम, कार्यशाला गोष्ठी एवं प्रवचन कार्यक्रम आदिको आयोजना गर्दै विचारको आदान-प्रदान गर्ने ।

(त) स्वच्छ वातावरणमा बाँच्नपाउने मौलिक हकको संरक्षण र संवर्द्धन गर्नका लागि वातावरण एवं वातावरण कानूनको विषयमा विभिन्न छलफल कार्यक्रम र कार्यशाला गोष्ठीको आयोजना गर्ने र तत् सम्बन्धमा अध्ययन-अनुसन्धान गर्ने-गराउने ।

(थ) कानूनीक्षेत्रलाई साधन–स्रोतसम्पन्न बनाउँदै एशोसिएशनमा आबद्ध सदस्यहरूको क्षमता विकास गर्ने र एशोसिएशनलाई एक सबल सम्पर्कसूत्रका रूपमा स्थापित गर्ने ।

(द) कानून तथा न्यायका नयाँ तथा विशिष्टीकृत क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रशिक्षण, परामर्श आदिको व्यवस्था गर्न क्रियाशील रहने ।

(ध) कानूनी सूचना र प्रविधिमा कानूनव्यवसायीको सहज पहुँच बनाउन क्रियाशील रहने ।

(न) एशोसिएशनको उद्देश्य र एशोसिएशनद्वारा गरेका अध्ययन-अनुसन्धानसमेतको सूचना प्रवाह गर्न आवश्यक प्रकाशन गर्ने-गराउने तथा स्रोतकेन्द्रको रूपमा सेवा प्रदान गर्ने-गराउने ।

(प) यस एशोसिएशनले आफना सदस्यहरूको कल्याणकारी कार्यका एक कोष खडा गरि सो मार्फत आवश्यकतानुसार सहयोग तथा सापटि रकम प्रदान गर्न सक्नेछ । साथै संस्थाले माइक्रोफाइनान्स् सम्बन्धि कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(फ) एशोसिएशनले आर्थिक तथा सामाजिक रूपमा पिछडिएका पक्षहरूलाई कानूनी सहायता उपलब्ध गराउन सक्नेछ ।

## ५. <u>संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू</u>

यस एशोसिएशनले उपर्युक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ–

(क) एशोसिएशनले प्रचलित नेपाल कानूनबमोजिम सम्बन्धित निकायवाट अनुमति वा इजाजतप्राप्त गरेर मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

(ख) एशोसिएशनलाई आवश्यक पर्ने जग्गाजमिन खरिद गर्न वा अन्य कुनै तवरले प्राप्त गर्न, भवन निर्माण गर्न वा भाडामा लिन वा लिजमा लिनसक्नेछ । यसरी खरिद वा प्राप्त गरेको चल-अचल सम्पत्ति कुनै पनि तवरले धितो-बन्धक, बिक्रीवितरणलगायत अन्य तवरबाट हक हस्तान्तरण गर्न सक्नेछ ।

(ग) एशोसिएशनलाई आवश्यक पर्ने कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्सजस्ता कार्यालय सामग्री तथा सवारी साधन खरिद गर्नसक्नेछ वा भाडामा लिई प्रयोग गर्नसक्नेछ ।

(घ) एशोसिएशनलाई आवश्यक पर्ने कर्मचारी, विशेषज्ञ र सल्लाहकार नियुक्त गर्ने तथा तिनको सेवा-सर्तहरु निर्धारण गर्नेछ ।

(ङ) एशोसिएशनले नेपाल सरकारको प्रचलित कानून एवं कानूनव्यवसायीको हकहित र व्यावसायिक संरक्षणसम्बन्धी नीतिको परिधिभित्र रही कार्य गर्नेछ ।

(च) एशोसिएशनले आफ्नो उद्देश्य परिपूर्ति र कार्यान्वयनको निमित्त राष्ट्रिय, अन्तर्राष्ट्रिय, बहुराष्ट्रिय, सरकारी, अर्धसरकारी, निजी संस्था एवं स्थानीय निकाय तथा सरोकारवाला प्राज्ञ, विज्ञ, विशेषज्ञ, प्राविधिक, उद्यमी-व्यवसायीहरूसँग सम्पर्क, समझदारी र समन्वय कायम गर्नसक्नेछ ।

(छ) एशोसिएशनले आफ्ना सदस्यहरूको अधिकतम हितका लागि सहजकर्ताको रूपमा काम गर्नेछ र आवश्यकताअनुसार विविध विकास गतिविधिहरु सञ्चालन गर्न पनि सक्नेछ ।

(ज) एशोसिएशनले आफ्ना कामकारबाही र गतिविधिहरूको जानकारी गराउने उद्देश्यले पर्चा, बुकलेट, ब्रोसर, पत्रपत्रिकाहरु प्रकाशन तथा बिक्री गर्न र विद्युतीय सञ्चारमाध्यमबाट प्रचारप्रसार गर्नसक्नेछ ।

(झ) एशोसिएशनले आफ्ना सदस्यहरूका लागि आचारसंहिता तर्जुमा गरी लागू गर्ने-गराउनेछ ।

(ञ) एशोसिएशनले आफ्नो हकहितको संरक्षण गर्न यस विधान र प्रचलित नेपाल कानूनले प्रदान गरेको अख्तियारी प्रयोग गर्नेछ ।

(ट) एशोसिएशनले आफ्नो उद्देश्य पूरा गर्नका लागि आवश्यक पर्ने सम्बन्धित, प्रासङ्गिक र सहायक हुने सबै कार्यहरु गर्ने-गराउनेछ ।

## परिच्छेद- ३
## सदस्यता

६. **सदस्यताको वर्गीकरण**

नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको देहायबमोजिम ५ प्रकारका सदस्यहरू रहने गरी वर्गीकरण गरिएको छ–

(क) **साधारण सदस्य–** यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका कानूनव्यवसायीहरूले तोकिएको ढाँचामा सम्बन्धित जिल्ला समितिमा आवेदन दिई सदस्यता प्रदान गर्ने निर्णय गरिएका व्यक्तिहरूलाई एशोसिएशनमा आबद्ध गरी साधारण सदस्यता प्रदान गरिनेछ ।

(ख) **संस्थापक सदस्य–** एशोसिएशन स्थापना हुँदाको बखतका पदाधिकारी तथा सदस्यहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरूले साधारण वा आजीवन सदस्यता प्राप्त गरी विधानबमोजिमको शुल्क बुझाउनुपर्नेछ ।

(ग) **आजीवन सदस्य–** एशोसिएशनको विकासको लागि विशेष सहयोग वा योगदान पुऱ्याउने व्यक्तिहरूलाई तोकिएको प्रकृयाअन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

(घ) **मानार्थ सदस्य–** राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याति कमाएका विशिष्ट व्यक्ति तथा संस्थालाई कार्यसमितिले एशोसिएशनको मानार्थ सदस्यता प्रदान गर्नसक्नेछ । तर मानार्थ सदस्यले मताधिकार प्रयोग गर्न पाउने छैन ।

(ङ) **आबद्ध सदस्य–** नेपालमा कार्यरत वा नेपालको सामाजिक सेवा तथा विकासका लागि स्वदेशमा वा विदेशमा कार्यरत गैरसरकारी संस्थालाई एशोसिएशनको आबद्ध सदस्यता प्रदान गर्नसकिनेछ ।

७. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता**

यस एशोसिएशनको सदस्यताको लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ–

(क) नेपाली नागरिक भएको;

(ख) कानूनव्यवसायीको प्रमाणपत्र प्राप्त गरी कानूनव्यवसाय गरिआएको;

(ग) मानसिक सन्तुलन नगुमाएको;

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको;

(ङ) नैतिकपतन देखिने फौजदारी मुद्दामा वा भ्रष्टाचारको अभियोगमा सजाय नपाएको; र,

(च) एशोसिएशनको उद्देश्य र कार्यक्रमप्रति आस्था राख्ने र विधानअन्तर्गत बन्ने नियमहरूको अधीनमा रहेर काम गर्न सक्षम व्यक्ति भनी एशोसिएशनले योग्य ठानेको ।

## ८. <u>संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था</u>

देहायको अवस्थामा एशोसिएशनको सदस्यता कायम रहनसक्ने छैन–

(क) गैरनेपाली नागरिक;

(ख) कानूनव्यवसायको प्रमाणपत्र रद्द भएको;

(ग) मगज बिग्रेको वा बौलाएको;

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको;

(ङ) नैतिकपतन देखिने फौजदारी मुद्दामा वा भ्रष्टाचारको अभियोगमा सजाय पाएको;

(च) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको;

(छ) साहुको दामासाहीमा परेको;

(ज) कुनै प्रकारको चोरी, ठगी, कीर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष नपुगेको; र,

(झ) एशोसिएशनको उद्देश्य र कार्यक्रमप्रति आस्था नभएको र एशोसिएशनको रकम वा सम्पत्ति हिनामिना गरेको ।

(ञ) यस एशोसिएसनको कुनै सदस्यले नेपाल बार एशोसिएशन र सो को इकाईहरूमा यस संस्थाको निति निर्देशनको विपरित हुने गरि आधिकारीक उम्मेदवारका विरूद्धमा उम्मेदवारी दिएमा ।

## ९. <u>सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि</u>

(१) यस विधानको दफा ६ बमोजिमका सदस्यहरूले अनुसुचि-२ बमोजिम निवेदन संलग्न गरी देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन्–

**(क) साधारण सदस्य–**

(१) नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको साधारण सदस्य प्राप्त गर्न चाहने कानूनव्यवसायीले आफ्नो कानूनव्यवसायीको प्रमाणपत्रको प्रतिलिपि तथा दुईप्रति फोटोसहित तोकिएको

ढाँचामा एशोसिएशनको सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ । एशोसिएशनको सदस्यता बापत रू. ५००/- (पाँच सय) मा नबढ्नेगरी केन्द्रीय कार्यसमितिले तोकेको शुल्क र सहयोग शुल्क (लेभी) लिई जिल्ला समितिले एशोसिएशनको सदस्यता प्रदान गर्नेछ । यसरी प्रदान गरिएको सदस्यताको जानकारी सदस्यता प्रदान गरिएको मितिले ३० दिनभित्र केन्द्रीय कार्यसमितिमा पठाउनुपर्नेछ ।

(२) एशोसिएशनका सदस्यले प्रत्येक वर्ष रू. २००/- (दुई सय) नवीकरण शुल्क र केन्द्रीय कार्यसमितिले तोकेको सहयोग शुल्क बुझाई आफ्नो सदस्यता नवीकरण गर्नुपर्नेछ ।

(३) एशोसिएशनको केन्द्रीय कार्यसमितिले सदस्यता प्रदान गर्ने सम्बन्धमा कार्यविधि बनाई लागू गर्नसक्नेछ । त्यस्तो कार्यविधि सदस्यता प्राप्त गरिसकेपछि नवीकरण गर्ने हकमासमेत लागू हुनेछ ।

(४) यस दफामा जेसुकै लेखिएको भए तापनि साधारणसभा वा महाधिवेशनले सदस्यता शुल्कमा थपघट गर्न सक्नेछ । काठमाडौँ उपत्यकाबाहिरका कानूनव्यवसायी तथा कानूनव्यवसाय गरेको दस वर्ष नपुगेका नवोदित कानूनव्यवसायीहरूको हकमा केन्द्रीय कार्यसमितिले फरक-फरक सदस्यता शुल्क तोक्नसक्नेछ । यो संशोधित विधान प्रारम्भ भएपछि साधारणसभा र महाधिवेशन बस्नुअगाडि केन्द्रीय कार्यसमितिले यस विधानबमोजिम सदस्यता वितरण गर्न-गराउन सक्नेछ ।

**(ख) संस्थापक सदस्य**

(१) एशोसिएशन दर्ता हुँदाको बखतका सदस्यहरु संस्थापक सदस्य हुनेछन् ।

(२) संस्थापक सदस्यहरूले विधानमा उल्लेख भएबमोजिमको शुल्क बुझाई साधारण सदस्यता प्राप्त गर्नसक्ने छन् ।

**(ग) आजीवन सदस्य**

तोकिए बमोजिमको रकम बुझाई तोकिएको प्रक्रियाअन्तर्गत आवेदन दिने व्यक्तिहरूलाई केन्द्रीय कार्यसमितिले निर्णयले गरी एशोसिएशनको आजीवन सदस्यता प्रदान गर्नसक्नेछ ।

**(घ) मानार्थ सदस्य**

मानार्थ सदस्यले प्रवेश शुल्क, नवीकरण दस्तुर र सहयोग शुल्कसमेतको कुनै रकम बुझाउनुपर्ने छैन ।

**(ङ) आबद्ध सदस्य**

केन्द्रीय कार्यसमितिले शुल्क लिई वा नलिई आबद्ध सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सोको कारणसहितको जानकारी आवेदकलाई दिइनेछ ।

(३) सबै सदस्यहरूले यस विधान र विधानअन्तर्गत बनेको नियम र विनियमबमोजिमको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

(४) एशोसिएशनका सदस्यहरूको विवरण तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिकामा राखिनेछ ।

(५) सदस्यता शुल्क तथा सहयोग शुल्क (लेभी) कोषमा जम्मा गर्ने व्यवस्था देहायबमोजिम हुनेछ–

(क) प्रत्येक सदस्यले सदस्यता शुल्कबापत एशोसिएशनको सम्बन्धित जिल्ला समितिमा जम्मा गरेको रकममध्ये ७५% (पचहत्तर प्रतिशत) रकम सम्बन्धित जिल्ला समितिले आफ्नो कोषमा जम्मा गर्नेछ । बाँकी २५% (पच्चीस प्रतिशत) एशोसिएशनको केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

(ख) सदस्यहरूबाट प्राप्त सहयोग शुल्क (लेभी) केन्द्रीय कार्यसमितिको खातामा मात्र जम्मा गरिनेछ ।

(६) सदस्यता नवीकरणसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ–

(क) एशोसिएशनमा आबद्ध कानूनव्यवसायीहरूले प्रत्येक आर्थिक वर्ष समाप्त

भएको ३ (तीन) महिनाभित्र सम्बन्धित जिल्ला समितिमा तोकिएको फाराम भरी आफ्नो सदस्यता नवीकरण गराउनुपर्नेछ ।

(ख) एशोसिएशनले तोकेको सहयोग शुल्कको रकम बुझाएको र एशोसिएशनको केन्द्रीय कार्यसमितिले तोकेको अन्य मापदण्ड पूरा गरेको सदस्यको मात्र सदस्यता नवीकरण गरिनेछ ।

१०. **सदस्यताको समाप्ति**

(१) देहायको अवस्थामा एशोसिएशनको सदस्यता समाप्त हुनेछ–

(क) यस विधानको दफा ८ बमोजिम सदस्यता प्राप्त गर्न वा सदस्यमा बहाल रहन नसक्ने भएमा;

(ख) साधारणसभाको दुईतिहाई सदस्यहरूको बहुमतले एशोसिएशनको सदस्यता खारेज गर्ने प्रस्ताव पारित गरेमा;

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा;

(घ) एशोसिएशनको कामकारबाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा;

(ङ) एशोसिएशनको सिद्धान्त, प्रस्तावना, उद्देश्य र घोषणापत्रविरूद्ध कार्य गरेमा वा यस विधानबमोजिम एशोसिएशनले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा;

(च) तोकिएको म्यादभित्र सदस्यता नवीकरण नगराएमा;

(छ) केन्द्रीय कार्यसमितिले तोकेको सहयोग शुल्क लगातार ३ (तीन) वर्षसम्म नबुझाएमा;

(ज) एशोसिएशनको विधान, नियम-विनियम, आचारसंहिता र कार्यविधिको पालना नगरेको भनी अनुशासन समितिले एशोसिएशनको सदस्यता खारेज गर्ने निर्णय गरेमा; र,

(झ) एशोसिएशन विघटन भै खारेज भएमा ।

(२) यस विधानबमोजिम सदस्यता खारेज गर्ने निर्णयको कारबाही चलाउँदा एशोसिएशनले निजलाई सफाइको मौका दिनेछ । तर सम्बन्धित सदस्यले पत्र नबुझेको अवस्थामा सार्वजनिक सञ्चारमाध्यममार्फत सफाइ पेस गर्ने सूचना दिनसकिनेछ ।

# परिच्छेद –४

## साधारणसभा र महाधिवेशनसम्बन्धी व्यवस्था

**११. साधारणसभाको गठन**

(१) यस एशोसिएशनको विधानको दफा १३ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेख भएबमोजिम महाधिवेशनका प्रतिनिधिहरुद्वारा साधारणसभा गठन हुनेछ । तर महाधिवेशन हुने वर्ष महाधिवेशनले नै साधारणसभाको समेत काम गर्नेछ ।

(२) यस एशोसिएशनको साधारणसभा देहायबमोजिम हुनेछ–

(क) एशोसिएशनको वार्षिक साधारणसभा सामान्यतया प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ (छ) महिनाभित्र सम्पन्न गरिनेछ ।

(ख) साधारणसभा बस्ने मिति, समय र स्थान खोली एशोसिएशनको केन्द्रीय समितिले २१ (एक्काइस) दिनअगावै सबै साधारणसभाका प्रतिनिधि एवं सदस्यहरूलाई सूचना गर्नुपर्नेछ । साधारणसभामा छलफल हुने विषयवस्तुको समेत जानकारी सभाका सबै सदस्यहरूलाई गराउनु केन्द्रीय कार्यसमितिको कर्तव्य हुनेछ । सार्वजनिक सञ्चारमाध्यमद्वारा साधारणसभाको सूचना दिइएकोमा यस दफाबमोजिम सबै सदस्यलाई सूचना दिइएको मानिनेछ ।

(ग) एशोसिएशनको साधारणसभाका कुल सदस्यहरूमध्ये १५ (पन्ध्र) प्रतिशत सदस्यले हस्ताक्षर गरी साधारणसभाको बैठक बोलाउन पर्याप्त आधार र कारणसहित केन्द्रीय कार्यसमितिसमक्ष निवेदन गरेमा कार्यसमितिले त्यसरी निवेदन दर्ता भएको मितिले १ (एक) महिनाभित्र विशेष साधारणसभाको बैठक आव्हान गर्नुपर्नेछ । यसरी बोलाइएको साधारणसभामा किटान गरिएको विषयमा मात्र छलफल गरिनेछ । तर एशोसिएशनको वार्षिक साधारणसभा बसेको मितिले ६(छ) महिना नपुगी विशेष साधारणसभा आव्हान गर्नसकिने छैन ।

(घ) साधारणसभाको कुल सदस्य सङ्ख्याको २५% (पच्चीस प्रतिशत) सदस्य उपस्थित भएमा वार्षिक वा विशेष साधारणसभाको गणपूरक

सङ्ख्या पुगेको मानिनेछ । तर पहिलो पटक गणपूरक सङ्ख्या नपुगी दोस्रो पटक साधारणसभा बोलाइएको अवस्थामा भने १० (दस) प्रतिशत सदस्यहरू उपस्थित भएमा साधारणसभाको गणपूरक सङ्ख्या पुगेको मानी साधारणसभा सम्पन्न हुनेछ ।

(ङ) साधारणसभामा पेस भएको कुनै प्रस्तावको पक्षमा सभामा उपस्थित सदस्यहरूमध्ये ५१ प्रतिशतले मतदान गरेमा त्यस्तो प्रस्ताव पारित भएको मानिनेछ । तर विधान संशोधन गर्ने प्रस्ताव वा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यउपरको अविश्वासको प्रस्तावको पक्षमा भने सभामा उपस्थित सदस्यमध्ये दुईतिहाईले मतदान नगरी त्यस्तो प्रस्ताव पारित भएको मानिने छैन ।

(च) साधारणसभामा निर्णयार्थ पेस भएको कुनै प्रस्तावउपर मतदान हुँदा मत बराबर भएमा सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन् ।

(छ) साधारणसभाको अध्यक्षता एशोसिएशनका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले र निज पनि उपस्थित नभएको अवस्थामा मर्यादाक्रम बमोजिमका उपाध्यक्षको अध्यक्षतामा सभा सञ्चालन गरिनेछ ।

(ज) साधारणसभा र विशेष साधारणसभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ ।

१२. <u>साधारणसभाको काम-कर्तव्य र अधिकार</u>

साधारणसभाको काम-कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(क) एशोसिएशनको वार्षिक तथा आवधिक कार्ययोजना तथा आम्दानी-खर्च स्वीकृत तथा अनुमोदन गर्ने र वार्षिक बजेट पारित गर्ने ।

(ख) एशोसिएशनको विकास र सुदृढीकरणका लागि आवश्यक नीति-नियम बनाउने ।

(ग) एशोसिएशनको समग्र कामकारबाहीको मूल्याङ्कन गर्ने तथा भावी रणनीति तयार पार्ने ।

(घ) लेखापरीक्षकबाट प्राप्त भएको वार्षिक लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरूजु रकमहरूमाथि छलफल गरी नियमित गर्न नमिल्ने बेरूजु रकमहरु असुलउपर गरी फर्छ्यौट गर्नको लागि कार्यसमितिलाई निर्देशन दिने ।

(ङ) आगामी वर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने ।

(च) एशोसिएशनको वार्षिक कार्यप्रगति विवरण र एशोसिएशनले गरेका कार्यहरूको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(छ) कार्यसमितिद्वारा पेस भएका विधान संशोधन, नियम-विनियम र निर्देशिका स्वीकृत गरी लागू गर्ने ।

(ज) कार्यसमितिबाट भएका कामकारबाहीहरूको अनुमोदन गर्ने वा कुनै निर्देशनसहित फिर्ता पठाउने ।

(झ) एशोसिएशनको आफ्नै आन्तरिक स्रोतबाट बेहोर्ने गरी कार्यसमितिले पेस गरेको कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकताअनुरूप स्वीकृति प्रदान गर्ने ।

(ञ) एशोसिएशनको उद्देश्य पूरा गर्न कार्यसमितिलाई आवश्यक मार्गदर्शन गर्ने ।

१३. <u>महाधिवेशनको गठन</u>

(१) महाधिवेशन एशोसिएशनको सर्वोच्च अङ्ग हुनेछ । यो प्रत्येक ३ (तीन) वर्षमा एक पटक आयोजना गरिनेछ । महाधिवेशनको गठन देहायबमोजिम हुनेछ–

(क) एशोसिएशनका प्रत्येक जिल्ला वा एकाइका प्रति १० (दश) जना सदस्य बराबर १ (एक) जना सदस्यका दरले महाधिवेशन प्रतिनिधि कायम हुनेगरी जिल्ला वा एकाइका सम्पूर्ण सदस्यले आफ्नो प्रतिनिधि चयन गरिपठाउने छन् । तर १० (दस) जना सदस्यभन्दा कम सङ्ख्या भएका जिल्ला वा एकाइको प्रतिनिधित्व अध्यक्ष र सचिवले गर्नेछन् ।

(ख) एशोसिएशनको सदस्यता प्राप्त गरेका वरिष्ठ अधिवक्ता तथा एशोसिएशनका पूर्व अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष,

वहालवाला केन्द्रिय कार्यसमितिका पदाधिकारीहरू, जिल्ला वा एकाई समितिको हकमा बाहालवाला अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष तथा यस एशोसिएशनबाट नेबाए केन्द्रिय कार्यसमितिमा प्रतिनिधित्व गर्ने वहालबाला कार्यसमिति पदाधिकारी र सदस्यहरू, नेपाल कानून व्यवसायी परिषदमा यस संस्थाबाट प्रतिनिधित्व हुने वहालवाला पार्षदहरू तथा यस एशोसिएशनको सम्बन्धित इकाईहरूबाट निर्वाचित महाधिवेशन प्रतिनिधहरूको कुल संख्याको २० (वीस) प्रतिशतको संख्यामा नबढ्ने गरी लेभि काउन्सिलका सदस्यहरू महाधिवेशनको पदेन सदस्य हुनेछन् ।

(ग) महाधिवेशनका लागि एशोसिएशनको केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू, प्रदेश र जिल्ला समितिका अध्यक्ष र सचिवहरू महाधिवेशनका पदेन सदस्य हुनेछन् ।

(घ) महाधिवेशन प्रतिनिधिमा समावेश हुननसकेको अवस्थामा विशेषाधिकार प्रप्त वर्ग, आदिवासीजनजाति, मधेशी, दलित, अपांग, महिला तथा दुर्गम क्षेत्रबाट सहभागिता हुने गरि केन्द्रिय कार्यसमितिले मनोनित गर्ने २१ (एक्काइस) जना ।

(ङ) उपदफा (क), (ख),(ग) र (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा २१ बमोजिम सम्बन्धित जिल्ला समिति मार्फत लेभि काउन्सीलमा नविकारण नगरेका र साधारण सदस्यता प्राप्त गरेको तिन बर्ष पुरा नभएका व्यक्ति माहाधिवेशन प्रतिनिधि हुन पाउने छैनन् ।

(२) यस एशोसिएशनको महाधिवेशन देहायबमोजिम हुनेछ–

(क) कार्यसमितिको पदावधि सकिने अन्तिम वर्ष कार्यसमितिले तोकेको मिति र समयमा एशोसिएशनको महाधिवेशन बस्नेछ ।

(ख) महाधिवेशन बस्ने मिति, समय र स्थान खोली एशोसिएशनको केन्द्रीय समितिले ३५(पैंतीस) दिनअगावै सबै महाधिवेशनका प्रतिनिधि एवं सदस्यहरूलाई सूचना गर्नुपर्नेछ । महाधिवेशनमा छलफल हुने विषयवस्तुको समेत जानकारी महाधिवेशनका सबै सदस्यहरूलाई गराउनु केन्द्रीय कार्यसमितिको कर्तव्य हुनेछ । सार्वजनिक सञ्चारमाध्यमद्वारा

महाधिवेशनको सूचना दिइएकोमा यस दफाबमोजिम सबै सदस्यलाई सूचना दिएको मानिनेछ ।

(ग) महाधिवेशनको कुल सदस्यहरूमध्ये २५ (पच्चीस) प्रतिशत सदस्य उपस्थित भएमा महाधिवेशनको गणपूरक सङ्ख्या पुगेको मानिनेछ । तर पहिलो पटक गणपूरक सङ्ख्या नपुगी दोस्रो पटक महाधिवेशन बोलाइएको अवस्थामा १०% (दस) प्रतिशत सदस्यहरु उपस्थित भएमा महाधिवेशनको गणपूरक सङ्ख्या पुगेको मानी महाधिवेशन सम्पन्न हुनेछ ।

(घ) महाधिवेशनमा पेस भएको कुनै प्रस्तावको पक्षमा अधिवेशनमा उपस्थित सदस्यहरूमध्ये ५१ प्रतिशतले मतदान गरेमा त्यस्तो प्रस्ताव पारित भएको मानिनेछ । तर विधान संशोधन गर्ने प्रस्ताव वा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यउपरको अविश्वासको प्रस्तावको पक्षमा भने सभामा उपस्थित सदस्यमध्ये दुईतिहाईले मतदान नगरी त्यस्तो प्रस्ताव पारित भएको मानिने छैन ।

(ङ) महाधिवेशनमा निर्णयार्थ पेस भएको कुनै प्रस्तावउपर मतदान हुँदा मत बराबर भएमा सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन् ।

(च) महाधिवेशनको अध्यक्षता एशोसिएशनका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले र निज पनि उपस्थित नभएको अवस्थामा मर्यादाक्रमबमोजिमका उपाध्यक्षको अध्यक्षतामा महाधिवेशन सञ्चालन गरिनेछ ।

(छ) महाधिवेशनको छुट्टै निर्णय पुस्तिका राखिनेछ ।

**१४. <u>महाधिवेशनको काम-कर्तव्य र अधिकार</u>**

महाधिवेशनको काम-कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(क) एशोसिएशनको भिजन, मिशन र नीति तर्जुमा गर्ने ।

(ख) एशोसिएशनको समग्र कामकारबाहीको मूल्याङ्कन गर्ने तथा भावी रणनीति तयार पार्ने ।

(ग) एशोसिएशनको कार्यप्रगति विवरण र एशोसिएशनले गरेका कार्यहरूको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(घ) विधानबमोजिम एशोसिएशनको केन्द्रीय कार्यसमितिको निर्वाचन गर्ने ।

(ङ) कार्यसमितिद्वारा पेस भएको विधान संशोधन प्रस्ताव स्वीकृत गर्ने ।

(च) प्रस्ताव पारित गर्ने तथा घोषणापत्र जारी गर्ने ।

(छ) महाधिवेशन भएको वर्ष साधारणसभाले गर्ने सबै कामकारवाही महाधिवेशनले गर्नेछ ।

## परिच्छेद – ५
## केन्द्रीय कार्यसमिति

**१५. केन्द्रीय कार्यसमितिको गठन**

(१) एशोसिएशनको केन्द्रीय कार्यसमितिमा ४३ (त्रिचालिस) जना सदस्य रहने छन् ।

(२) केन्द्रीय कार्यसमितिमा महाधिवेशनबाट अध्यक्ष १ (एक), बरिष्ठ उपाध्यक्ष १ (एक) जना, महिला उपाध्यक्ष १(एक), प्रत्येक प्रदेशका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट उपाध्यक्ष ७ (सात), महासचिव १ (एक), सचिव २ (महिला १, खुल्ला १), कोषाध्यक्ष १(एक) जना र सदस्यहरू २४ जना निर्वाचित हुनेछन् । यसरी निर्वाचित हुनेमा अध्यक्षका लागि कम्तिमा २० बर्ष, उपाध्यक्ष र महासचिवका लागि १२ बर्ष, सचिव र कोषाध्यक्षका लागि १० बर्ष र सदस्यका लागि ५ बर्ष कानून व्यवसाय गरेको हुनु पर्नेछ ।

(३) एशोसिएशनको अध्यक्षले विषयगत विशेषज्ञ मध्येबाट ५ जनालाई वा महाधिवेशन प्रतिनिधिहरू मध्येवाट अध्यक्षले कार्यसमितिको सदस्यमा मनोनीत गर्नसक्नेछ ।

(४) एशोसिएशनको निर्वतमान अध्यक्ष कार्यसमितिको पदेन सदस्य हुनेछ ।

(५) एशोसिएशनको केन्द्रीय कार्यसमितिमा निर्वाचन हुने उपदफा (२) मा तोकिएको सदस्य पदमध्ये विशेष अधिकारप्राप्त वर्ग (आदिवासी/जनजाति २, मधेसी १, मुस्लिम १, दलित १, दुर्गम क्षेत्र १ तथा अपागंता भएका व्यक्ति एंव अल्पसंख्यक मध्येबाट १) लगायत कम्तीमा ४ जना महिलासहित १० जना निर्वाचित हुनेछन् ।

(क) एशोसिएशनको केन्द्रीय कार्यसमितिमा निर्वाचन हुने उपदफा (२) मा तोकिएको सदस्य पदमध्ये प्रत्येक प्रदेशबाट १/१ जनाको दरले ७ जना निर्वाचित हुनेछन । प्रदेशगतरूपमा निर्वाचन हुने सदस्य पदमा सम्बन्धित प्रदेशका प्रतिनिधिहरूलाई मात्र उम्मेदवारी तथा मतदानको अधिकार प्राप्त हुनेछ ।

(६) एशोसिएशनमा निर्वाचित हुने १७ सदस्यमध्ये उपदफा (५) बमोजिम निर्वाचित हुने सदस्यबाहेक कम्तीमा ३ जना महिला सदस्यसहित ११ जना सदस्य निर्वाचित हुनेछन् ।

(७) नेपालको संविधानले तोकेको ७ (सात) प्रदेशमा प्रदेश समिति गठन गर्न सकिनेछ । प्रत्येक प्रदेशबाट निर्वाचित केन्द्रीय उपाध्यक्ष प्रदेश समितिको पदेन सभापति हुनेछन् ।

(८) केन्द्रीय कार्यसमितिले आफ्नो बैठकमा आवश्यकताअनुसार आमन्त्रित सदस्यको रूपमा कुनै व्यक्ति वा पदाधिकारी वा सदस्यलाई बोलाउन सक्नेछ ।

(९) एशोसिएशनको केन्द्रीय कार्यसमितिको निर्वाचनमा प्रदेश तथा विशेष वर्गका लागि तोकिएको पदमा सोही प्रदेश र विषेश वर्गका सदस्यमध्येबाट उम्मेदवार हुनुपर्नेछ तर प्रदेशबाट निर्वाचित हुने उपाध्यक्षको पदबाहेक अन्य पदमा सबै महाधिवेशन प्रतिनिधिहरूले मतदान गर्न पाउनेछन् । उपाध्यक्षको पदमा सम्बन्धित प्रदेशका प्रतिनिधिहरूले मात्र मतदान गर्नेछन् ।

(१०)कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको पदावधि ३ (तीन) वर्षको हुनेछ ।

**१६. <u>केन्द्रीय कार्यसमितिको बैठक</u>**

(१) केन्द्रीय कार्यसमितिको बैठक सामान्यतया वर्षमा ४ (चार) पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) केन्द्रीय समितिका सम्पूर्ण सदस्य सङ्ख्याको ५१% (एकाउन्न प्रतिशत) सदस्य उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) बैठक बस्ने सूचना कम्तीमा ७ (सात) दिनअगावै सम्पूर्ण सदस्यहरूलाई

दिनुपर्नेछ । तर आवश्यक परेमा अल्प सूचनाको आधारमा पनि बैठक बस्न बाधा पुग्ने छैन ।

(४) कार्यसमितिको निर्णय सम्भव भएसम्म सर्वसम्मत गराइनेछ । सर्वसम्मत हुन नसकेमा बैठकमा उपस्थित सदस्यहरूको बहुमतद्वारा निर्णय गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(५) कार्यसमितिको बैठकमा विनासूचना लगातार ३ (तीन) पटकसम्म अनुपस्थित भएमा कार्यसमितिका सदस्यको सदस्यता खारेज हुन सक्नेछ ।

(६) कार्यसमितिको बैठकमा छलफल भएका विषयहरू छुट्टै निर्णय किताबमा लेखिराखिने छ । तर निर्णयमा असहमति जनाउने भए फरक मत लेखी दस्तखत गर्नुपर्नेछ ।

(७) यस विधानमा कुनै तहबाट गर्ने भनी उल्लेख भएदेखिबाहेक एशोसिएशनले गर्ने भनिएका सम्पूर्ण कार्य केन्द्रीय कार्यसमितिको निर्णयबाट हुनेछ ।

(८) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय कार्यसमितिले गर्नपाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सदस्य लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठकविना पनि गर्नसकिनेछ । उपर्युक्तबमोजिमको सहमतिलाई केन्द्रीय कार्यसमितिको बैठकको निर्णयसरह मानिनेछ ।

## १७. केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार

केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(१) एशोसिएशनको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारणसभामा प्रस्तुत गर्ने ।

(२) विधानबमोजिमको व्यवस्था पालना गरी साधारणसभाको निर्णय कार्यन्वयन गर्ने-गराउने ।

(३) एशोसिएशनको उद्देश्य परिपूर्ति गर्न ऐन-कानून तथा विधान, नियम-विनियम, आचारसंहिता, निर्वाचन सहयोग कार्यविधिसमेतमा उल्लिखित कार्यहरूका अतिरिक्त अन्य आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।

(४) महाधिवेशन तथा साधारणसभाप्रति उत्तरदायी रहने ।

(५) एशोसिएशनको उद्देश्यप्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

(६) एशोसिएशनको कार्यसम्पादन गर्न कार्ययोजना बनाउने, स्रोत जुटाउने एवं कार्यन्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

(७) एशोसिएशनको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।

(८) एशोसिएशनका कर्मचारीहरूको सेवा-सर्त र सुविधा आदि सम्बन्धमा कर्मचारी नियमावली बनाई साधारणसभाबाट स्वीकृत गराई लागू गर्ने-गराउने ।

(९) सबल र गतिशील नेतृत्व प्रदान गरी एशोसिएशनलाई आफ्नो उद्देश्य पूर्तिमा निरन्तर अग्रसर गराउने ।

(१०) राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा समाज विकासका महत्वपूर्ण विषयहरूमा छलफल, अन्तर्क्रिया, बहस र वकालत गर्ने ।

(११) एशोसिएशनका सदस्य तथा सदस्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।

(१२) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र द्विपक्षीय तथा बहुपक्षीय साझेदार संस्थासँग सम्बन्ध विस्तार गर्ने ।

(१३) साधारणसभा तथा महाधिवेशनले पारित गरेका निर्णयहरू कार्यान्वयन गर्ने-गराउने ।

(१४) एशोसिएशनको उद्देश्य पूरा गर्न आवश्यक निर्णय लिने एवं संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने-गराउने ।

(१५) विधानको अधीनमा रही नीति-नियम तर्जुमा गरी लागू गराउने ।

(१६) एशोसिएशनको नगदी-जिन्सीको अभिलेख ठीक-दुरूस्त राख्ने र लेखापरीक्षण गराउने ।

(१७) एशोसिएशनको कामकारबाहीलाई प्रभावकारी बनाउन आवश्यकताअनुसार समिति गठन गर्ने ।

(१८) कार्यसमितिलाई सहयोग गर्न आवश्यक हुने कर्मचारीको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(१९) नयाँ योजना निर्माण गरी सोको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(२०) एशोसिएशनको स्रोत अभिवृद्धि गर्ने ।

(२१) एशोसिएशनलाई जीवन्त र गतिशील राख्न आवश्यक सम्पूर्ण कामकारबाही गर्ने ।

(२२) महाधिवेशन, विशेष महाधिवेशन, साधारणसभा र विशेष साधारणसभाको आयोजना गर्ने । वार्षिक रूपमा सम्पन्न हुने प्रदेश सम्मेलन आयोजना गर्न सम्बन्धित प्रदेशको अध्यक्षलाई तोक्ने ।

(२३) महाधिवेशन तथा वार्षिक साधारणसभाले गरेको निर्णय कार्यान्वयन गर्ने र प्रत्यायोजित कार्यहरू सम्पादन गर्ने-गराउने ।

(२४) केन्द्रीय कार्यसमितिले केन्द्रीयस्तरमा मानवअधिकार, महिला, बालबालिका, वातावरण, उपभोक्ता तथा आवश्यक अन्य विषयगत समिति गठन गर्नसक्नेछ । समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(२५) एशोसिएशनको कार्यसम्पादनको लागि अध्यक्षको संयोजकत्वमा बढीमा ७ सदस्यीय कार्यसम्पादन समिति गठन गर्न सक्नेछ ।

(२६) एशोसिएशनले आफ्नो कार्यसम्पादनको लागि महाशाखा गठन गरी आफ्नो कार्य सम्पादन गर्न-गराउन सक्नेछ । त्यस्तो महाशाखाको कार्य कुनै सदस्य वा साधारण सदस्य वा अधिकृतस्तरको कर्मचारीलाई जिम्मा दिन सक्नेछ ।

(२७) अनुशासन समितिले गरेको निर्णयउपर परेको पुनरावेदनमा कार्यसमितिले सामान्यतया १ (एक) महिनाभित्र निर्णय गर्नेछ । केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ ।

(२८) यस एशोसिएशनको तर्फबाट भाग लिने केन्द्रीयस्तरका उम्मेदवार छनोट कार्यसम्पादन गर्न एक समिति गठन गरिनेछ । निवर्तमान अध्यक्ष उक्त समितिको पदेन सदस्य रहनेछ । छनोटसम्बन्धी कार्यविधि छनोट समितिले तय गरेबमोजिम हुनेछ ।

(२९) उपदफा (२८) बमोजिम गठित समितिले निर्वाचन परिचालन गर्ने-गराउने गरी कार्यसमितिले तोकेको काम, कर्तव्य र अधिकार प्रयोग गर्नेछ ।

(३०) एशोसिएशनका प्रत्येक शाखाले आफ्नो तहमा भाग लिने निर्वाचनमा उम्मेदवार छनोट गर्ने वा त्यस्तो कार्यको लागि समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद – ६
## केन्द्रीय कार्यसमितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार

**१८. एशोसिएशनका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार**

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) एशोसिएशनलाई नेतृत्व प्रदान गर्ने ।

(ख) एशोसिएशनको तर्फबाट प्रतिनिधित्व गर्नुपर्ने अवस्थामा प्रतिनिधित्व गर्ने तथा आफूले प्रतिनिधित्व गर्न नसक्ने भएमा त्यस्तो विषय र कार्यक्रममा प्रतिनिधि तोकी प्रतिनिधित्व गराउने ।

(ग) कार्यसमितिको निर्णयबमोजिम महाधिवेशन, साधारणसभा र कार्यसमितिको बैठक बोलाउने ।

(घ) महाधिवेशन, साधारणसभा र कार्यसमितिले पारित गरेका निर्णयहरु कार्यान्वयन गर्ने-गराउने ।

(ङ) कार्यसमितिको बैठक तत्काल बस्न अनुकूल नभएमा र बैठकमा छलफल हुन छुट भएको कुनै कुरामा तत्काल निर्णय लिनुपर्ने भएमा वा एशोसिएशनको हित र उद्देश्यअनुकूलको कुनै पनि निर्णय गर्नुपर्ने भएमा वा एशोसिएशनको कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि तत्काल कुनै निर्णय गर्न आवश्यक ठानेमा सो निर्णय गरी कार्यान्वयन गर्ने-गराउने र आगामी बैठकबाट सोको अनुमोदन गराउने ।

(च) आफूमा निहित अधिकारमध्ये केही अधिकार उपाध्यक्ष वा अन्य सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ । तर कार्यसमितिले अधिकार

प्रत्यायोजनसम्बन्धी कुनै नीति बनाएमा सोसँग नबाझिने गरी अधिकार प्रत्यायोजन गर्नुपर्नेछ ।

(छ) महाधिवेशन, साधारणसभा र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।

(ज) विधानबमोजिम कार्यसमितिका सदस्य र पदाधिकारीको मनोनयन गर्ने ।

(झ) एशोसिएशनको लक्ष्य र उद्देश्य पूरा गर्ने प्रतिबद्धताका साथ विधानमा तोकिएका अन्य विविध कार्यहरु गर्ने-गराउने ।

(२) <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>

(क) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षद्वारा बैठक, महाधिवेशन र साधारणसभाको अध्यक्षता गर्ने ।

(ख) महाधिवेशन, साधारणसभा र कार्यसमितिले तोकेको तथा अध्यक्षबाट प्रत्यायोजित अधिकार बमोजिमका अन्य कार्यहरु गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले अध्यक्षले गर्ने अन्य कार्यहरु गर्ने । वरिष्ठ उपाध्यक्ष नभएमा क्रमानुसारको उपाध्यक्षले गर्ने ।

(३) <u>महासचिवको काम, कर्तव्य र अधिकार</u>

(क) अध्यक्षको परामर्शमा कार्यसमितिको बैठक बोलाउने ।

(ख) महाधिवेशन, साधारणसभा र कार्यसमितिको बैठकको अभिलेख व्यवस्थित राख्ने ।

(ग) एशोसिएशनको कार्यक्रम व्यवस्थित र समन्वयात्मक ढङ्गबाट सञ्चालन गर्ने ।

(घ) प्रशासनिक प्रमुखको हैसियतले कार्यसमिति तथा अध्यक्षको निर्देशनअनुसार एशोसिएशनको दैनिक कार्य सुचारु रुपले सञ्चालन गर्ने ।

(ङ) वार्षिक कार्ययोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिवेदन तयार

पार्ने कार्यमा प्रमुख भूमिका निर्वाह गर्ने ।

(च) अध्यक्षसँग परामर्श गरी एशोसिएशनबाट प्रतिनिधित्व गर्नुपर्ने कार्यक्रम र निकायहरूमा प्रतिनिधित्व गर्ने-गराउने ।

(छ) एशोसिएशनको सदस्यताको विवरण र अभिलेख तथा जिल्ला एवं प्रदेश समितिको अभिलेख दुरूस्त राख्ने ।

(ज) कार्यसमिति तथा साधारणसभा र महाधिवेशनको निर्णय कार्यान्वयन गर्ने-गराउने ।

(४) <u>सचिवको काम, कर्तव्य र अधिकार</u>

(क) महाधिवेशन, साधारणसभा र कार्यसमितिले तोकेको तथा महासचिवबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने ।

(ख) महासचिवको अनुपस्थितिमा निजले गर्ने सबै कार्यहरु गर्ने ।

(५) <u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u>

(क) एशोसिएशनको आय-व्यय र नगदी-जिन्सीको अभिलेख ठीक-दुरूस्त राखी आर्थिक प्रशासनसम्बन्धी कार्य गर्ने ।

(ख) एशोसिएशनको आयस्रोत वृद्धि गर्न सधैं प्रयत्नरत रहने ।

(ग) प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि एशोसिएशनबाट नियुक्त भएका इजाजत प्राप्त लेखापरीक्षकबाट एशोसिएशनको आम्दानी-खर्चको लेखापरीक्षण गराउने ।

(६) <u>सदस्यको काम, कर्तव्य र अधिकार</u>

(क) महाधिवेशन, साधारणसभा र कार्यसमितिको बैठकमा उपस्थित रही एशोसिएशनको उद्देश्य पूरा गर्ने कार्यमा सहयोग गर्ने ।

(ख) महाधिवेशन, साधारणसभा, कार्यसमिति र अध्यक्षले तोकेका विभिन्न कार्यहरु गर्ने ।

(ग) एशोसिएशनको उद्देश्य पूर्तिमा निरन्तर क्रियाशील रहने ।

# परिच्छेद – ७

## सल्लाहकार समिति, अनुशासन समिति र आर्थिक सहयोग परिषद्

१९. सल्लाहकार समिति

(१) एशोसिएशनलाई सल्लाह र सुझाव प्रदान गर्न एशोसिएशनका सदस्यहरूमध्येबाट केन्द्रीय कार्यसमितिले एक सल्लाहकार समिति गठन गर्नेछ ।

(२) सल्लाहकार समितिको बैठकसम्बन्धी कार्यविधि एवं यसको काम, कर्तव्य र अधिकार सल्लाहकार समितिको सिफारिसमा कार्यसमितिले निर्णय गरेअनुसार हुनेछ ।

२०. अनुशासन समिति

(१) एशोसिएशनका सदस्यहरूले यस विधान, नियम-विनियम, आचारसंहिता र निर्वाचन सहयोग कार्यविधि पालना नगरेको तथा एशोसिएशनको तर्फबाट नेबाएको निर्वाचनमा उठेका उमेदवारलाई सहयोग नगरेको भन्नेसमेतको विषयमा उजुरी परेमा वा कुनै एकाइ वा जिल्ला समितिबाट लेखिआएमा वा अन्य कुनै स्रोत र आधारबाट देखिएमा विधानबमोजिम कारबाही गर्नसक्ने गरी देहायबमोजिमको अनुशासन समिति गठन गरिनेछ–

(क) सल्लाहाकार समितिको सिफारिसमा केन्द्रीय कार्यसमितिले मनोनयन गरेको व्यक्ति- अध्यक्ष;

(ख) अनुशासन समितिको अध्यक्षसँग परामर्श गरी केन्द्रीय कार्यसमितिले नियुक्ति गरेका बढीमा ४ जना व्यक्ति - सदस्य ।

(२) अनुशासन पालना नगर्ने एशोसिएशनका सदस्यलाई अनुशासन समितिले यस विधान एवं नियम-विनियम, आचारसंहिताको अधीनमा रही कुनै निश्चित समयसम्म निलम्बन गर्ने वा एशोसिएशनको सदस्यता खारेज गर्ने वा हटाउने गरी निर्णय गर्न सक्नेछ ।

(३) अनुशासन समितिको निर्णयउपर मर्कापर्ने व्यक्तिले ३५ दिनभित्र केन्द्रीय कार्यसमितिमा पुनरावेदन गर्न सक्नेछ ।

(४) आफूसमक्ष परेको पुनरावेदनमा केन्द्रीय कार्यसमितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) सल्लाहकार समितिको सुझाव लिई केन्द्रीय कार्यसमितिले एशोसिएशनका सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता र एशोसिएशनले भाग लिएका निर्वाचनहरूमा एशोसिएशनका सबै सदस्यहरूले सहयोग गर्नुपर्ने निर्वाचन सहयोग कार्यविधि बनाई लागू गर्नेछ । एशोसिएशनको विधान, नियम-विनियम तथा आचारसंहिता र कार्यविधिको पालना गर्नु सबै सदस्यहरूको कर्तव्य हुनेछ ।

(६) एशोसिएशनका सदस्यउपर अनुशासनसम्बन्धी कारबाही चलाउँदा अनुशासन समितिले आवश्यक परेमा सम्बन्धित जिल्ला वा एकाइका सदस्यसमेत रहने गरी एक छानबिन उप-समिति गठन गर्न सक्नेछ । छानबिन उप-समितिले दिएको प्रतिवेदनसमेतलाई अध्ययन गरी अनुशासन समितिले अनुशासन सम्बन्धी कारबाही गर्न सक्नेछ ।

२१. <u>आर्थिक सहयोग परिषद् (लेभी काउन्सिल)</u>

(१) एशोसिएशनको (सदस्यता तथा नविकरण शुल्क बाहेक) महाधिवेशन भएको एक कार्यविधिदेखी अर्को महाधिवेशनको अवधिसम्म १५ बर्ष नपुगेका कानून व्यवसायीले रू.२५०० र २० बर्षभन्दा माथिका कानून व्यवसायिले रू.५००० हजार सहयोग (लेभि) गर्ने व्यक्तिहरू मध्येबाट कार्यसमितिले आर्थिक सहयोग परिषद (लेभी काउन्सिल) गठन गर्ने छ । यसरी लेभी वापत उठेको रकम आर्थिक सहयोग परिषद मार्फत केन्द्रीय कार्य समितिमा दाखिला हुनेछ ।

(२) आर्थिक सहयोग परिषद् (लेभी काउन्सिल) को बैठक कम्तीमा वर्षको २ (दुई) पटक बस्नेछ ।

(३) एशोसिएशनको केन्द्र तथा शाखाले आफनो तहमा भाग लिने निर्वाचनमा उम्मेदवार छनौट गर्दा यस एशोसिएशनको कार्यसमितिमा निर्वाचित सदस्यहरूको कार्यकाल अवधि भर उम्मेदवार छनौट गरिने छैन । तर, ५० जनाभन्दा कम सदस्य भएको शाखाको हकमा यो दफा लागु हुने छैन ।

(४) आर्थिक सहयोग परिषद्को अन्य काम, कर्तव्य र अधिकार केन्द्रीय कार्य समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद – ८
## प्रदेश सम्मेलन तथा प्रदेश समिति

**२२. प्रदेश सम्मेलन**

(१) ७ (सात) प्रदेशमा कम्तीमा ३ (तीन) वर्षको १ (एक) पटक एशोसिएशनको प्रदेश सम्मेलन आयोजना गरिनेछ ।

(२) प्रदेश सम्मेलनमा सम्बन्धित प्रदेशअन्तर्गतका सबै जिल्ला समितिमा आबद्ध रहेका सदस्यहरूले भाग लिन सक्नेछन् ।

(३) प्रदेश सम्मेलन हुने मिति, समय र स्थानको निर्धारण सम्बन्धित प्रदेश समितिसँग समन्वय गरी केन्द्रीय समितिले गर्नेछ । तर प्रदेश सम्मेलन सम्बन्धी सम्पूर्ण जानकारी क्षेत्रअन्तर्गतका सबै जिल्ला समितिहरूलाई कम्तीमा २१ (एक्काइस) दिनअगावै गराउनुपर्नेछ ।

(४) केन्द्रीय कार्यसमितिले प्रदेश सभापतिसँग परामर्श गरी प्रदेश सम्मेलन तोक्नेछ ।

(५) प्रदेश सम्मेलनको सभापतित्व प्रदेश समितिको संयोजकले गर्नेछ । तर प्रदेश समिति तथा सचिवालय नभएको अवस्थामा प्रदेशस्तरीय सम्मेलन हुने आयोजक जिल्ला समितिको अध्यक्षले अध्यक्षता गर्नेछ । एउटा प्रदेशस्तरीय सम्मेलनको मिति घोषणा भएपछि अर्को प्रदेशस्तरीय सम्मेलनको मिति घोषणा नभएसम्म सम्मेलन आयोजक जिल्लाले प्रदेशस्तरीय सम्मेलन सचिवालयको रूपमा समेत काम गर्नेछ ।

(६) प्रदेश सम्मेलनले एशोसिएशनको सुदृढीकरण र उद्देश्य पूर्तिमा सहयोग पुऱ्याउन आवश्यक निर्णय लिने र सदस्य संस्था र एशोसिएशनको केन्द्रीय समितिबीचको सम्बन्ध र सहयोगलाई अझ बढी प्रभावकारी बनाउन केन्द्रीय समितिसमक्ष विभिन्न सिफारिसहरू गर्नेछ ।

(७) प्रदेश सम्मेलन सञ्चालनसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**२३. प्रदेश समिति**

(१) प्रदेश समितिको सभापतिले केन्द्रीय अध्यक्षसँग परामर्श गरी बढीमा ११ (एघार) सदस्यीय प्रदेश कार्यसमिति गठन गर्नेछ । मनोनित सदस्यहरू

मध्येबाट उपाध्यक्ष, सचिव र कोषाध्यक्ष तोकिनेछ ।

(२) एशोसिएशनको प्रदेश समिति सम्बन्धी व्यवस्था यस विधानमा उल्लेख भएदेखि बाहेक अन्य विषय केन्द्रीय समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको पदावधि केन्द्रीय कार्यसमितिको पदावधिसम्म मात्र कायम रहनेछ ।

२४. **प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार**

(१) आफ्नो क्षेत्रभित्र एशोसिएशनको समन्वयकर्ता, सहजकर्ता, सामाजिक परिवर्तनका लागि वकालतकर्ता एवं दबाबसमूहको रूपमा काम गर्ने ।

(२) क्षेत्रीयस्तरमा सञ्चालित सबै प्रकारका कानूनी, सामाजिक तथा विकाससम्बन्धी गतिविधिसँग सम्बन्धित सङ्घ-संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

(३) प्रदेशस्तरमा एशोसिएशनको सुदृढीकरण तथा क्षमता विकासका लागि स्रोतकेन्द्र एवं सम्पर्कसूत्रको रूपमा काम गर्ने ।

(४) आवश्यकतानुसार प्रदेशस्तरमा एशोसिएशनको प्रतिनिधित्व गर्ने ।

(५) प्रदेश समितिको आम्दानी र खर्चको लेखा दुरूस्त राख्ने र सोको लेखापरीक्षण र कार्यालय व्यवस्थापन गर्ने ।

(६) मासिक तथा वार्षिक कार्यप्रगति विवरण नियमित रूपमा केन्द्रमा पठाउने ।

(७) केन्द्रीय समितिले समय-समयमा दिएका निर्देशनहरु पालना गर्ने-गराउने ।

२५. **प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार**

**(१) अध्यक्ष**

(क) एशोसिएशनको उद्देश्य प्राप्तिमा सक्रिय भई क्षेत्रीयस्तरमा नेतृत्व प्रदान गर्ने ।

(ख) सभा तथा बैठकको अध्यक्षता गर्ने ।

**(२) उपाध्यक्ष**

(क) अध्यक्षको कार्यसम्पादनमा सहयोग गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

**(३) <u>सचिव</u>**

(क) प्रदेश समितिको कार्यालय सञ्चालन र व्यवस्थापनमा आवश्यक रेखदेख तथा संयोजनकारी भूमिका निर्वाह गर्ने ।

(ख) मासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार पारी केन्द्रमा पठाउने ।

**(४) <u>कोषाध्यक्ष</u>**

(क) प्रदेश समितिको लेखापरीक्षण गराई सोको प्रतिवेदन केन्द्रमा पठाउने ।

(ख) प्रदेशसमितिको आय-व्ययको हिसाबकिताब नियमित र दुरूस्त राख्ने ।

**(५) <u>सदस्य</u>**

(क) प्रदेश समितिको बैठकमा उपस्थित भई एशोसिएशनको उद्देश्य परिपूर्ति गर्न क्रियाशील रहने ।

(ख) महाधिवेशन, साधारणसभा, केन्द्रीय कार्यसमिति, प्रदेश समिति र प्रदेश अध्यक्षले तोकेका विविध कार्यहरु गर्ने ।

(ग) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद – ९
## <u>जिल्ला अधिवेशन, जिल्लासभा र जिल्ला समिति</u>

**२६. <u>जिल्ला अधिवेशन, जिल्लासभा र जिल्ला समिति</u>**

(१) सामान्यतया वर्षको १ पटक जिल्लासभाको बैठक बस्नेछ । तर जिल्ला अधिवेशन भने प्रत्येक ३ (तीन) वर्षमा १ (एक) पटक हुनेछ । जिल्लासभा र जिल्ला अधिवेशन सम्पन्न गर्न केन्द्रीय समितिले निश्चित अवधि तोकी सबै जिल्ला समितिहरूलाई सूचना पठाउनेछ ।

(२) जिल्लासभा र जिल्ला अधिवेशनको प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

(३) सम्बन्धित जिल्लाभित्रका सम्पूर्ण सदस्य संस्थाका प्रतिनिधिहरु रहेको जिल्ला अधिवेशनले आफूमध्येबाट कम्तीमा ५ (पाँच) सदस्यीय जिल्ला समिति गठन गर्नेछ । तर ५ (पाँच) जनाभन्दा कम सदस्य रहेको जिल्लामा केन्द्रीय कार्यसमितिले तोकेबमोजिमको जिल्ला समिति गठन गर्न सकिनेछ ।

(४) जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको पदावधि ३ (तीन) वर्षको हुनेछ ।

२७. <u>जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार</u>

(१) स्थानीयस्तरमा एशोसिएशनको समन्वयकर्ता, सहजकर्ता, सामाजिक परिर्वतनका लागि वकालतकर्ता एवं दबाबसमूहको रूपमा काम गर्ने ।

(२) स्थानीयस्तरमा सञ्चालित सबै प्रकारका कानूनी, सामाजिक तथा विकाससम्बन्धी गतिविधिसँग सम्बन्धित सङ्घ-संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

(३) जिल्लास्तरमा एशोसिएशनको सुदृढीकरण तथा क्षमता विकासका लागि स्रोतकेन्द्र एवं सम्पर्कसूत्रको रूपमा काम गर्ने ।

(४) आवश्यकताअनुसार जिल्लास्तरमा एशोसिएशनको प्रतिनिधित्व गर्ने ।

(५) जिल्लासमितिको आम्दानी र खर्चको लेखा दुरूस्त राख्ने र सोको लेखापरीक्षण र कार्यालय व्यवस्थापन गर्ने ।

(६) साधारणसभा र महाधिवेशनका लागि विधानअनुसार प्रतिनिधि छनोट गरिपठाउने, क्षेत्रीय सम्मेलनमा विधानतः प्रतिनिधित्व गर्ने र क्षेत्रीय सम्मेलन आयोजना गर्न सहयोग गर्ने ।

(७) मासिक तथा वार्षिक कार्यप्रगति विवरण नियमित रूपमा केन्द्रमा पठाउने ।

(८) एशोसिएशनको सङ्गठन सुदृढीकरणका लागि सदस्यता विस्तार गर्ने तथा विधानको उद्देश्य प्राप्तिका लागि जिल्लास्तरमा क्रियाशील रहँदै अन्य कार्यहरु गर्ने ।

(९) केन्द्रीय समितिले समय-समयमा दिएका निर्देशनहरु पालना गर्ने-गराउने ।

२८. <u>जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार</u>

**(१) <u>अध्यक्ष</u>**

(क) एशोसिएशनको उद्देश्य प्राप्तिमा सक्रिय भई जिल्लास्तरमा नेतृत्व प्रदान गर्ने ।

(ख) सभा तथा बैठकको अध्यक्षता गर्ने ।

(२) <u>उपाध्यक्ष</u>

(क) अध्यक्षको कार्यसम्पादनमा सहयोग गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

(३) <u>सचिव</u>

(क) जिल्ला समितिको कार्यालय सञ्चालन र व्यवस्थापनमा आवश्यक रेखदेख तथा संयोजनकारी भूमिका निर्वाह गर्ने ।

(ख) मासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार पारी केन्द्रमा पठाउने ।

(४) <u>कोषाध्यक्ष</u>

(क) जिल्ला समितिको लेखापरीक्षण गराई सोको प्रतिवेदन केन्द्रमा पठाउने ।

(ख) जिल्ला समितिको आय-व्ययको हिसाबकिताब नियमित र दुरूस्त राख्ने ।

(५) <u>सदस्य</u>

(क) जिल्ला समितिको बैठकमा उपस्थित भई एशोसिएशनको उद्देश्य परिपूर्ति गर्न क्रियाशील रहने ।

(ख) महाधिवेशन, साधारणसभा, केन्द्रीय कार्यसमिति, क्षेत्रीय समिति एवं जिल्ला समितिले र अध्यक्षले तोकेका विविध कार्यहरु गर्ने ।

(ग) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद –१०
## <u>आर्थिक व्यवस्था</u>

२९. <u>संस्थाको कोष</u>

(१) एशोसिएशनको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन्–

(क) सदस्यता बापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम;

(ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता बापत प्राप्त रकम;

(ग) एशोसिएशनको चल-अचल सम्पति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम;

(घ) विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाबाट सहयोग बापत प्राप्त रकम;

(ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम;

(च) एशोसिएशनको नाममा नेपाल सरकारबाट प्राप्त अनुदान तथा सहयोग रकम;

(छ) कार्यसमितिले तोकेको अन्य शुल्कबाट सङ्कलित रकम;

(ज) एशोसिएशनले उपलब्ध गराएको सेवा उपभोग गरेबापत प्राप्त हुने सेवा शुल्क ।

(२) विदेशी सङ्घ-संस्था वा व्यक्तिबाट एशोसिएशनले आर्थिक सहयोग तथा अनुदान लिँदा नेपाल सरकारबाट स्वीकृति लिइनेछ ।

(३) एशोसिएशनमा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिनेछ ।

३०. <u>कोष सञ्चालन</u>

(१) एशोसिएशनको सम्पूर्ण आम्दानी रकम एशोसिएशनको नाममा नेपाल सरकारबाट स्वीकृति प्राप्त वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) एशोसिएशनको नाममा परिवर्त्य विदेशी मुद्रामा पनि खाता सञ्चालन गर्न सकिनेछ ।

(३) एशोसिएशनको केन्द्रीयस्तरका खाताको सञ्चालन अध्यक्ष वा महासचिवमध्ये कुनै एक जनाको र कोषाध्यक्षको अनिवार्य गरी संयुक्त हस्ताक्षर र एशोसिएशनको छापबाट सञ्चालन गरिनेछ ।

(४) एशोसिएशनको कोषको सञ्चालन कार्यसमितिले तोकेबमोजिम हुनेछ ।

(५) एशोसिएशनका परियोजना खाताहरूको हकमा कार्यसमितिले गरेको निर्णयबमोजिम खाता सञ्चालन गर्न यस विधानको अन्य दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(६) प्रदेश तथा जिल्ला समितिको कोषको हकमा यस विधानको सैद्धान्तिक व्यवस्थासँग नबाझिने गरी प्रदेश तथा जिल्ला समितिले कुनै वाणिज्य बैंकमा खाता खोली सञ्चालन गर्न सक्नेछन् ।

३१. <u>कोषको रकम खर्च गर्ने तरिका</u>

एशोसिएशनको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहायबमोजिमको तरिका अपनाई खर्च गरिनेछ–

(क) एशोसिएशनको वार्षिक बजेट, योजना र कार्यक्रम स्वीकृत गरी कोषबाट खर्च गरिनेछ ।

(ख) साधारणसभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएको रकमको वार्षिक रूपमा आर्थिक प्रतिवेदन साधारणसभामा अनिवार्यरूपले पेस गर्नुपर्नेछ ।

(घ) कोषको रकम खर्च गर्दा तोकिएबमोजिमको रीत पुर्‍याई खर्च गर्नुपर्नेछ ।

३२. <u>संस्थाको लेखा र लेखापरीक्षण</u>

(१) एशोसिएशनको आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम स्पष्ट तवरले राखिनेछ ।

(२) एशोसिएशनको लेखापरीक्षण प्रतिवेदन कानूनबमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफैँ वा मातहतका कर्मचारीहरु खटाई एशोसिएशनको हिसाब-किताब जाँच गर्न-गराउन सक्नेछ ।

(४) लेखापरीक्षकको नियुक्ति साधारणसभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारणसभा नभएसम्म लेखा- परीक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ।

(५) एशोसिएशनको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्यप्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.स.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेस गरिनेछ ।

## ३३. चल-अचल सम्पतिको विवरण

एशोसिएशनको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्तिको विवरण प्रचलित कानूनबमोजिम अद्यावधिक राखिनेछ ।

# परिच्छेद – ११
## विविध

## ३४. निर्वाचनसम्बन्धी व्यवस्था

(१) एशोसिएशनको कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन महाधिवेशनका प्रत्येक प्रतिनिधिबाट एक व्यक्ति एक मतका आधारमा गोप्य मतदानद्वारा हुनेछ ।

(२) निर्वाचन प्रयोजनका लागि कार्यसमितिले प्रमुख निर्वाचन अधिकृतसहित बढीमा ५ (पाँच) जनासम्मको निर्वाचन समिति गठन गर्न सक्नेछ ।

(३) एशोसिएशनको निर्वाचन महाधिवेशन बसेको समयमा वा निर्वाचन सम्बन्धमा छुट्टै निर्णय गरी सम्पन्न गर्न सकिनेछ । तर महाधिवेशनले निर्वाचनका लागि छुट्टै मिति तोकी निर्वाचन सम्पन्न गर्न यस विधानका अन्य दफाले बाधा पुऱ्याएको मानिने छैन ।

## ३५. उम्मेदवारको अयोग्यता

देहायका व्यक्तिहरु एशोसिएशनको निर्वाचनमा भाग लिन अयोग्य मानिनेछन्–

(१) नियमित रूपमा सदस्यता शुल्क वा सहयोग शुल्क नबुझाउने सदस्यहरु ।

(२) एशोसिएशनको हित र उद्देश्यविपरीत काम गर्ने सदस्यहरु ।

(३) योग्यता नभएका वा गुमाएका सदस्यहरु ।

(४) आर्थिक सहयोग परिषद्द्वारा तोकिएको न्यूनतम योग्यता नपुगेका सदस्यहरु ।

## ३६. अविश्वासको प्रस्ताव

(१) एशोसिएशनको कार्यसमिति वा कार्यसमितिका कुनै पनि पदाधिकारी तथा सदस्यउपर साधारणसभाका एकतिहाई सदस्यहरूले अविश्वासको प्रस्ताव

दर्ता गर्न सक्नेछन् तर निर्वाचित भएको मितिले १ (एक) वर्ष नपुगी कसैउपर अविश्वासको प्रस्ताव पेस गर्नसकिने छैन ।

(२) यसरी दर्ता हुनआएको प्रस्तावको पक्षमा साधारणसभाका उपस्थित सदस्य सङ्ख्याको दुईतिहाई बहुमतले अविश्वासको मत प्रकट गरेमा त्यस्तो पदाधिकारी तथा सदस्य स्वतः पद मुक्त भएको मानिनेछ । तर कुनै पनि पदाधिकारी तथा सदस्यलाई आफूविरूद्धको अभियोगमा सफाइ दिनपाउने मनासिबमाफिकको मौकाबाट भने वञ्चित गरिने छैन ।

(३) केन्द्रीय कार्यसमिति, क्षेत्रीय समिति र जिल्ला कार्यसमितिको हकमा पनि अविश्वासको प्रस्तावको सम्बन्धमा यही प्रक्रिया अवलम्बन गरिनेछ ।

